BRITISH COUNCIL





# नेपालमा जलवायु परिवर्तन

---

# सार्वजनिक बहसमा महिला नेतृत्व र आवाज









# विषय सूची


**प्रस्तावना: शाहिदा म्याकडोगल** ... **५**

**भुमिका: जोसलिन टिम्पर्ले** ... **७**

**पृष्ठभूमी: सेवा भट्टराई** ... **९**

**अप्सरा समाल** ... **१३**

- व्यक्तिगत अनुभव ... १३
- मौसम पुर्वानुमान सूचना नहुँदा खेर गयो पाकेको धानबाली ... १३
- कप २६ मा नेपालका मुद्दा ... १६

**विद्या राई** ... **१८**

- व्यक्तिगत अनुभव ... १८
- बझाङका १४ हजार परिवारलाई चरम खाद्य संकट, महिला–बालबालिका बढी मारमा ... १८

**गगनशीला खड्का** ... **२१**

- व्यक्तिगत अनुभव ... २१
- वातावरणीय अध्ययन बिनाका सडकले जंगल सखाप ... २१

**कविता श्रेष्ठ** ... **२४**

- व्यक्तिगत अनुभव ... २४
- मनाङमा भीषण बाढी, जलवायु परिवर्तनको समाधान के? ... २४

**कृष्णमाया उपाध्याय** ... **२७**

- व्यक्तिगत अनुभव ... २७
- काली मार्सी फल्ने जुम्लाका फाँटमा स्याउ खेती ... २७
- कुलोको विकल्प हिउँ संकलन पोखरी ... ३०
- रैथाने बालीको संरक्षण गर्न गाउँ–गाउँमा बिउ बैंक ... ३२

**माधुरी महतो** ... **३६**

- व्यक्तिगत अनुभव ... ३६
- भयावह रूप लिँदै प्लाष्टिकको प्रयोग - तर जाने व्यवस्थापन गर्न सकिन्छ ... ३६
- खोलाकै धमिलो पानी पिउन बाध्य अमलेखगञ्ज ... ३९

**मरिसा लीना टेलर** ... **४२**

- व्यक्तिगत अनुभव ... ४२
- महोत्तरीमा नदीकिनारलाई खेतीयोग्य जमिनमा परिणत गरिँदै ... ४२
- सोलुखुम्बुमा आलु उत्पादनमा जलवायु परिवर्तनले असर गर्दै ... ४५

**निर्मला खडायत** ... **४७**

- व्यक्तिगत अनुभव ... ४७
- पानी बोक्दै सकिन्छ महिलाको आधा जीवन ... ४७

**निशा राई** ... **५०**
- व्यक्तिगत अनुभव ... ५०
- महिलाहरूलाई फोहोर व्यवस्थापनमा संलग्न गराउने उद्यमी ... ५०
- जलवायु परिवर्तनका असरप्रति उत्थानशीलताको वृद्धि गर्न रैथाने बाली ... ५३
- पहिरोले गाउँ बगाएपछि सरेको बस्ती ... ५५

**नितु घले** ... **५७**
- व्यक्तिगत अनुभव ... ५७
- गाउँ सुख्खा हुँदा लेबनानतिर ... ५७

**साबित्री गिरी** ... **६०**
- व्यक्तिगत अनुभव ... ६०
- पहिरोका कारण त्रासदीपूर्ण जीवन गुजार्दै फोप्लीका महिलाहरू ... ६०
- उजाड वन बन्यो हराभरा ... ६३

**सोनाम चोयकी लामा** ... **६५**
- व्यक्तिगत अनुभव ... ६५
- जलवायु परिवर्तनः नेपालको हिमालयमा विपत्ति ... ६५

**सोनाम लामा** ... **६८**
- व्यक्तिगत अनुभव ... ६८
- जलवायु संकटले नेपालमा बालविवाहमा वृद्धि ... ६८

**सुजाता कार्की** ... **७१**
- व्यक्तिगत अनुभव ... ७१
- जलवायु परिवर्तन र महामारीले घान्द्रुकको पर्यटनलाई मार ... ७१


**सुनिता साखकर्मी** ... **७४**
- व्यक्तिगत अनुभव ... ७४
- जलवायु परिवर्तनले बढ्दैछ आङ खस्ने समस्या ... ७४

**उर्मिला गम्वा थारू** ... **७७**
- व्यक्तिगत अनुभव ... ७७
- कसुँग्ना घाँससँगै हराउँदै थारू ढकिया ... ७७

**टेलिभिजन कार्यक्रम** ... **८०**
- श्रृंखला १ः जलवायु परिवर्तन, बाढी, र महिलामा तिनको असर ... ८१
- श्रृंखला २ः जलवायु परिवर्तन, कृषि र महिला किसानहरू ... ८३
- श्रृंखला ३ः जलवायु परिवर्तन र पर्यटन ... ८५
- श्रृंखला ४ः हरित पुनर्स्थापना ... ८७
- श्रृंखला ५ः जलवायु परिवर्तन, हिमताल र महिला ... ८९
- श्रृंखला ६ः कप २६ का लागि नेपालको तयारी ... ९१


**आभार** ... **९३**

# नेपालको नक्सा




| | |
|---|---|
| अप्सरा समाल | उदयपुर, प्रदेश नं. १ |
| विद्या राई | बझाङ, सुदूर पश्चिम प्रदेश |
| गंगाशिला खड्का | गुल्मी, लुम्बिनी प्रदेश |
| कविता श्रेष्ठ | मनाङ्ग, गण्डकी प्रदेश |
| कृष्णमाया उपाध्याय | जुम्ला, कर्णाली प्रदेश |
| माधुरी महतो | पर्सा र बारा जिल्लाहरू, प्रदेश नं. २ |
| मारिसा लीना टेलर | सोलुखुम्बु, प्रदेश नं. १, महोत्तरी, प्रदेश नं. २ |
| निर्मला खडायत | डोटी, सुदूर पश्चिम प्रदेश |
| निशा राई | कास्कि, गण्डकी प्रदेश, काठमाडौं र दोलखा, बागमती प्रदेश |
| नितु घले | काभ्रे, बागमती प्रदेश |
| साबित्री गिरी | प्युठान र दाङ जिल्लाहरू, लुम्बिनी प्रदेश |
| सोनाम चोयकी लामा | डोल्पा, कर्णाली प्रदेश |
| सोनाम लामा | बाजुरा, सुदूर पश्चिम प्रदेश |
| सुजाता कार्की | कास्कि, गण्डकी प्रदेश |
| सुनिता साखकर्मी | सिन्धुपाल्चोक, बागमती प्रदेश |
| उर्मिला गम्वा थारू | कंचनपुर, सुदूर पश्चिम प्रदेश |

यस कार्यक्रममा सहभागी पत्रकारहरूले देशभरका विभिन्न क्षेत्रबाट समाचार संकलन गरेका छन् । पुर्वको उदयपुरदेखि मध्य नेपालको काभ्रे, सिन्धुपाल्चोक, गुल्मी र कास्की, पश्चिम नेपालका दाङ, प्युठान, बझाङ, बाजुरा र डोटी, तराईको पर्सा, बारा र महोत्तरीदेखि हिमालको जुम्ला, डोल्पा, सोलुखुम्बु र मनाङसम्म पत्रकारहरू पुगेका थिए । सुगम देखि दुर्गम सबै ठाउँका यी प्रतिनिधि कथाहरू संकलन गरिएको स्थान यो नक्सामा अंकित गरिएका छन् ।


$CO_2$

# प्रस्तावना:
# शाहिदा म्याकडोगल



नेपाल जलवायु परिवर्तनका हानीकारक असरहरूको सबैभन्दा धेरै जोखिममा रहेका देशमध्ये पर्दछ । नेपालीहरूले कृषि उत्पादनमा कमी, खाद्य असुरक्षा, पानीको श्रोतमा कमी र वनविनाश लगायतका थुप्रै चुनौतीको सामना गरिसकेका छन् । जलवायु परिवर्तनले सबैलाई असर गर्छ, तर महिला र बालिका, त्यसमा पनि सेवा सुविधामा कम पहुँच भएका र समाजबाट सीमान्तीकृत महिला र बालिकामा बढि प्रभाव पर्छ । सामाजिक-साँस्कृतिक, ऐतिहासिक र आर्थिक अवरोध लगायतका कारणले यो असमानुपातिक प्रभावलाई अझ बढाउँछन् । महिलाहरूले जलवायु परिवर्तन विरूद्धको काममा सकृय रूपमा योगदान पनि दिइरहेका छन् र प्रयास पनि गरिरहेका छन्, तर उनीहरूका आवाज र दृष्टिकोण अझै पनि आम सञ्चार लगायतका सार्वजनिक बहसमा देखिएका छैनन् ।

कप २६ भन्दा अगाडि महिलाको अभिकर्तृत्वलाई सुदृढ बनाउन ब्रिटिश काउन्सिलले नेपाल सरकार र युकेका समावेशीता सम्बन्धी लक्ष्य पुरा गर्न सघाउन दुईवटा मञ्चको विकास गरेको थियो: एउटा - विभिन्न क्षेत्र अन्तर्गत जलवायु परिवर्तनमा काम गर्ने महिला नेताहरू सहभागी रहेको टेलिभिजन/रेडियो श्रृंखला, र अर्को - युवा पत्रकारहरूका लागि लैंगिकता र जलवायु परिवर्तन सम्बन्धी समाचार संकलन र लेखन गरेर व्यवसायिक विकास गर्ने अवसर ।

जलवायु संकटको खतराका बारेमा बताउनु महत्वपुर्ण छ, तर जलवायु प्रतिनिधित्व चुनौतीपुर्ण छ, जानकारी र तथ्यांकको खोजी गर्नु सजिलो छैन, र कथामा लैंगिकताको सन्तुलन राख्नु पनि छुट्टै काम हो । महिला नेतृत्व र योगदानमाथि अझ राम्रोसँग प्रकाश पार्नका लागि हाम्रो जलवायु नेतृत्वमा महिला नामक श्रृंखला नेपाल टेलिभिजन र कान्तिपुर रेडियोमा सन् २०२१

को सेप्टेम्बर-अक्टोबर महिनामा राष्ट्रिय रूपमा प्रसारण गरिएको थियो । यो श्रृंखलाले जलवायु परिवर्तन विरूद्धका काममा महिलाको उदाहरणीय भूमिकाका बारेमा सन्देश दिएको थियो ।

ब्रिटेन, नेपाली र अन्तर्राष्ट्रिय सञ्चार विज्ञ, र जलवायु विज्ञहरूसँग मिलेर हामीले नेपालका विभिन्न प्रदेशबाट आएका १६ जना पत्रकारलाई तालीम दियौँ । उदाउँदा व्यवसायीको यो समूहले आफुले रोजेको विषयमा काम गर्न सल्लाह र लेखनवृत्ती पाएका थिए । सन् २०२१ को सेप्टेम्बर र डिसेम्बर महिनाका बीचमा हाम्रा अनुदेयीले ३० भन्दा बढी लेख र टेलिभिजनमा वृत्तचित्र र रेडियो कार्यक्रम सहित घण्टौँको श्रव्य दृश्य सामग्री राष्ट्रिय र क्षेत्रीय सञ्चार माध्यममा प्रकाशन गरेका छन् । सामूहिक रूपमा यी सामग्रीले घटनास्थलबाटै महत्वपुर्ण कथाहरू प्रस्तुत गरेका छन् र ग्रामीण आवाजहरूलाई मञ्च दिँदै वास्तविक घटना र जलवायु परिवर्तन र लैंगिकताको सम्बन्धमाथि प्रकाश पारेका छन् ।

साँस्कृतिक सम्बन्ध सम्बन्धी सँस्थाका रूपमा हामीले आम सञ्चारमा गरिने प्रतिनिधित्वले प्रेरित गर्न सक्ने नतीजाको ठुलो सम्भावना र मूल्य देखेका छौँ । जलवायु परिवर्तन विरूद्धको प्रभावकारी काममा लैंगिक समानता अपरिहार्य अंश हो । हामीले सार्वजनिक वृत्तमा बलियो सञ्चार र दृष्टिकोण बदल्ने अभियान सहितको महिलाका कथाको बढ्दो उपस्थितिलाई निरन्तर सघाउने आशा राखेका छौँ ।

बेवास्ता गरिएका र सीमान्तीकृत आवाजहरूको प्रतिनिधित्व आफ्नो पत्रकारीतामा गरिरहने यी अद्भुत महिलाको सौजन्यमा बनेको यो संग्रहको विविधता र गहिराईको पाठकहरूले कदर गर्नुहुनेछ भन्ने हामीले आशा राखेका छौँ ।

# भुमिका:
# जोसलिन टिम्पर्ले



मैले जलवायु पत्रकारिता गर्दै जाँदा जलवायु परिवर्तन कसरी अरू ठुला ठुला मुद्दा सँग सम्बन्धित र व्याप्त छ भनेर प्रत्येक वर्ष अझ धेरै थाहा पाउँदै जान्छु । यसलाई सम्बोधन गर्नका लागि हाम्रा थुप्रै मान्यता र बुझाईहरूमाथि प्रश्न उठाउनु पर्ने र केहीलाई परिवर्तन गर्नुपर्ने हुन्छ ।

जलवायु परिवर्तन र लैंगिकताको सम्बन्ध पनि ती मध्येको एउटा पक्ष हो, र यस बारेमा आगामी वर्षहरूमा अझ बढी थाहा पाउने हामी अपेक्षा गर्न सक्छौँ । जलवायु परिवर्तनका विरूद्धमा उत्थानशीलता निर्माण गर्दै गर्दा प्रभावित समुदायलाई आफ्नो अनुभव बाँड्ने ठाउँ दिनु ठुलो प्राथमिकता हो । स्थानीय, सुसूचित र वैज्ञानिक ज्ञान भएका पत्रकारहरूले ती समुदायका कथा भन्नु पनि अर्को ठुलो प्राथमिकता हो ।

विश्वव्यापी मञ्चमा अरू देशका तुलनामा नेपालको हरितगृह ग्यास उत्सर्जन कम छ, तर नेपाल जलवायु परिवर्तनबाट धेरै प्रभावित देशमध्येमा पर्छ । बाढी, पानीको कमी, कृषिमा परिवर्तन लगायतका विभिन्न घटनाका कारण बदलिँदो जलवायुले धेरै मानिसलाई निकै प्रभाव पारिसकेको यस कार्यक्रम अन्तर्गत महिलाहरूले संकलन गरेका समाचारले देखाएका छन् ।


यो कार्यशाला र लेखनवृत्तीबाट महिलाहरूलाई लैंगिकता र जलवायु परिवर्तनसँग सम्बन्धित मुद्दामा समाचार संकलन गर्ने क्षमता अभिवृद्धि गर्न सघाउनु हाम्रो लक्ष्य थियो ।

विश्वव्यापी महामारीका बीचमा गहिराईमा समाचार संकलन गर्न सिकाउने कार्यशाला सञ्चालन गर्नु सानो कुरा थिएन । यो कार्यशाला अनलाइन नै सञ्चालन गर्नुपर्ने आवश्यकताले हामीलाई डिजिटल थकानबाट कसरी जोगिने र अर्थपुर्ण संलग्नता कसरी गराउने भन्ने बारेमा निकै सोच्नु पर्यो । तर त्यसले हामीलाई अवसरहरू पनि दियोः हामीले लामो समयको अन्तरालमा समेत सत्रहरू राख्न सक्यौँ, तालीम सानो सानो मात्रामा दिन सक्यौँ र थुप्रै महिनाको अवधीमा सहभागीहरूको सिकाईमा टेवा पुर्याउन सक्यौँ । सत्रहरूलाई सहभागी र अन्तर्कृयात्मक बनाउन हामीले निकै मेहनत गर्यौँ, र त्यसका लागि ब्रेकआउट रूम र गुगल स्लाइड जस्ता प्रविधिको प्रयोग गरेर व्यवाहारिक कार्यशाला सञ्चालन गर्यौँ । देशभरबाट आएका सहभागीले एकअर्कबाट पनि सिक्ने मौका पाउन् भनेर हामीले छलफलका लागि पनि पर्याप्त ठाउँ दियौँ । हामीले नेपाल र ब्रिटेनबाट विविध वक्ताहरूलाई समावेश गरायौँ, जसले पत्रकारहरूलाई आफ्नो भूमिकाका बारेमा सोच्ने चुनौती दिए । उनीहरूले सामुदायिक रेडियोदेखि भिडियो सम्पादन, जलवायु जन्य विपद र खोज पत्रकारितासम्मका बारेमा तालिम र अन्तर्दृष्टि दिए ।

हामीले सबै सहभागीलाई दिएको लेखनवृत्तीले उनीहरूलाई यी नयाँ सीपको अभ्यास गर्ने मौका दियो । उनीहरूले नेपालका कुनाकुनाबाट नसुनिएका कथाहरूका बारेमा समाचार संकलन गरे । हामीले सबै सहभागीका लागि एकल सल्लाह सत्र पनि राख्यौँ । त्यो सत्रले हामीलाई प्रत्येक पत्रकारको कामलाई व्यक्तिगत रूपमा सघाउने मौका दियो र पत्रकारहरूलाई पनि आफ्नो पेशा र बृहत्तर लक्ष्यका बारेमा सोच्ने मौका दियो ।


सहभागीहरूले दिएको प्रतिकृयाले के बताउँछ भने उनीहरूमध्ये थुप्रैले यो कार्यक्रमलाई आफ्नो पेशामा, र खासगरी जलवायु परिवर्तन र यसले महिलालाई कसरी फरक रूपमा असर गर्छ भन्ने विषयको बुझाईमा, एउटा नयाँ मोडका रूपमा लिएका छन् । सबै सहभागीले जलवायु परवर्तन र महिलाका बारेमा समाचार लेखिरहने बताएका छन् । संसारलाई यी कथाको आवश्यकता छ, र यी महिलाले नै ती कथा भन्नु पर्छ । उनीहरूको महत्वपुर्ण काममा सघाउनमा सानो भूमिका खेल्न पाएकोमा म आफुलाई भाग्यमानी ठान्छु ।

# पृष्ठभूमी:
# सेवा भट्टराई



नेपालका १६ महिला पत्रकारका समाचार सम्मिलित यो सङ्ग्रह ब्रिटिश काउन्सिल नेपालले प्रदान गरेको लेखनवृत्तिको परिणाम हो । एक अध्ययनले नेपालको सञ्चार क्षेत्रमा यस्ता समाचारहरूको कमी औंल्याएपछि यो लेखनवृत्ति प्रदान गरिएको हो । सन् २०२१ मा राष्ट्रसङ्घीय जलवायु सम्मेलन (कप २६) को पूर्वसन्ध्यामा ब्रिटिश काउन्सिल नेपालले विदेश, कमनवेल्थ तथा विकास कार्यालय नेपाल (एफसिडिओ) को सहयोगमा "रोड टु कप २६" अभियानको सिर्जना गर्‍यो, जसले विभिन्न गतिविधिहरू सञ्चालन गरेर नेपाललाई जलवायु सम्बन्धी वार्तामा आफ्नो आवाज बुलन्द पार्न सहयोग गर्‍यो । मैले नेपालको सञ्चारक्षेत्रमा जलवायु र लैंगिकताको प्रतिच्छेदन पत्ता लगाउन २०२० मा सम्पन्न गरेको शोध ती मध्येको एउटा गतिविधि थियो ।

यो शोधले जलवायु परिवर्तन सम्बन्धी समाचारहरू प्रायस: यो मुद्दासँग सम्बन्धित उच्चस्तरीय घटना भएमा छापिने पत्ता लगायो । जस्तै, राष्ट्रपति वा प्रधानमन्त्रीद्वारा जारी गरिने सार्वजनिक वक्तव्य, यो क्षेत्रमा कार्यरत चर्चित संस्थाहरूद्वारा प्रकाशित गरिने प्रतिवेदन, वा कप २६ जस्ता उच्चस्तरिय कार्यक्रमहरूले सञ्चारमाध्यममा समाचारको बाढी ल्याँउछन्, तर नेपालका मानिसहरूको जीवनमा जलवायु परिवर्तनको प्रभाव बारे बिरलै समाचार बन्छ । सगरमाथा वा हिमालयले अन्तर्राष्ट्रिय चासो बढाउँछन्, तर त्यो बाहेक यो विषयमा चासो शुन्य हुन्छ । अरू बेला जलवायु परिवर्तनका पदावलीहरू सञ्चारमा बिरलै सुनिन्छन् । जलवायु परिवर्तनका असर, विशेषगरी बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपका बारेमा समाचार बन्छन्, तर धेरैजसो यी घटनालाई स्पष्ट रूपमा जलवायु परिवर्तनसँग जोडिंदैन । नेपाल जलवायु परिवर्तनका प्रतिकूल असरबाट उच्च जोखिममा रहेको देश भएको ध्यानमा राख्दा समाचारको स्थिति दु:खलाग्दो थियो । जलवायु सम्बन्धी उच्चस्तरीय वार्ताहरूमा नेपालका सबैभन्दा प्रभावित मानिसहरूका



बाजुरा जिल्लाको मुक्तिकोट स्थित दलित बस्ती *तस्विर: सोनाम लामा*

आवाजहरूलाई कम ध्यान दिइनुका एउटा कारण उनीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चार जगतमा नै कम स्थान दिइनु पनि हो ।

शोधले सञ्चारको भाषाले पनि निर्णायक भूमिका खेल्ने पत्ता लगायो: अङ्ग्रेजी भाषाका सञ्चार माध्यमहरूमा जलवायु परिवर्तनको प्राविधिक जानकारी सहितको विस्तृत समाचार प्रकाशित हुन्थे भने नेपालीभाषी सञ्चार माध्यममा कम प्राविधिक जानकारी र व्याख्या पाइयो । त्यसैले अनुकूलन र न्यूनीकरण जस्ता शब्दहरू नेपाली सञ्चारका उपभोगकर्ताहरूले प्राय: बुझ्दैनन् । थुप्रै शोधहरूले तुलनात्मक रूपमा जलवायु परिवर्तनबाट महिलाहरू बढी प्रभावित भएको पत्ता लगाए पनि सञ्चार जगतमा यो मुद्दा धेरै उठाइँदैन । त्यसैगरी, यो विषयका लेखकहरू, विशेषगरी मूलधारे नेपालीभाषी सञ्चार माध्यमहरूमा प्रायस: पुरूष छन् ।

नेपालको सञ्चार क्षेत्रले जलवायु परिवर्तन र लैंगिक मुद्दाहरूलाई दिने स्थानबारे गरिएको यो शोधबाट प्राप्त यो अन्तर्दृष्टिले नेपाली भाषामा लेखिएका र जलवायु परिवर्तनबारे जानकारी समावेश गरेका विस्तृत समाचारहरूको आवश्यकता टड्कारो रूपमा देखाया । सन् २०२१ मा १६ महिला पत्रकारलाई दिइएको लेखनवृत्तिले त्यो आवश्यकता केहि हदसम्म पुरा गर्ने र देशभरिका महिला पत्रकारको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो ।

लेखनवृत्तिले विविध जनजाति र समुदायका र तराईको वीरगञ्ज देखि हिमाली क्षेत्रका जुम्ला र डोल्पा सम्मका विविध महिला पत्रकारहरूलाई समावेश गर्न सफल भयो । लेखनवृत्तिले पत्रकारहरूलाई थुप्रै क्षमता अभिवृद्धिका

अवसरहरू पनि प्रदान गर्‍यो । सन् २०२१ को जुलाईमा ब्रिटिश काउन्सिल नेपालले वातावरण पत्रकार जोसलिन टिम्पर्लेद्वारा सहजीकरण गरिएको पाँच हप्ते कार्यशाला सञ्चालन गर्‍यो । राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञहरूले कार्यशालालाई सूचित गरे, र पाँचजना पत्रकारका लागि प्रेस भ्रमणको आयोजना गरियो । पोडकास्ट र टेलिभिजन श्रृंखलामा वक्ताका रूपमा संलग्नता, जलवायुका लागि नेपाली युवाहरूको सञ्जाल (एनवाइसिए) सँगको छलफल सत्रका साथै पत्रकारहरूलाई युथ क्लाइमेट क्याफे र अन्य अवसरहरूमा जनसम्पर्क विस्तारका अवसर पनि उपलब्ध भए । जलवायु परिवर्तन र लैंगिकताको प्रतिच्छेदन सम्बन्धी मल्टीमिडिया सामग्री र मौलिक समाचारहरू उत्पादन गर्नका लागि पत्रकारलाई रूपैयाँ २२०,००० सम्मको अनुदान प्रदान गरियो । तीनजना पत्रकारका ब्लग मेयरहरूको विश्वव्यापी संसद (ग्लोबल पार्लियामेन्ट अफ मेयर्स) मा प्रकाशित भयो ।

पत्रकारहरूले अङ्ग्रेजी र नेपाली भाषामा पत्रपत्रिका र रेडियो देखि टेलिभिजनसम्म विविध माध्यममा काम गरे । यसको परिणाम स्वरूप तयार भएका समाचारहरूले जलवायु परिवर्तनले नेपालका महिलाहरूमा पारेको प्रभावका विविध पाटाहरू समेटेका छन् खाद्य असुरक्षा, बालीचक्रमा परिवर्तन, रैथाने बालीको विस्थापन, पानीका सुक्दा मूलहरू, आदि । यी समाचारहरूले जलवायु परिवर्तनका कारण उत्पन्न प्रकोपहरू विरूद्ध अग्रपंक्तिमा लडिरहेका महिलाहरूको अवस्थामा प्रकाश पार्छन्ः पानी पर्दाखेरि कुलो खन्न राति उठ्ने महिलादेखि खानेपानीका लागि रातभरी आफ्नो पालो कुर्ने महिलासम्म ।

यी समाचारहरूले एउटा जीवन्त चित्र कोर्छन् पानीको मूल सँगसँगै जीविकोपार्जन सुकेपछि बसाइँ सर्न बाध्य महिलाहरूको, कम्मरमा गाग्री उचाल्न बल गर्दा आङ खसेको चाल पाउने महिलाहरूको, र खडेरीले प्रभावित परिवारले खुवाउनु नपरोस् भनेर छिटै बिहे गरिदिने बालिकाहरूको । एकसाथ, यी समाचारहरूले अनियमित वर्षा, खडेरी, बाढी, पानीका सुकेका श्रोत र अन्य प्रकोपजस्ता जलवायु परिवर्तनका असरहरूले नेपालका महिलाहरूको दैनिक जनजीवनमा पारेको प्रभावको एउटा चित्र कोर्छन् । यी समाचारहरूको संकलन सहानुभूतिका साथ, तर सबै आवश्यक लगनशीलता र प्रमाणित तथ्यांकका साथ गरिएको छ । तथ्यांक अनुपलब्ध भएको खण्डमा जलवायु परिवर्तनको अभिलेख राख्न ऐतिहासिक प्राक्कथनहरूलाई उद्धृत गरिएको छ ।

यी समाचारहरूले नेपालका मानिसहरू कसरी आफ्नै तरिकाले जलवायु परिवर्तनसँग अनुकूलित हुँदैछन् भन्ने पनि खाका कोर्छन् एउटा क्षेत्रमा चर्चित मार्सी धानको साटो स्याउ रोपेर होस्, वा अर्को स्थानमा स्याउको सट्टा किवी उमारेर होस्, वा बाढीको रोकथामका लागि जैविक तटबन्धनको निर्माण गरेर होस् । यी समाचारहरूले हामीलाई नेपालले जलवायु परिवर्तन अनुकुलनका लागि गर्न बाँकी कति धेरै छ, र अहिलेका प्रयासहरू कति अपर्याप्त छन् भनेर पनि बताउँछन् ।

रोड टु कप २६ कै अन्तर्गत ब्रिटिश काउन्सिल नेपालले जलवायु परिवर्तनका विभिन्न मुद्दामा केन्द्रित रहेर एउटा टेलिभिजन श्रृंखला निर्माण गरेको थियो, जुन सन् २०२१ सेप्टेम्बर-अक्टोबरमा नेपाल टेलिभिजन र रेडियो कान्तिपुरबाट प्रसारण गरिएको थियो । यो टेलिभिजन श्रृंखलाको सार संक्षेप पनि यस संग्रहमा संकलित छ ।

जलवायु परिवर्तन हाम्रो समयको सबैभन्दा गम्भीर मुद्दा भएको कारण यस्ता समाचारहरूको नित्य सञ्चार हुनु अत्यावश्यक छ, किनभने समस्याको स्तर र विविधताको पहिचान गरेपछि मात्र हामीले त्यसलाई सही रूपमा



भिरालो भूभाग पार गर्दै घर फर्कंदै मानिसहरु, मुक्तिकोट *तस्विर: सोनाम लामा*

सम्बोधन गर्नसक्ने आशा राख्न सक्छौँ । सञ्चारमाध्यमले समावेश गर्नु भनेको यी मुद्दाहरूको उठान गर्ने, सरकार, विज्ञ र अभियन्ताहरूको ध्यानाकर्षित गर्ने, र अन्ततः मानिसहरूको जीवनस्तर वृद्धिका लागि सरकारी नीतिनियममा प्रभाव पार्ने एउटा तरिका हो । नेपालमा जलवायु परिवर्तनका शिकार भएका व्यक्तिहरूलाई ज्यादै कम राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिहरूले सम्बोधन गर्छन्, र यी समाचारहरू उनीहरूको दुर्दशातर्फ ध्यानाकर्षित गर्ने एउटा माध्यम हुन् ।

यो संग्रह नेपालमा जलवायु परिवर्तनको असरको विभिन्न असमानुपातिक प्रभाव खेपिरहेका नेपालका महिलाहरूलाई उजागर गर्ने एउटा कदम हो । संग्रहमा १६ महिला पत्रकारहरूका समाचारहरूका साथै यो अनुभवका बारेमा उनीहरूको व्यक्तिगत दृष्टिकोण पनि समेटिएको छ । यी निबन्धहरू विद्यार्थी, शोधकर्ता, नागरिक समाज, संस्था, सरकार र नीति निर्माणकर्ता, तथा नेपालमा जलवायु परिवर्तनका मुद्दा र गतिविधि बुझ्न चाहने सम्पूर्णका लागि उपयोगी श्रोत हुनेछन् ।

## व्यक्तिगत अनुभव

उदयपुरको त्रियुगा नगरपालीकामा जलवायु परिवर्तनले महिलाहरूलाई पारेको चरम असर र असरसँग कसरी अनुकुलित भएर बसिरहेका छन् भन्ने कथालाई समेटेर मैले ६ श्रृंखलाको रेडियो कार्यक्रम बनाएँ। यो कार्यक्रमबाट मैले स्थानीय महिलाहरूलाई जलवायु परिवर्तनको असरबारे जानकारी दिने अवसर पाएँ । रेडियो कार्यक्रममा मैले कप २६ मा भाग लिन गएका नेपाली प्रतिनिधिहरूसँग पनि कुराकानी गरेकी थिएँ, जसबाट जलवायु परिवर्तन सम्बन्धि सम्मेलन कप २६ को विषयमा नागरिकहरू जानकार बनेका छन् । जलवायु परिवर्तनले महिलाहरू बढि प्रभावित हुन्छन् भन्ने विषयमा यो कार्यक्रमले स्थानीय तह, समुदाय र संघ संस्थाहरूलाई पनि जानकारी दिएको छ । यस्तो जानकारीले श्रोतसाधन माथि महिलाको समान पहुँचलाई प्रवर्द्धन गर्न सहयोग गर्नेछ भन्ने आशा राखेकी छु ।



अप्सरा समाल

# मौसम पुर्वानुमान सूचना नहुँदा खेर गयो पाकेको धानबाली

उदयपुर – त्रियुगामा बैरागी खोलाको छेउमा बस्ने माया सार्की असोजको एक रात अचानक आत्तिएर उठिन् । "एक्कासी सुतिराखेको बेलामा पानी आयो । बिउँझिँदा पानीले खाट भेटिसकेको रहेछ । अतात्लिएर बाहिर निस्किँदा बाढीले बरण्डा पनि लगिसकेको देखेँ । हामी भागेर अलि पर गयौँ । फर्केर आउँदा बाढीले घर लगिसकेको थियो । सबै सामान बालुवाले पुरेको थियो, केही निकाल्न पाइएन," सार्की भन्छिन् ।

बैरागी खोलामा यस्तो बाढी पहिले कहिल्यै नदेखेको स्थानीयवासी बताउँछन् । "यो खोला पहिले वर्षभरी बग्थ्यो । यसैले धान खेती सिँचाई गर्थ्यौं । अहिले वर्षभरी खोला सुक्छ, बर्खामा चाहिँ बाढी आउँछ," स्थानीयवासी चण्डीमाया नेपाली भन्छिन् ।

विश्वभर यस्ता अप्रत्याशित मौसमी घटना बढिरहेका छन् । जलवायु परिवर्तनले यस्तो भइरहेको विज्ञहरू बताउँछन् । "खनिज ईन्धनको धेरै प्रयोग गर्नाले वातावरणमा धेरै हरितगृह ग्यास उत्सर्जन भयो, त्यसकारणले पृथ्वीको तापक्रम बढेर यस्ता घटना भइरहेका छन्," कृषि अर्थविद दया बज्राचार्य भन्छन् । "यसले सम्पूर्ण प्राणी जगतलाई असर गर्छ ।"

जलवायु परिवर्तनले निम्त्याएका विपदले नेपालमा धेरै असर गरिरहेका छन् । यस वर्ष असोज महिनामा अचानक दुईपटक भएको भारी वर्षाले थुप्रै किसानको पाकेको धानबाली नष्ट गरेको थियो । त्रियुगाकै कृषकहरू केशव अधिकारी र कृष्ण बहादुर रम्तेल भन्छन्, "धान पाकेर खेतमा ठिक्क भएको थियो । दशैं लागेर अगाडि धान काटिएन, सबै पानीले



डुबायो । काटेको धान पनि भित्र्याउन नपाएको हुनाले सबै खेर गयो ।"

त्यसमाथि पनि महिलालाई यस्ता विपत्तीले थप असर गरेको देखिन्छ । "घरमा काम गर्ने मान्छे म मात्रै छु । घर बनाउँदा पनि ठुला खाँबा हाल्न सकिन । छोरीमान्छेले एक्लै बनाएको घर भएर होला । दह्रो भएन र बाढीले लग्यो," माया सार्की भन्छिन् । आँखा नदेख्ने श्रीमान र अपांगता भएका छोरा सहित ६ वर्षे छोरीलाई बनिबुतो गरेर पालनपोषण गर्ने जिम्मा फेरी पनि उनी एक्लैको छ ।

"महिला तथा अरू सीमान्तीकृत समुदायले पहिला थोरै समय र मेहनत खर्च गर्नु पर्ने कामहरूमा अहिले धेरै समय र मेहनत दिनु पर्ने हुनाले उनीहरू बढी पीडित छन्,"

**"खनिज ईन्धनको धेरै प्रयोग गर्नाले वातावरणमा धेरै हरितगृह ग्यास उत्सर्जन भयो, त्यसकारणले पृथ्वीको तापक्रम बढेर यस्ता घटना भइरहेका छन्,"**

वन तथा वातावरण मन्त्रालयकी सहसचिव राधा वाग्ले पुष्टि गर्छिन् । "उदाहरणका लागि, जलवायु परिवर्तनका कारणले पानीको मूल सुक्दा उनीहरूले पानी लिन पहिलेभन्दा टाढा जानुपर्ने भएको छ ।"

नेपालका विभिन्न स्थानीय तहले आफ्नै किसिमले यस्ता विपदको व्यवस्थापन गर्न थालेका छन् । "हामीले विपद कोष भनेर ३-४ लाख जम्मा गरिसकेका छौं । बाढिपछि मानिसहरूलाई त्रिपाल लगायतका उद्धार सामग्री बाँड्यौं," वडा २ का वडाध्यक्ष घमान सिंह खत्री भन्छन् ।

तर विपदको लगत्तै दिइने यस्ता राहतले मात्र कृषकहरूलाई जीवनयापन गर्न पुग्दैन । विपत्तीहरू बढिरहँदा किसानले दिगो तरीकाले जीवनयापन कसरी गर्ने भन्ने



प्रश्न उठिरहेका छन् । जलवायु परिवर्तनसँग जुध्ने दुई तरीका छन् न्यूनीकरण अर्थात जलवायु परिवर्तनका कारक तत्व घटाउने र अनुकूलन अर्थात जलवायु परिवर्तनको असर कम गर्ने । "जलवायु परिवर्तन न्यूनीकरणका लागि खनिज ईन्धन कम चलाउने र वृक्षरोपण गर्ने गर्नुपर्छ । हाम्रो जस्तो देशमा अनुकूलन अझ बढी महत्वपुर्ण छ । किसानहरूले जलवायु परिवर्तनसँग उत्थानशील हुने बाली, अर्थात् विभिन्न मौसमी अवस्था सहन सक्ने बाली लगाउनु एकदम महत्वपुर्ण हुन्छ," दया बज्राचार्य भन्छन् ।

> **"यो खोला पहिले वर्षभरी बग्थ्यो । यसैले धान खेती सिँचाई गर्थ्यौं । अहिले वर्षभरी खोला सुक्छ, बर्खामा चाहिँ बाढी आउँछ,"**

यसको असर सबैभन्दा बढि दुर्गम क्षेत्रका महिलाहरूलाई पर्न जान्छ, किनकि उनिहरूमा जलवायु परिवर्तन सम्बन्धि जानकारी, स्रोतसाधन र अनुकूलन सबैको पहुँच र क्षमता कम हुन्छ ।

https://fb.watch/asGSpMAN33/

मौसम पुर्वानुमान सम्बन्धी जानकारी पनि नहुँदा यस वर्षको बाढीले बढी क्षति गरेको संयुक्त राष्ट्रसंघको खानेकुरा तथा कृषि सम्बन्धी निकाय एफएओका जलवायु विज्ञ कृष्णप्रसाद पन्त बताउँछन् । "नेपालसँग तीन दिनसम्मको मौसम पुर्वानुमान गर्न सक्ने प्रविधि छ । यस वर्षको भारी वर्षाको अनुमान गरिएको थियो, तर किसानहरूलाई त्यो सूचना पुर्याउन सकिएन । यदि पुर्याउन सकेको भए उनीहरूले पाकेको धान काट्ने र भित्र्याउने गर्थे र त्यति धेरै नोक्सान हुँदैनथ्यो । त्यसैले अब हामी मौसम पुर्वानुमानको जानकारी किसानहरू समक्ष पुर्याउने र ती जानकारी उनीहरूले बुझ्नका लागि उनीहरूको क्षमता बढाउनका लागि काम गर्नु पर्छ," पन्त भन्छन् ।

https://fb.watch/asGTU6Ds_E/

# कप २६ मा नेपालका मुद्दा

जलवायु परिवतर्न मूलतः खनिज ईन्धनको प्रयोगले भएको विज्ञहरू बताउँछन्, जसमा नेपालको न्यून योगदान छ । तर पनि नेपालले यसको धेरै नकारात्मक असर भोगिरहेको छ । जलवायु परिवर्तन मूलतः विकसित राष्ट्रहरूले गरेको औद्योगिकरणका कारण भएकाले यसको सम्बोधन गर्नका लागि विकसित देशहरूलाई नै दवाव दिनुपर्ने नेपाली विज्ञहरूको विचार छ । यसका लागि कप नामक अन्तर्राष्ट्रिय सम्मेलन उपयुक्त मञ्च हो । सन् १९९५ देखि प्रत्येक वर्ष भइरहेको यो पक्ष राष्ट्रहरूको सम्मेलनमा १९७ राष्ट्रका प्रतिनिधि भेटेर जलवायु परिवर्तनलाई विश्वव्यापी रूपमा र प्रत्येक देशले कसरी सम्बोधन गर्ने भनेर छलफल गर्छन् । सन् २०२१ को नोभेम्बरमा स्कटलण्डको ग्लास्गोमा भएको पक्ष राष्ट्रहरूको यो सम्मलेनका लागि नेपालले पनि विस्तृत तयारी गरेको छ ।




"नेपाल जस्ता देशले आफ्ना कुरा राख्नका लागि कप एउटा महत्वपुर्ण मञ्च हो । नेपालले आफ्नो अनुकूलन योजना बनाएको छ, जसलाई लागु गर्न ठुलो बजेटको आवश्यकता छ । त्यो पाउनुपर्छ र हामीलाई प्रविधिमा पनि सहयोग चाहिन्छ भन्ने हाम्रो माग रहनेछ । साथै नेपाल जस्ता देशले जलवायु परिवर्तनबाट धनजनको ठुलो क्षति व्यहोरिरहेका छन् । यस्ता क्षतिको सम्बोधन गर्नका लागि छुट्टै संयन्त्र हुनुपर्छ," तयारीको नेतृत्व गरिरहेकी वन तथा वातावरण मन्त्रालयकी सहसचिव राधा वाग्ले भन्छिन् ।


तर नेपालले माग गरेको सहयोग र रकम पाउन त्यति सजिलो छैन । कप २६ मा भाग लिन गएका वातावरणविद राजु पण्डितले त्यहाँ भइरहेका गतिविधिका बारेमा जानकारी दिएका छन् । "बढिरहेको तापक्रमलाई सीमित गर्नका लागि कार्बन उत्सर्जन कसरी कम गर्ने भन्ने बारेमा कुराकानी भइरहेको छ, तर सहमति भइसकेको छैन । त्यस्तै, विकसित मलुकहरूले हाम्रो जस्तो विकासशील मुलुकहरूलाई जुन रकम दिने भनेका थिए, त्यसमा प्रतिबद्धता देखाउन आनाकानी गरिरहेका छन् ।"

कपमा सन् २०३० सम्ममा हरितगृह ग्यासको उत्सर्जन ४५% मा घटाउनका लागि सबै देशले प्रतिबद्धता जनाउनु पर्छ भन्ने विकासशील राष्ट्रहरूको अडान छ, तर कपको घोषणापत्रको मस्यौदामा त्यो माग पुरा भएको देखिँदैन । साथै, नेपाल जस्तो देशमा ग्रामीण क्षेत्रका महिला यसबाट बढी प्रभावित हुने हुनाले उनीहरूका मुद्दा पनि नेपालको प्राथमिकता हो । "महिलामाथि जलवायु परिवर्तनले असमानुपातिक असर पार्छ भन्ने भन्ने कुरालाई ध्यानमा राखेर यसबारेमा बहस भइरहेको छ । तर यो विषयलाई जति केन्द्रमा राखिनुपर्ने हो, त्यति राखिएको छैन," पण्डित भन्छन् ।

जनसंख्याको ठुलो हिस्सा आदिवासी जनजाति भएको नेपालमा जलवायु परिवर्तनले आदिवासी समुदायमा पारेको असरका बारेमा पनि चासो रहेको छ । "आदिवासी समुदायहरूको जल, जंगल र जमीनसँग नजीकको सम्बन्ध हुने हुनाले जलवायुमा आएको असन्तुलनले उनीहरूको आर्थिक, सामाजिक, साँस्कृतिक भावनामा विचलन ल्याउँछ," कपमा भाग लिन गएका टुंगभद्र राई भन्छन् । "र यो कुरा विश्वभरका आदिवासी समुदायमा देखिन्छ ।"

आदिवासी समुदायका यस्ता सामुहिक भोगाई नीति निर्मातालाई थाहा नहुन सक्ने हुनाले यस्ता मञ्चमा यो सम्बन्ध उजागर गर्नु आवश्यक रहेको नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन परियोजनाको राष्ट्रिय संयोजक राई बताउँछन् । कप २६ हुनुभन्दा अगाडि नै जंगल तथा भूउपयोगका बारेमा एउटा घोषणापत्र सार्वजनिक भइसकेको छ, तर त्यसको कार्यान्वयन कस्तो हुने हो भन्ने बारेमा राई ढुक्क छैन । "विश्वमै आधुनिक विकास निर्माण हुँदा आदिवासीहरूका जल, जंगल र जमीन खोसिएका छन् । नेपालमा पनि जलविद्युत लगायतका परियोजनाको निर्माणमा राज्य संयन्त्रबाट आदिवासीका जमीन खोसिएका छन् । त्यसैले यस्तो घोषणापत्रले आदिवासीहरूका मुद्दा कसरी सम्बोधन गरेका छन् भन्ने प्रश्न उठ्छ । राम्रोसँग कार्यान्वयन भयो भने राम्रो पनि हुन सक्छ । नत्र आदिवासीहरूलाई नकारात्मक असर पर्न सक्छ," राईको निष्कर्श छ ।

आदिवासीहरूका यस्ता अनुभवका बारेमा धनी देशहरू बढी सचेत भएर आदिवासीहरूलाई स्वायत्तता र सहभागिताको अधिकार सुनिश्चित गर्न थालेका छन् भने नेपालमा अझै त्यो अवस्था छैन । सन् २०१५ को कपमा भएको पेरिस सम्झौतामा भने आदिवासी ज्ञान र सीपको कुरा समावेश भइसकेको छ । यसलाई कार्यान्वयन गर्ने खाका बनाउने छलफलका क्रममा आदिवासीहरूको अधिकार पनि समावेश गरिनुपर्ने माग उठेको राई बताउँछन् ।



https://fb.watch/asGNGri9Ip/

https://fb.watch/asGr2vzdDT/

https://fb.watch/asGCZgbS-B/

## व्यक्तिगत अनुभव

०७६ सालमा म बझाङ पुग्दा वादी, हलिया बस्तीहरू पहिरोले लगेको, महिला तथा बालबालिकालाई समस्या भैरहेको, पुरूषहरू भारतमा मजदुरी गर्न जानुपरेको देखेकी थिएँ । यो कार्यशालामा तालिम लिएपछि ती विषयमा समाचार बनाउन सिकेँ । राजनीतिक मुद्दाले गर्दा ओझेलमा परिरहेका सवालहरूलाई उठान गर्न सिकेँ । जलवायु परिवर्तनका वैज्ञानिक आयामलाई लैगिंकतासँग जोड्न सिकेँ । म आफैँ पनि जलवायु परिवर्तनको भुक्तभोगी रहेछु भन्ने कुरा थाहा पाएँ । कोभिड र बाढीपहिरोका कारण स्थलगत समाचार संकलनमा चुनौती थियो । मैले ब्रिटिश काउन्सिलकै अनुमतिमा बझाङका पत्रकार वसन्तप्रताप सिंहको सहयोग लिएँ । अध्ययन प्रतिवेदन र स्रोत व्यक्तिहरूसँगको पहुँचका लागि विभिन्न आयोग, मन्त्रालय र संघसंस्थासँग समन्वय गरेँ । यो लेखन वृत्तीमा काम गरेर जनसम्पर्क पनि विस्तार भएको छ ।



**विद्या राई**

# बझाङका १४ हजार परिवारलाई चरम खाद्य संकट, महिला–बालबालिका बढी मारमा

बझाङ – थलारा गाउँपालिका पाराकाट्नेकी देवकी बिकको खेतमा धान, गहुँ, गहत, मास, केराउ, मसुरो लहलह फल्थ्यो । करेसाबारी मौसम अनुसारका सागसब्जीले हराभरा हुन्थे । परिवारलाई आफ्नै उत्पादनले खान समस्या थिएन । केही वर्षयता लगातार खडेरी परेपछि बारीको उब्जनी घट्दै आयो ।

“दाल, चामल, तरकारी सबै किनेरै खानुपर्ने अवस्था छ,” बिकले भनिन् । अचेल उनी कृषिको सट्टा सडक खन्ने, ढुंगा, गिटी, बालुवा बोक्ने ज्यालादारी काम गर्छिन् । खानकै दुःखले उनका पति भारतमा मजदुरी गर्न थालेको १० बर्ष भयो ।

३३ वर्षीया बिकको पिठ्युँ, कम्मर दुख्छ, हातखुट्टा सुन्निन्छन्, आँखा तिर्मिराउँछ । सुत्केरी हुँदा खाना र स्याहार नपुगेकोले यस्तो भएको भन्दै स्वास्थ्यकर्मीले उनलाई तरकारी, फलफुल खान सुझाए । तर बिकको बारीमा ती कुरा उब्जिँदैनन् ।

गाउँका करिब १५० परिवारको पाँच सय रोपनीभन्दा बढी जग्गामा हिउँदमा खेती हुन छाडेको १५ वर्षभन्दा बढी भयो । “२०५० सालसम्म पनि फाँटमा मान्छे डुबाउने हिउँ पर्थ्यो,” ७० वर्षीया रेलकला सिंहले भनिन् । हिउँ पर्न छोडे पछि यसको सोझो असर खेतीपातीमा परेको छ ।

कृषि ज्ञान केन्द्र बझाङका प्रमुख टेकबहादुर बिष्टका अनुसार यो बर्ष खडेरीका कारण १४ हजार परिवार चरम खाद्य संकटमा छन् । १५ हजार हेक्टर मध्ये करीब ६ हजार हेक्टरको उत्पादन शून्य छ ।



गत वर्ष पनि जिल्लाको खाद्यान्नले नपुगेर ७ हजार मेट्रिक टन आयात गर्नु परेको थियो ।

"कृषिमा निर्भर देशमा खाद्यसंकटमा जलवायु परिर्वतनको महत्वपूर्ण भूमिका रहन्छ," वन तथा वातावरण मन्त्रालयकी जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख राधा वाग्ले भन्छिन्, "वर्षात हुने चक्र फेरिँदा परिवर्तित मौसमसँग अनुकूलन गर्न सक्दैनौं ।"

> "२०५० सालसम्म पनि फाँटमा मान्छे डुबाउने हिउँ पर्थ्यो,"

बझाङमा खडेरी मात्र होइन, बाढी पहिरो र असिनाले पनि दुःख दिने गरेका छन् । पोहोर बैशाखमा एक्कासी ठूलो असिना परेर गहुँ, जौ, मुसुरो, स्याउ, नास्पाती, आँप, आरू लगायतका बालीमा ठुलो क्षति पुग्यो । बालिनालीमा रोग र किराको प्रकोप पनि बढ्दै गएको छ । "हुर्किएको खुर्सानी अचानक ओइलिएर मर्छ । माटो खनेर हेर्दा कालो किरा भेटिन्छ । विषादीले पनि नियन्त्रण भएन । हामीले खुर्सानी लगाउनै छोडेको १० वर्ष भइसक्यो," वित्थडचिर गाउँपालिकाकी मनसरा खडायतले बताइन् । जलवायु परिवर्तनले रैथाने बालीनाली हराउँदै जान्छन्, नेपालमै पनि ५०%भन्दा बढी रैथाने जातका बाली नाश भइसकेको नार्कको आँकलन छ ।

"खेतीपातीमा निर्भर हुने महिला, सीमान्तकृत समुदायलाई यसले बढी असर पार्छ । उनीहरूको जमिनमाथिको पहुँच कम हुन्छ । खोलाको छेउ, भिरालो, अप्ठेरो ठाउँमा खेत हुन्छ," कृषि तथा खाद्य सुरक्षा अनुसन्धानकर्ता सुजाता तामाङ बताउँछिन् ।

संयुक्त राष्ट्र सङ्घीय बालकोषको "विश्वका बालबालिकाको अवस्था २०१९" ले खडेरीका कारण कृषिमा ८०% क्षति पुग्ने र यसले खानेकुराको मात्रा, गुणस्तर र मुल्यमा प्रभाव पार्ने बताएको

छ। "सबैभन्दा गरिब परिवारका ५ मध्ये १ ले मात्र पर्याप्त खाना पाउँछन्" प्रतिवेदनमा भनिएको छ । २०२० अक्टोबरको विश्व भोकमरी प्रतिवेदनमा १०७ देशमध्ये नेपाल १९.५ स्कोरका साथ ७३ औँ स्थानमा छ, अर्थात नेपालमा भोकमरी कायमै छ ।

> "सबैभन्दा गरिब परिवारका ५ मध्ये १ ले मात्र पर्याप्त खाना पाउँछन्"

जिल्ला अस्पताल बझाङका डाक्टर योगेन्द्र खातीका अनुसार पोषिलो खाना नपुगेर बझाङका विशेषगरी गर्भवती, सुत्केरी, पाँच वर्षमुनिका बच्चा र किशोरी कुपोषणको समस्याले ग्रस्त छन् । केन्द्रिय तथ्यांक विभागको "मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे २०१९" ले सुदूरपश्चिममा पाँच वर्षमुनिका बालबालिकामा ५%ले पुड्कोपन वृद्धि भएको र ५%ले ख्याउटेपन र कम तौल बढेको देखाएको छ ।

जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन विज्ञ कृष्णा कार्कीले सरकारले समाधानका बारेमा अनुसन्धान गरेर कृषि क्षेत्रमा लागु गर्नुपर्ने बताइन् । "सुख्खा सहने, वर्षात सहने बालीहरूको विकास गर्ने, पानीको मुहान जोगाउने, वृक्षरोपण गर्ने, स्थानीय बीउ जोगाउने, वर्षातको पानी जम्मा गर्ने, खेतीबालीमा परिवर्तन गर्ने ज्ञानहरू फैलाउनुपर्छ, संस्थागत गर्नुपर्छ," उनी भन्छिन् । "कहिले पानी धेरै पर्छ, कहिले सुक्छ, त्यही अनुसार खेती गर्न सिकाउनुपर्छ । मौसम पुर्वानुमानको सूचना कृषकमा पुर्‍याउनुपर्छ । बिमाको व्यवस्था गर्नुपर्छ । हाते ट्र्याक्टरजस्ता कृषि औजारहरू महिलामैत्री र कम खर्चिलो हुनुपर्छ ।"

https://bit.ly/34hGbPY



## व्यक्तिगत अनुभव

१६ वर्षको पत्रकारितामा मैले जलवायु परिवर्तन सम्बन्धी कुनै तालिममा भाग लिने अवसर प्राप्त गरेकी थिइन । ब्रिटिश काउन्सिलको कार्यशालाले मलाई यो बिषयमा चासो लिने पत्रकारका रूपमा स्थापित गरेको छ । हामीलाई जलवायु परिवर्तनले कति सम्म असर गर्न सक्छ भन्ने बिषयमा गहिराईमा पुगेर समाचार तयार पार्न सक्ने गरी जानकारी दिनुभएकोमा आभारी छु । मैले अप्ठ्यारो विषय रोजेँ, किनभने मेरो समाचारले जिम्मेवार निकायलाई जवाफदेही बनाओस् भन्ने चाहन्थेँ । यो समाचार तयार पार्न मलाई झण्डै ७ महिना लाग्यो। लगातार जसो परेको अविरल वर्षालाई वेवास्ता गर्दै गुल्मीका विकट गाउँमा पुग्ने क्रममा धेरै अप्ठ्याराहरू पार गर्नुपर्यो । मैले सूचना माग गरेपछिको सफलता भनेको गुल्मीका स्थानीय सरकारलाई आफुहरूले वातावरणीय प्रभाव मूल्यांकन नगरी सडक निर्माण गरेकोमा पश्चाताप भइरहेको छ ।



**गगनशीला खड्का**

# वातावरणीय अध्ययन बिनाका सडकले जंगल सखाप

"सिँहदरबारको अधिकार गाउँमा" दिने नाराका साथ स्थानीय तहको स्थापना पछि जनताले दिगो विकासको आशा गरेका थिए । तर स्थानीय तहले कुनै अध्ययन नगरिकन निर्माणका लागि वन विनास गर्दा जनताले आहत भोग्नु परेको छ ।

पछिल्लो पाँच वर्षमा गुल्मीको धुर्कोट गाउँपालिकाले सडक निर्माण गर्दा ९,२४९ वटा र इश्मा गाउँपालिकाले ७,३६५ भन्दा धेरै रूख काटेका छन् । गुल्मीका १२ स्थानीय तहमा स्थानीय स्तरका सडक निर्माणका लागि मात्रै २८,५१८ वटा रूख काटिएको तथ्यांक देखिन्छ ।

सन् १९९२ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिमा हस्ताक्षर गरेर पक्ष राष्ट्र बनेको नेपालले वन विनाश कम गर्ने नीति लिएको छ । नेपालको कानुनमा स्थानीय सडक निर्माण गर्दा "संक्षिप्त वातावरणीय अध्ययन" गर्नुपर्ने र स्थानीय तहले पनि वातावरण संरक्षण ऐन निर्माण गर्नुपर्ने प्रावधान छ । गुल्मीका कुनै स्थानीय तहले वातावरण संरक्षण ऐन निर्माण गरेका छैनन्, बरू संघीय र प्रादेशिक ऐनको उल्लंघन गर्दै वन मासेका छन् ।

रेसुङ्गा नगरपालिकाका सूचना अधिकारी शंकर प्रसाद गौतमले नयाँ ट्र्याक नखोलेका कारण संक्षिप्त वातावरणीय अध्ययन नगरेको बताए । "पुराना सडक विस्तार मात्र गरेकोले अध्ययन आवश्यक पर्दैन", उनले भने । तर नगरपालिकाका प्रवक्ता पदम प्रसाद अर्यालका अनुसार एउटा वडामा २० वटासम्म नयाँ ट्र्याक खोलिएका छन् । "तर वातावरणीय अध्ययन गरिएको छैन," उनले भने ।

BRITISH COUNCIL



वातावरण कानुनका ज्ञाता बटुकृष्ण उप्रेती यसरी कानूनको उल्लंघन गर्दा जेल जानुपर्ने बताउँछन् ।"रूख काट्नको लागि मन्त्रीमण्डलको स्वीकृती चाहिन्छ । त्यतिकै ढालेपछि वन मुद्दा लाग्छ", उनले भने ।

वातावरण संरक्षण ऐनमा एउटा रूख काट्नुपरे १० वटा र संरक्षित वनक्षेत्रभित्र २५ वटा नयाँ रूख रोप्नु पर्ने प्रावधान छ । रेसुङ्गा नगरपालिका, मालिका गाउँपालिका र चन्द्रकोट गाउँपालिकामा संरक्षित वनक्षेत्र पर्दछन्, तर स्थानीय तहले कतै नयाँ रूख रोपेका छैनन् ।

"अहिले खेत पुरिएपछि ज्यान पाल्न अर्काको काम गर्न जानुपर्छ । पराल नहुने भएपछि दिनभरी घाँस काट्नु पर्छ ।"

सडक खनिसकेपछि अहिलेसम्म २०० भन्दा बढी पानीका मुहान सुकेको स्थानीय तहको तथ्यांक छ । रेसुङ्गा नगरपालिका र छत्रकोट गाउँपालिकाले यसबारे तथ्यांक राखेका छैनन्, तर रेसुङ्गामा सबैभन्दा धेरै मुहान सुकेको स्थानीयवासी बताउँछन् । पाँच वर्षमा जिल्लाभरी मोटरबाटो खनेका स्थानमा मात्रै २,९६८ वटा पहिरो गएका छन्, जसमा परेर ३६ जनाले ज्यान गुमाएको, २१० चौपायाको मृत्यु भएको, र २४७ घर र १६५ गोठ भत्किएको जिल्ला प्रहरी कार्यालय गुल्मीको तथ्यांक छ ।

पानीका मुहान सुकेको र पहिरोले खेतबारी पुरिएपछि आफूहरूलाई बोझ थपिएको रेसुङ्गा भाडगाउँकी कृष्णकुमारी कुँवरको गुनासो छ। "हाम्रो परिवारको १०/१२ मुरी धान हुन्थ्यो, गहुँ हुन्थ्यो, मकै हुन्थ्यो, गहुँभित्र दाल केराउ मुसुरो हुन्थ्यो । त्यसबाट आउने परालले ३-४ गाईवस्तु पालिन्थ्यो," कुँवर भन्छिन्, "अहिले खेत पुरिएपछि ज्यान पाल्न अर्काको काम गर्न जानुपर्छ । पराल नहुने भएपछि दिनभरी घाँस काट्नु पर्छ।"

अरू काम गर्ने समय पानी भर्नकै लागी खर्चनुपरेको अर्की स्थानीयवासी लक्ष्मी कुँवर गुनासो गर्छिन् । सरकारले जलवायु परिवर्तन सम्बन्धी लैंगिक तथा

सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) जारी गरेको छ, जसमा ८ वटा क्षेत्रमा लैँगिक उत्तरदायी तथा समावेशी रणनीतिहरु अवलम्बन गरिने बताइएको छ, तर स्थानीय तहले त्यसको बेवास्ता गरेका छन् ।

पानीका मूल सुक्ने र सर्ने घटना बढेको एउटा राष्ट्रिय अध्ययनले पनि देखाएको छ । नेपाल पानी सदुपयोग फाउन्डेसन र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रले गरेको अध्ययनमा ३०० पालिकामा करिब ७४% पालिकामा पानीका मूल सुकेको र ५८% मा मूल सरेको देखिएको थियो । वन तथा वातावरण मन्त्रालयले गरेको अध्ययनमा पानी लगायतका वातावरणीय विपद्का कारण गुल्मी सहित पाँचथर, उदयपुर, काभ्रे लगायत पहाडी र हिमाली जिल्लाका बासिन्दा बसाइँसराइ गर्न बाध्य भएको उल्लेख छ ।

स्थानीय तहले यी विषयमा तथ्यांक राख्नमा हेलचेक्र्याईं गर्ने फेला परेको छ । रेसुङ्गा नगरपालिका र छत्रकोट गाउँपालिकाले कुनै तथ्यांक उपलब्ध गराएनन् भने धुर्कोट, इश्मा, रूरू र मदाने बाहेक अन्य ६ स्थानीय तहले आंशिक र अनुमानित तथ्यांक मात्र उपलब्ध गराएका छन् । जलवायु परिवर्तनको असर कम गर्ने कार्यक्रम कुनै पालिकाले गरेका छैनन् ।

https://bit.ly/346D79b



## व्यक्तिगत अनुभव

तालिम व्यावसायिक थियो र प्रस्तुतिकरण सुदृढ थियो। यसमा उठान गरिएका मुद्दाहरू विचारोत्तेजक र आँखा खोल्ने खालका थिए । जोसलिन अन्तरक्रियात्मक तालिमकर्ता थिइन् र सबैलाई रूचि हुने विषयहरू समावेश गरिन् । मैले यसको प्रत्येक पलको मजा लिएँ। कार्यशाला र सामग्रीहरूले हामीलाई जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा लैंगिकता-सम्वेदनशील लगानीको महत्वबारे बुझ्न सहज बनाए । जलवायु परिवर्तनका पहलहरूका लागि गरिने श्रोत विनियोजनमा महिलाहरू निर्णायक भूमिकामा सहभागी हुनुपर्छ, र उनीहरूको प्राथमिकता तथा आवश्यकताहरू विकासका योजना र कोषहरूमा संलग्न हुनुपर्छ । मैले यो सिकाइलाई गण्डकी प्रदेशका ६ वटा रेडियो स्टेशनबाट प्रसारित हुने मेरा रेडियो कार्यक्रमहरूमा चित्रण गर्न खोजेँ ।



**कविता श्रेष्ठ**

## मनाङमा भीषण बाढी, जलवायु परिवर्तनको समाधान के?

मनाङ -हिमालपारीको सुन्दर जिल्ला मनाङ अहिले छिया छिया भएको छ । असार १ गते मनाङमा आएको बाढीले हदै दु:ख दिएको छ । मनाङबासीको गाँस, बास, कपासको व्यवस्थापन हुन सकेको छैन भने त्यहाँका महिलाहरू अझ प्रताडित छन् ।

पारू गुरूङ भन्छिन्, "हामीले सबथोक गुमायौँ । सम्पतीको नाममा एउटा बख्खु मात्रै बाँकी छ भनेर मेरी ८२ वर्षकी फुपु भन्नुहुन्छ ।"

**"हामीले सबथोक गुमायौँ । सम्पतीको नाममा एउटा बख्खु मात्रै बाँकी छ भनेर मेरी ८२ वर्षकी फुपु भन्नुहुन्छ ।"**

हाल विश्वमा बढिरेहका यस्ता घटना जलवायु परिवर्तनका कारणले हुने वैज्ञानिकहरू बताउँछन् । अन्नपुर्ण संरक्षण क्षेत्र आयोजनाका मनाङ कार्यालय प्रमुख लेखनाथ गौतम भन्छन्, "हामीले राखेका क्यामेरा ट्रयापमा तल्लो पहाडतिर पाइने चितुवा ४,१६३ मिटर उचाईको तिलिचो तालमा देखिएको छ, अर्थात तापमान बढेकाले वनस्पती र वन्यजन्तु माथि सरिरहेका छन् । त्यसकै कारणले पानी नपर्ने भनिएको हिमालपारीको जिल्ला मनाङमा पनि त्यस्तरी पानी परेको हो ।"

मनाङका स्थानीयवासीले पनि तापमान वृद्धि याद गरिरहेका छन् । "यहाँका ६,००० देखि ६,५०० मिटर अग्ला हिमालमा हिउँ पग्लेर काला चट्टान देखिन थालेका छन्," कर्म छिरिङ गुरूङ बताउँछन् । "यस्तो बाढी आएको कहिले थाहा थिएन, हाम्रो बाउ बाजेको पालामा पनि थिएन ।"




गंगापुर्ण हिमालमा सन् १९५० मा तस्वीर खिचिएको हिमनदी पग्लिएर हराउन लागेको छ भने पग्लिएको पानी जमेर विगतमा हुँदै नभएको ताल बनेको छ ।

महिलालाई जलवायु परिवर्तनले बढी असर गरेको पाइन्छ । "महिलाहरूलाई घरेलु कामकाजको दोहोरो भार पर्ने हुनाले उनीहरूमाथि बढी असर पर्छ । त्यसमाथि पनि दलित महिलालाई बढी असर गर्छ । नजिकै भएको पानी उनीहरूलाई छुन नदिइँदा उनीहरूले पानीको लागि बढी मेहनत गर्नुपर्ने हुन्छ," काठमाण्डु विश्वविद्यालयमा वातावरण विषय पढाउने डा. नानी रावत भन्छिन् ।

मनाङका जिल्ला स्वास्थ्य कार्यालय प्रमुख बद्री प्रसाद आचार्य मनाङमा बाढी पछि महिलाहरूको अवस्था बढी जोखिमयुक्त भएको बताउँछन्, "बाटो भत्केर बालबालिकालाई खोप लगाउन जान समस्या भएको छ । खाने कुरा बगाएर लैजाँदा कुपोषणको समस्या महिलामा बढी छ, र गर्भवती महिला कुपोषित हुँदा बच्चालाई असर परेर कुपोषणको चक्र निरन्तर हुन्छ ।"

यसले महिलाको मानसिक स्वास्थ्यमा पनि असर गर्ने गर्छ। प्रदेशको सामाजिक मन्त्रालयकी परामर्शदाता ज्योती भण्डारी भन्छिन्, "परिवारका सदस्य गुमाउँदा र कामको दोहोरो तेहेरो बोझ पर्दा महिलामा डिप्रेसन, तनाव, पीडा देखिन्छ । उनीहरूलाई खुलेर बोल्ने वातावरण बनाउनु पर्छ र जिम्मेवारी अनुसार काम दिनुपर्छ ।"

राहत वितरणको समयमा महिलालाई ध्यानमा राख्नु पर्ने नासुङ गाउँपालिकाकी उपाध्यक्ष कमलामाया

गुरूङ बताउँछिन् । "हेलिकप्टरबाट राहत आईरहेको छ, हामीले महिलालाई वडा कार्यालयमा बोलाएर वितरण गर्यौँ । महिला र पुरूषलाई छुट्टै पालको व्यवस्था गरेका छौँ ।"

विपदपछि मात्र होइन, नीति निर्माणमा पनि महिलाको सहभागिता भयो भने मात्र महिलाले जलवायु न्याय पाउने विज्ञहरू बताउँछन् । नेपालमा जलवायु परिवर्तन सम्बन्धी सात वटा नीतिमध्ये तीन वटाले मात्र जलवायु परिवर्तनले महिलामाथि फरक असर पर्न सक्ने कुरा स्वीकारेका छन्, र एउटाले मात्र अनुकूलनका उपाय सुझाएको छ । राष्ट्रिय अनुकूलन कार्यक्रमले जोखिममा परेका समूहमध्ये महिलालाई पनि सूचीकृत गरेको छ, तर अनुकूलन गर्ने उपाय दिएको छैन । पछिल्लो जलवायु परिवर्तन नीतिले महिला बढी जोखिममा रहेको उल्लेख गरेको छ, तर कार्यान्वयनको योजना बनाएको छैन ।

> **"यहाँका ६,००० देखि ६,५०० मिटर अग्ला हिमालमा हिउँ पग्लेर काला चट्टान देखिन थालेका छन्,"**

"कृषिको दैनिक काममा बढी संलग्न हुने तर भूमीमा स्वामित्व कम भएकाले, र शिक्षा र भाषामा कम पहुँच भएकाले महिला बढी जोखिममा छन् । नीति निर्माणमा पीडितको सहभागिता हुनुका साथै जलवायु परिवर्तनका मुद्दा जलश्रोत, कृषि जस्ता अरू क्षेत्रमा पनि राखिनुपर्छ," वातावरणविद विकास अधिकारी भन्छन् । "र महिलाहरूलाई यी विषय उनीहरूकै भाषामा बुझाउनुपर्छ ।"

जलवायु परिवर्तनको दीर्घकालीन समाधानका लागि भने अन्तर्राष्ट्रिय मञ्चहरूमै यी विषय उठाउनु पर्ने अधिकारी बताउँछन् । "जलवायु परिवर्तनमा नेपालको योगदान छैन, बरू अरूले उत्सर्जन गरेका हरितगृह ग्यास पनि हाम्रो वनले घटाउन सघाउँछ । तर पनि नेपाल बढी पीडित छ । यी कुराहरू तथ्यांक सहित अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाउनुपर्छ । विकसित मुलुकहरूले हाम्रो जस्तो देशलाई सहयोग गर्ने प्रतिबद्धता गरेका छन्, त्यसलाई कार्यान्वयन गर्न दवाव दिनुपर्छ ।"

https://bit.ly/3FEK3Ht

https://bit.ly/3FEK9ij

https://bit.ly/3IbW9te

https://bit.ly/3Khfdbv

# व्यक्तिगत अनुभव

मैले यो लेखनवृत्ती अन्तर्गत लेखेका समाचार देख्दा किसानहरू खुशी हुनुको साथै सम्बन्धित निकायहरूको जिम्मेवारीको विषयमा छलफल हुन थालेको छ र स्थानिय तह, प्रदेश र संघ सरकारले गर्ने सहयोग अगाडी बढेको छ । जुम्लाको तातोपानीमा मात्रै हिउँ संकलन पोखरी बनाउने कार्य भएको थियो । अब जुम्लाका आठ स्थानिय तह मध्ये छ वटाले त्यसको सिको गर्नको लागि नीतिगत निर्णय गरेको सुन्दा खुशी लागेको छ । ब्रिटिश काउन्सिलको सहजिकरण तथा सल्लाहका कारण मलाई यी समाचार लेख्न सहयोग पुगेको थियो, र पत्रकारिता जीवनमा अगाडी बढ्नको लागि पनि सहयोग मिलेको छ । अगामी दिनमा जलवायु परिवर्तन र महिलासँग जोडिएका समाचार लेख्ने र त्यसलाई कार्यन्वयन तह सम्म पुर्याउने प्रयास गरिरहनेछु ।



**कृष्णमाया उपाध्याय**

# काली मार्सी फल्ने जुम्लाका फाँटमा स्याउ खेती

जुम्ला – पछिल्लो समय नेपालमै बहुचर्चित काली मार्सी धान फल्ने जुम्लाका फाँटमा स्याउ लगाउन थालिएको छ । बर्खाको समयमा नदी कटानले धान खेत बगर बनाउन थालेपछि किसान स्याउ खेतीमा लागेका हुन् । यसले नदीको कटान रोक्नुका साथै महिलाको कामको बोझ घटाएर आर्थिक स्तर पनि उकासेको किसान बताउँछन् ।

“२०६७ सालमा पाक्न लागेको काली मार्सी धानको पूरै खेत नदीले कटान गरेको थियो । त्यो सम्झँदा अहिले पनि आँखाबाट आँसु झर्छ । अहिले ती खेतमा लटरम्म स्याउ फलेको देख्दा दुःख बिर्साउने बाटो भएको छ,” तिल गाउँपालिका-४ नुवाकोटकी पद्मी नेपाली भन्छिन् ।

त्यो ज्युलोको नाम कुनबाडा हो । असी घरधुरीका मानिस मिलेर त्यस ज्युलोमा स्याउको व्यावसायिक खेती गर्न थालेको सोही गाउँका किसानले बताए । एक जना किसानले ५० देखि १५० सम्म स्याउका बिरूवा लगाएका छन् ।

हरेक वर्ष चैतदेखि कात्तिक महीनासम्म धान खेती गर्ने काममा महिला धेरै खटिनुपर्थ्यो । “चैतमा बीउ छरेर जेठमा बीउ निकाल्ने, रोप्ने, असारदेखि भदौसम्म गोडमेल गर्ने र मंसिरमा उठाउने काममा महिलाले धेरै परिश्रम गर्नुपर्थ्यो,” किसान सुपधरा नेपाली भन्छिन् । स्याउ खेतीले महिलाको कामको बोझ हल्का बनाएको उनको भनाई छ । बगैँचा व्यवस्थापनदेखि स्याउ टिप्ने र बजारमा पुर्याउने कामसम्म महिला पुरूष दुवैले गर्ने गर्दछन् ।

BRITISH COUNCIL



गाउँमा सडक पुगेपछि स्याउले पनि राम्रो मूल्य पाउन थालेको छ । स्याउ बेचेर नगद आम्दानी हुन थालेपछि अरूसँग हात पसार्नु नपरेको र छोराछोरीको पढाइ खर्च गर्न सहज भइरहेको अर्की किसान काली खोडे नेपालीले बताइन् । "स्याउ किन्न व्यापारीहरु बगैंचामा पुग्न थालेको हुनाले अहिले ५० देखि ६० रूपैयाँ किलोमा स्याउ बिक्री हुँदै आएको छ," नेपाली भन्छिन् । बगैंचा भएको ठाउँबाट ग्रामीण सडक १० मिनेटमा र कर्णाली राजमार्ग एक घण्टाको पैदल यात्रामा पुगिने भएकाले स्याउले बजार पाउन थालेको हो । वर्षमा एक जना किसानले स्याउबाट एक लाखदेखि चार लाख रूपैयाँसम्म आम्दानी गरिरहेको बताएका छन् ।

"स्याउ लगाएको तीन वर्षसम्म दुःख भए पनि चौथो वर्षदेखि फल दिन्छ । त्यही खेतमा लगाएका सिमी, मास, लगायतका कोसेबाली, आलु, काउली, मुला, गाँजर, गोलभेडा लगायत तरकारी र आरू, ओखर जस्ता बोटबाट पनि राम्रो फाइदा भइरहेको छ," किसान निरा उपाध्यायले बताइन् ।

स्याउ लगाउने निर्णयले गाउँका किसानको जीवन बदलिएको बताउँछन् स्थानीयवासी कृष्णकान्त चौंलागाईं । "स्याउका बिरूवा किन्ने समेत पैसा

**"२०६७ सालमा पाक्न लागेको काली मार्सी धानको पूरै खेत नदीले कटान गरेको थियो । त्यो सम्झँदा अहिले पनि आँखाबाट आँसु झर्छ । अहिले ती खेतमा लटरम्म स्याउ फलेको देख्दा दुःख बिर्साउने बाटो भएको छ,"**

नभएको हुनाले हामीले २०६७ सालमा बाढी पहिरो नियन्त्रणको लागि काम गर्दै आएको एउटा गैरसरकारी संस्थासँग सहयोग मागेका थियौँ । नि:शुल्क रूपमा ५०० बिरूवा पाएपछि स्याउ लगाएका हौँ, अहिले राम्रो फलिरहेको छ," उनले भने ।

जुम्लामा नौ हजार हेक्टर जमीनमा स्याउ लगाइएको छ। त्यसमा साढे सात हजार हेक्टर जमीनमा स्याउले फल दिंदै गरेको र बाँकी बिरूवा हुर्कंदै गरेको जिल्ला कृषि विकास कार्यालयका कृषि अधिकृत खेमराज शाहीले बताए । "एक हजार हेक्टरमा उच्च घनत्वका फुजी जातका स्याउ लगाइएको छ भने बाँकीमा स्थानीय रोयल, रेड र गोल्डेन डेलिसियस स्याउ लगाइएको छ। बगरमा परिणत भएका सबै ठाउँमा स्याउ खेती गर्न सके किसानको जीवनस्तर उकास्न सकिन्छ," उनले भने ।

लामो समयसम्म भण्डारणको व्यवस्था नभएको हुनाले किसानले तोकेको मूल्यभन्दा पनि व्यापारीले तोकेको मूल्यमा बेच्नुपर्ने बाध्यता चाहिँ अहिले पनि छ । किसान शान्ति नेपाली भन्छिन्, "भण्डारण गर्ने व्यवस्था भयो भने अझ बढी मूल्यमा स्याउ बेच्थ्यौं होला । अहिले त्यो सुविधा छैन ।"

स्याउ खेती गर्न महिलाले गठन गरेका सहकारी र समूहलाई कृषि विकास कार्यालय, प्रदेश र संघ सरकारले बगैंचा व्यवस्थापन, सिँचाइ, बिरूवा र मल जस्ता कुरामा अनुदान र सहयोग गरिरहेको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ। यो ठाउँको उदाहरणले जुम्लाका अन्य बगर खेतमा पनि स्याउ लगाउन किसानहरूलाई प्रेरणा दिएको छ ।

https://bit.ly/3qDlExA



# कुलोको विकल्प हिउँ संकलन पोखरी

जुम्ला - बढ्दो जलवायु परिवर्तनका कारण पानीका मुहान सुक्दै कुलाहरू विस्थापित हुन थालेपछि त्यसको विकल्पमा जुम्लाका किसानले हिउँ पोखरीको उपाय रोजेका छन् ।

"दक्षिणी मोहडामा स्याउ खेती गर्न थालेपनि सिँचाई नहुँदा घण्टौँ गाग्रीमा पानी बोक्नु पर्थ्यो । हिउँ संकलन पोखरी बनाएदेखि त्यस्तो दु:ख गर्न परेको छैन," चन्दननाथ नगरपालिकाकी बासमती थापाले बताइन् ।

पाँच हजार लिटर पानी अट्ने पोखरीमा बर्खामा टिनले छाएको छानाबाट पानी सिधै ट्यांकीमा जान्छ, र हिउँदमा हिउँ संकलन गरेर हाल्नुपर्छ । पुष देखि फागुन सम्म परेको हिउँ पोखरीमा हालेर चैत देखि असारसम्म चलाउने र वर्षातको पानीले कार्तिक र मंसिर महिनामा सिँचाई गर्ने किसानहरूले बताएका छन् ।

सात वर्ष देखि यो प्रविधिको प्रयोग गरेको बताएकी थापाले स्याउबाट फाइदा भइरहेको र छोराछोरीको पढाई खर्च जुटाउन र घर खर्च चलाउन सहज भइरहेको उल्लेख गरिन् । "अहिले भन्दा पहिला अझ धेरै हिउँ पर्थ्यो, तर त्यति बेला यस्तो प्रविधिको बारेमा थाहा थिएन । अहिले हिउँ कम परे पनि वर्षात र हिउँदको पानी संकलन गरिरहेका छौ," उनले थपिन् ।

यस्तो पोखरी तथा ट्यांकीले महिलाहरूको कार्यबोझमा कमी आउन थालेको उनीहरूले बताएका छन् । "पानी लिनको लागि तीन घण्टा पैदल हिँडेर जानु पर्ने र एउटै मुहान भएकोले लाइनमा बस्नु पर्ने थियो । पानी कै लागि राति बास बस्नु पर्थ्यो । अहिले त्यो दु:खबाट छुटकरा मिलेको छ," तातोपानी गाउँपालिका, राँकाकी उम्मकली धरालाले सुनाइन् । "त्यही पानीले खान, नुहाउन, पशुवस्तुलाई खुवाउन पनि पुगेको छ । यहाँ यसरी मान्छेको बस्ती बस्ला,

स्याउ फल्ला भन्ने कल्पना गरेका थिएनौँ । अहिले यसरी लटरम्म स्याउ फलेको देख्दा दु:ख बिर्साउने चौतारी बनेको छ ।"

"जलवायु परिवर्तनले पारेको असरलाई न्युनिकरण गर्ने उद्देश्यले यो अवधारणा जुम्लाबाट शुरू गरिएको थियो," सूर्य सामाजिक सेवा संघ फोर एस जुम्लाका अध्यक्ष घनश्याम नगरकोटीले बताए । "भारतको लद्दाखमा हिउँको पिरामिड बनाएर सिँचाई गरिएको कुरा थाहा पाएपछि हामीले पनि शुरूवात गरेका हौँ । शुरूका केही वर्ष प्लाष्टिक तथा माटो र सिमेन्टबाट पोखरी बनाएपनि अहिले त्यसलाई परिमार्जित गर्दै माटो र सिमेन्टको फेरो ट्यांक बनाउन थालिएको छ ।"

> **"जलवायु परिवर्तनले पारेको असरलाई न्युनिकरण गर्ने उद्देश्यले यो अवधारणा जुम्लाबाट शुरु गरिएको थियो,"**

बागवानी अनुसन्धान केन्द्र राजिकोटमा कार्यरत वैज्ञानिकहरू, एसएनभीमा कार्यरत केही विज्ञहरू र कृषि विकास कार्यालय जुम्लाका कृषि प्राविधिकहरूको संयुक्त अनुसन्धान टोलीले यो प्रविधि सफल भएको प्रतिवेदन सार्वजनिक गरेपछि नीतिगत तहमा समावेश गरिएको छ । जिल्ला कृषि विकास कार्यालय र एसएनभी नेपाल नामक सँस्थाको सहयोगमा २०७० सालदेखि यो प्रविधि लागु गरिँदै छ ।

"गत वर्ष ५० वटा र यस वर्ष २५ वटा पोखरी निर्माणको लागि बजेट विनियोजन भइसकेको छ । त्यसमा १२ वटा प्लाष्टिकका पोखरी र ५० वटा सिमेन्ट तथा माटोका ट्यांकी छन् । जहाँ सिँचाईको विकल्प छैन त्यहाँ वार्षिक कार्यक्रम मार्फत यो प्रविधि समेट्दै जाने लक्ष्य राखिएको छ," प्रदेशको भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत धनबहादुर कठायतले बताए ।

"प्रदेश सरकारको ७५% अनुदान र किसानको २५% श्रमदानमा एउटा सिमेन्टको फेरो ट्यांक निर्माणको लागि १ लाख ५० हजार रूपैँयाको लागत परेको हो," तातोपानी गाउँपालिकाकी उपाध्यक्ष गंगादेवि उपाध्यायले बताइन् ।

"यो प्रविधिको शुरूवात एउटा गैरसरकारी संस्था मार्फत भएपनि अहिले सरकारको नीतिगत तहमा नै देख्दा खुशी लागेको छ," नेपाल कृषि अनुसन्धान परिषदका वरिष्ठ वैज्ञानिक वसन्त कुमार चालिसे भन्छन् । "सिँचाई गरेको र नगरेको स्याउको तुलना गर्दा सिँचाई गरेको स्याउको दाना पनि ठुलो, तौल पनि राम्रो र खाँदा पनि चिनीको मात्रा पुगेको पाइएको छ । स्याउको पालुवा पलाउने बेलामा, फूल फुल्ने बेला, चिचिला लाग्ने बेला, फल टिप्ने बेलामा र पात झर्ने बेलामा सिँचाई गर्न सकेमा एकदमै राम्रो र गुणस्तरीय फल फलाउन सकिन्छ ।"

यो प्रविधि जुम्लामा मात्रै नभएर अन्य हिमाली जिल्लामा पनि प्रयोग गर्न सकिने विज्ञहरूले बताएका छन् ।

https://bit.ly/3KkEW2u



# रैथाने बालीको संरक्षण गर्न गाउँ–गाउँमा बिउ बैंक

जुम्ला – कर्णालीमा पहिल्लो समयमा हराउँदै गएको रैथाने बालीहरू चिनो, कागुनो, काली मार्सी धान, गहत, कालो भट्मास, मैमास, लगायतका बालीहरूको संरक्षण र खेति विस्तारमा सघाउनको लागि जुम्लामा सहकारी तथा समुह मार्फत बिउ बैंक स्थापना गरिएका छन् । जिलला कृषि विकास कार्यालय जुम्लाको सहयोग तथा स्थानिय सहकारी संस्था र गाउाघरमा गठन गरिएका महिला समुहहरूले बिउ बैक स्थापना गरेको बताएका छन् ।

गाउँघरमा उपलब्ध बिउ संकलन गरेर बिउ बैंकमा राख्ने र त्यसलाई आवश्यकता अनुसार बिक्री वितरण गरिदै आएको तातोपानी गाउँपालिकाको वडा नम्बर २ जर्मीमा स्थापना भएको लछाल कृषि सहकारी संस्था अन्तर्गतको बिउ बैककी अध्यक्ष विष्णु रावलले बताइन् ।

उनले भनिन् बिउ बैक स्थापना भएपछि गाउँघरमा उपलब्ध भएको चिनो, कागुनो, फापर, मार्से, कालीमार्सी धान, तिलखुडो, भट्मास, मकै लगायको सबै अन्नको बिउहरू संकलन गरेर राखेका छौ । यसले गर्दा गाउँघरमा कसैलाई आवश्यकता परेको समयमा बिउ बैकबाट बिउ दिने र खेति गर्ने कार्यमा सघाउँद्रै आएको उनले बताएका छन् । गाउँघरमा समुहमा लगानी गरेर पनि जिल्ला भन्दा बाहिरका मानिसहरू आएर बिउ किन्ने गरेको हुनाले आफुहरूलाई भने जस्तो फाइदा हुनुका साथै स्थानिय रैथाने बालीको संरक्षणमा सहयोग पुगेको उनले बताएकी छन् ।

पछिल्लो समयमा हराउन थालेको रैथाने बालीहरू चिनो, कागुनो, मार्से, कालो भट्मास, गुराँस, मैमास, गहत, तिलखुडो लगायतको बालीको बिउ लिएर खेती गर्न थालेको तातो पानी गाउँपालिकाको जर्मी गाउँकी



चैती नेपालीले बताइन् । उनले भनिन् यसले गर्दा खेतिगर्न चाहेका किसानहरूलाई बिउ खोज्नको लागि टाढा जान नपरेको र भनेको समयमा बिउ पाइन थाले पछि आफुहरूलाई सहज भइरहेको छ ।

**उदाहरणको लागि १० किलो बिउ लिएका किसानहरुले अर्को वर्षमा ११ किलो बनाएर बिउ बैंकमा दिने गरेको उनको भनाई छ ।**

असोज महिना देखि कार्तिक महिना सम्म गाउँघरमा पाइने रैथाने बालीहरूको बिउ संकलन गरेर मंसिर देखि समुह, सहकारी तथा गाउँघरमा रहेका अन्य किसानहरूलाई लगानी गर्ने र आवश्यकता अनुसार जिल्ला बाहिर पनि पठाउने गरेको तातोपानी गाउँपालिकामा स्थापना गरिएको बिउ बैंककी एकजना सदस्य रेवती रावलले बताएकी छन् ।

उनले भनिन् गरिब विपन्न किसानहरूलाई खेति गर्नको लागि एक जना किसानलाई आवश्यकता अनुसारको बिउ दिने र खेति गरिसकेपछि लिएको बिउमा केही थपेर फिर्ता माग्ने गरेको हुनाले सहज भइरहेको छ । उदाहरणको लागि १० किलो बिउ लिएका किसानहरूले अर्को वर्षमा ११ किलो बनाएर बिउ बैंकमा दिने गरेको उनको भनाई छ । सहकारीमा आवद्ध र त्यस गाउँ आपसपासका किसानहरूको लागि यस्तो व्यवस्था गरिएको छ भने गाउँपालिका

भन्दा बाहिरका किसानहरूलाई पैसामा बिउ बेच्ने गरेको रावलले भनिन् । आफ्नो सहकारी मार्फत स्थापना भएको बिउ बैकमा महिलाहरू धेरै रहेको उनको भनाई छ । जुम्लामा खेतिपातीको काममा महिलाहरूको बढी संलग्नता हुने भएकाले पनि बिउ बैंकका सदस्यहरू पनि महिलाहरू नै बढी रहेको महिलाहरूले बताएका हुन् ।

पछिललो समयमा बजारमा प्रशस्त मात्रामा सेतो चामल पाउन थालेपछि मानिसहरूले स्थानिय रैथाने बालीको खेितगर्न छोडेको हुनाले यसको लोप हुँदै गएको तातोपानी गाउापालिकाकबो डठाँगीबाडा गाउँकी अर्की किसान नानी डाँगीले बताइन् । उनले भनिन् पहिलाको जस्तै अहिले मानिसहरू दुख गर्न चाहँदैनन् त्यसैले गर्दा पुरानो बाली खोजेको समयमा भेटिदैन । त्यसको लागि भएपनि मानिसहलाई आवश्यकता परेको समयमा पाइओस् भनेर आफुहरूले खेति गर्नुका साथै बिउ बैंकमा लिएर राख्ने गरेको छौ उनले भनिन् । यसले गर्दा चाहिएको समयमा गाउँघरमा पाइने पुरानो बालीहरू कोदो, फापर, जौ, चिनो, कागुनो लगायतको बाली संकलन गरेर राख्ने हरेक वर्ष खेति गर्नुका साथै बजारमा बिक्री, वितरण हुने गरेको उनको भनाई छ ।

> **आफ्नो सहकारी मार्फत स्थापना भएको बिउ बैकमा महिलाहरु धेरै रहेको उनको भनाई छ ।**

खेति पाती गर्ने मान्छे पनि कम हुँदै गएको समयमा हेलाको रूपमा हेरिएको हाम्रो रैथाने बालीको पछिल्लो समयमा बजारमा माग बढ्दै गएको छ तर उतपादन घट्दै गएको उनले भनिन् । यसको लागि स्थानिय तह, प्रदेश र संघ सरकारको तर्फबाट रैथाने बाली संरक्षणको लागि किसानहरूलाई सौलियत दरमा बिउ, खेतिगर्नेहरूलाई सिंचाइ र आवश्यक पर्ने औजारमा सहयोग गर्नु पर्ने डाँगीले बताएकी छन् ।

हाम्रो गाउँघरमा पाइने कोदोले रक्त अल्पता भएका मानिसहरूलाई सन्चो गर्नुका साथै अन्य बालीहरू पनि विभिन्न रोगको औषधीको रूपमा प्रयोग हुने भएकाले यसको खेति विस्तारमा पनि आफुहरू लागेको उनकोले बताएकी छन् ।

बजारमा पाइने चामल भन्दा आफ्नै घरमा उत्पादन भएको अर्गानिक बालीबाट पोषण प्राप्त हुनुका साथै विभिन्न किसिमका रोगबाट बच्नको लागि सहयोग पुगिरहेको महिलाहरूले बताएका छन् । यी बालीहरूको पछिललो समयमा बजार मूल्य पनि राम्रो भएको हुनाले आफुले खाएर पनि बजारमा बेच्न सकियो भने आम्दानी पनि हुने र रोगबाट बच्न समेत मदत पुग्ने भएको महिलाहरूले बताएका हुन् । जुम्लामा रहेका ८ वटा बिउँ बैंकहरू मध्ये केही बैंकमा स्थानिय स्तरमा उपलब्ध रहेको माटोको ढरा, कोठी र काठको भकारीहरू बनाएर बिउ भण्डारण गरेका छन् भने केहीमा आधुनिक तबरका सिट बैंकहरू राखिएको छ ।

स्थानिय रैथाने बालीहरूको संरक्षणमा सहयोग गर्ने उदेश्यले बिउ बैंक स्थापना भएको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । पुरूषहरूको तुलनामा बिउ संकलन, ग्रेडिङ, प्याकेजिङ र लेभलिङ गर्नको लागि महिलाहरूमा राम्रो अनुभव भएको हुनाले यहाँ स्थापना भएका बिउबैकमा महिलाहरूको सहभागिता धेरै रहेको जिल्ला कृषि विकास कार्यालय जुम्लामा कार्यरत कृषि प्रसार अधिकृत कमला थापाले बताइन् उनले भनिन् । जुम्लाको एक नगरपालिका र ७ वटा गाउँपालिकालाई समेट्ने गरेर बिउ बैंक स्थापना भएको हुनाले ती बैंकमा बिउ संकलन र बैज्ञानिक तबरले भण्डारण गर्नेहरूले प्राविधिक सर सल्लाह दिनुका साथै केही बिउ भण्डारणको लागि आवश्यक

पर्ने भाँडाहरू सहयोग गर्दै आउको उनले बताएकी छन् । यसले गर्दा बिउ बैंकमा रैथाने बाली संकलन गरेर राख्न र बजार सम्म पुर्याउनको लागि सहज भइरहेको छ उनले भनिन् ।

स्थानिय बालीको संरक्षण, प्रवर्द्धन र उपभोगको लागि जानकारी गराउने उदेश्यले स्थानिय तह, प्रदेश र संघ सरकार मार्फत कृषि प्रर्दशनी मेलाहरूको आयोजना हुने गरेको कमला थापाले बताइन् । यस्ता कार्यक्रमहरूमा जुम्लामा स्थापना भएका बिउ बैंकका सदस्यहरले सहभागिता जनाउने गरेको उनको भनाई छ । राष्ट्रिय स्तरमा हुने प्रर्दशनी मेलामा पनि जुम्लाको उतपादनले राम्रो बजार मूल्य पाएको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । बजारमा माग त बढ्दै गएको छ तर उत्पादन भने घट्दै गएको हुनाले यसको संरक्षण र खेति विस्तारमा जोड दिनु पर्ने आवश्यकता देखिएको कृषि प्रसार अधिकृत कमला थापाले भनिन् । कर्णालीका दश वटै जिल्लामा रैथाने बाली संरक्षणको लागि बिय बैंक स्थापना गरेर खेति विस्तामा जोड दिनको लागि सरकारको सहयोग आवश्यक देखिएको उनको भनाई छ ।

> **राष्ट्रिय स्तरमा हुने प्रर्दशनी मेलामा पनि जुम्लाको उतपादनले राम्रो बजार मूल्य पाएको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ ।**

अहिले त महिलाहरूको सक्रियतामा रैथाने बालीको संरक्षणके लागि केहि प्रयास भएपनि यसले सबैलाई पुर्याउन गाह्रो हुने गरेको उनको भनाई छ । यसको लागि सकेमा प्रत्येक गाउँमा र नसकिएमा प्रत्येक वडा स्तरमा बिउ बैंकको स्थापना गर्न सकेमा हराउँदै गएको बालीको संरक्षण पनि हुने र बजारको माग अनुसार पुर्याउन सकिने उनको भनाई छ । सबै जातका बालीको बिउ संकलन गरेर ग्रेडिङ, प्याकेजिङ र लेभलिङ गरेर मात्रै बिउ बैंकमा राख्ने गरेको महिलाहरूले बताएका छन् । जुम्ला जिल्लामा रैथाने बालीहरूको संरक्षण र प्रवर्द्धनको लागि महिलाहरूको सक्रियता बढी देखिएको पाइन्छ ।

गाउँघरमा पाइने रैथाने बाली संरक्षणको लागि स्थानिय सरकारको तर्फबाट पनि पहल भइरहेको तातोपानी गाउँपालिकाकी उपाध्यक्ष गंगादेवि उपाध्यायले बताएकी छन् । उनले भनिन् पहिला पहिला जिल्ला स्तरिय कृषि प्रर्दशनी मेला हुने भएपनि अहिले पालिका स्तरिय प्रर्दशनी मेल ागर्ने र उत्कृष्ट बिउ बैंक र खेति राम्रो गरेको किसानहरूलाई पुस्कृत गर्नुका साथै आवश्यक औजारको सहयोग गर्ने तयारी भइरहेको छ । एउटा पालिकाले मात्रै नभएर देशभरमा यस्तो अभ्यास अगाडी बढाउन सकियो भने हराउँदै गएका रैथाने बालीको संरक्षणमा सहयोग पुग्ने भएको उनको भनाई छ । यसै आर्थिक वर्षबाट आफ्नो पालिकाले रैथाने बाली संरक्षण, प्रर्वद्धन र उपभोग सम्बन्धीका सचेतना मूलक कार्यक्रम गर्नुका साथै किसानलाई बिउ, सिंचाइ र प्राविधिक सल्लाहको लागि थप सहयोग गर्न पहल भइरहेको उनको भनाई छ ।

https://bit.ly/33HZGk0

BRITISH COUNCIL

## व्यक्तिगत अनुभव

म बसोबास गर्ने क्षेत्र नेपालको तराई मधेशमा महिलाहरू खुलेर काम गर्न सजिलो छैन, तर यो अवस्थामा सुधार भईरहेको छ । यो लेखनवृत्तीमा जलवायु परिवर्तन सम्बन्धी जानकार व्यक्तिहरूसँगको सल्लाहको सत्र र छलफल कार्यक्रम प्रभावकारी थियो । आवश्यकता परेको बेलामा पाएको सुझाव र सहयोगले मेरो समाचार लेखनमा टेवा पुगेको छ । तथ्यांक, विज्ञहरूको प्रतिक्रिया तथा स्थानीय अनुभव समेटेर लेख्दा मेरो लेखन सुधार भएको छ । यो प्रतिक्रिया मैले सम्पादक र पाठकबाट पनि पाएँ । जलवायु परिवर्तनमा हिमाली भेगका विषयवस्तु उठान गरिन्छ, तर मैले तराई मधेशमा पनि यसको प्रभाव उजागर गर्न पाउँदा खुशी लागेको छ । अन्तर्राष्ट्रिय चासोको यो विषयमा स्थानीय मुद्दा प्रस्तुत गर्न सकेँ । जलवायु परिवर्तनका बारेमा लेखिरहन म प्रतिबद्ध छु ।



**माधुरी महतो**

# भयावह रुप लिँदै प्लाष्टिकको प्रयोग – तर जाने व्यवस्थापन गर्न सकिन्छ

सर्लाही – हरिवनमा महिलाहरूको एक समूहले जथाभावी फालिएका प्लाष्टिकको पुनर्प्रयोग गरेर चप्पल जुत्ताको सोल बनाउने व्यवसाय संचालन गरेको छ । यो काममा संलग्न १५ जनाले प्रति दिन एक हजार सोल बनाउने र प्रतिमहिना एक लाख रूपैयाँ आम्दानी गर्ने बताएका छन् । यसबाट वातावरण सफा राख्न मद्दत पुगेको छ ।

**"प्लाष्टिक व्यवस्थापनमा के गर्न सक्छौँ भनेर खोज्दा जुत्ता चप्पल बन्ने मैले थाहा पाएँ,"**

"प्लाष्टिक व्यवस्थापनमा के गर्न सक्छौँ भनेर खोज्दा जुत्ता चप्पल बन्ने मैले थाहा पाएँ," सर्लाही हरिवनकी उद्योगी निर्मला देवीले बताइन् । "फालिएका प्लाष्टिक संकलन गरेबापत हामी केही रकम दिन्छौँ । अब प्लाष्टिक जलाउनेबाट पनि मुक्ति मिलेको छ ।"

जताततै फालिएका प्लाष्टिकले नदीसमेत थुनिएर बाढी गाउँभित्र छिर्ने, खेतबाली डुबाउने, बगाउने समस्या थियो तथा गाउँघर नै फोहोर देखिन थालेको थियो । तर यसपालि औसतभन्दा बढी पानी परेपनि पानी थुनिएन । स्थानीयवासी उमेश महतो भन्छन्, "प्लाष्टिक संकलनका लागि घरघर अघि बट्टा राखिएको छ । जहाँतही प्लाष्टिक फाल्ने बानीमा सुधार आएको छ । यसको ठूलो फाइदा भनेको पानी धेरै परे पनि बाढीको समस्या खेप्न परेन ।"



यसरी एउटा सिंगो गाउँ प्लाष्टिक मुक्त भएको छ । "ग्रामीण बासिन्दा प्लाष्टिकप्रति सचेत र वातावरण तथा जलवायु परिवर्तनप्रति चिन्तित भएको देखिन्छ," सामाजिक अगुवा कृष्ण लाल कर्ण भन्छन् । अर्का स्थानीय अगुवा केशवराज थापाका अनुसार प्लाष्टिक डढाए पनि माटो बिगार्ने हानिकारक तत्व कायमै रहन्छ । "यो अभियानले प्लाष्टिक डढाएपछि बिरूवा उम्रिन नपाउने लगायतका प्रभावलाई कम गर्न मद्दत गरेको छ," उनी भन्छन् ।

घरको काममा सीमित महिलाहरू समुदाय र आफ्नो लागि केही गर्न पाउँदा खुशी देखिन्छन् । "तराईमा बुहारी घरबाट बाहिर निस्किन नपाउने अवस्थामा गाउँमै उद्योगमा काम गर्न पाएकोमा खुशी छु," सुनिता साहले भनिन् । गाउँमा पानी नपस्दा घरधन्दादेखि पशु चौपायालाई संरक्षण गर्न पनि सजिलो भएको उनले बताइन् ।

विश्व बैंकका अनुसार नेपालले २,३४,००० टन प्रतिवर्ष अर्थात् ६३७ टन प्रतिदिन प्लाष्टिकजन्य सामाग्री उत्सर्जन गर्छ । केन्द्रिय तथ्यांक ब्यूरोले २७१ पालिकामा सन् २०१९/२० मा गरेको सर्वेक्षण अनुसार तीन प्रकारले प्लाष्टिक व्यवस्थापन गरिन्छः ४८.६% माटोले पुर्ने, ३२.१% जलाइने र २७.४% खोलामा फाल्ने ।

डोको रिसाईक्लर्सका अर्पण आचार्यका अनुसार नेपालमा प्लाष्टिक जलाइन्छ र समस्या समाधान भयो भन्ने सोचिन्छ । "तर त्यसले ओजोन तह प्वाल पर्ने, पृथ्वीको तापक्रम बढाउने, हानिकारक ग्यास उत्पन्न गर्ने, समुद्रमा झन् समस्या पार्ने, आदि हुन्छ," आचार्य भन्छन् ।

नेपालका विभिन्न ठाउँमा तीन मिटर सम्म खन्दा प्लाष्टिक भेटिन्छन् । यस्तो प्लाष्टिक महामारी

विश्वव्यापी चुनौती हो । सन् २०५० भित्र १२ अर्ब मेट्रिक टन प्लास्टिक उत्पादन हुने र समुन्द्रमा माछा भन्दा बढी प्लास्टिक हुने बताइएको छ । प्लास्टिक कुहिन २००-५०० वर्षसम्म लाग्छ, र त्यस क्रममा हानिकारक हरितगृह ग्यासहरू उत्सर्जित हुन्छन् ।

प्लास्टिक पेट्रोलियम र ग्यासबाट बन्छ, जुन हरितगृह ग्यास उत्पादनको मुख्य श्रोत मानिन्छ । शून्य कार्बन उत्सर्जनसम्म पुग्नलाई ठूला देशहरूले सन् २०३० सम्ममा पेट्रोलियमको सट्टा विद्युतीय सवारीसाधन चलाउने भनेका छन् तर प्लास्टिककाबारे खासै आवाज नउठाएको पाइन्छ ।

**"ग्रामीण बासिन्दा प्लास्टिकप्रति सचेत र वातावरण तथा जलवायु परिवर्तनप्रति चिन्तित भएको देखिन्छ,"**

धनी देशहरूले नै प्लास्टिक निर्यात गरी आर्थिक उपार्जन गरेको देखिन्छ । राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरमै प्लास्टिक न्यूनीकरणको मुद्दालाई जानाजान लुकाइएको जानकारहरू बताउँछन् । नेपाल सरकारले ४० माईक्रोनभन्दा कमको प्लास्टिक बन्देज लगाएको छ । तर यसको विकल्पमा के त? "प्लास्टिकको तुलनामा अरू केही ल्याउन सकियो भने प्लास्टिक निषेध गर्न सकिन्छ । हालै सरकारसँग विकल्प छैन," वन तथा वातावरण मन्त्रालयकी राधा वाग्ले भन्छिन् ।

उद्योगीले पनि आफ्नो दायित्व बुझ्न सकेका छैनन् । नेपाल प्लास्टिक उत्पादक संघका अध्यक्ष शरद शर्मा भन्छन्, "प्लास्टिक उद्योगमा हजारौँ कर्मचारी, मजदुरको रोजगारी, करोडौँको लगानी, र कर्जा कसले तिरिदिन्छ? आयात हुने सामाग्रीमा पनि प्लास्टिक हुन्छ, त्यो पनि सरकारले व्यवस्थित गरेको छैन । यसको विकल्प सरकारले दिनुपर्छ ।"

https://bit.ly/3MjKage



# खोलाकै धमिलो पानी पिउन बाध्य अमलेखगञ्ज

बारा – चुरेको फेदमा रहेको अमलेखगञ्जका करिब १० हजार वासिन्दा ३ दशकदेखि खोलाकै धमिलो पानी पिउन बाध्य छन् र कतिपय गाउँमा त्यो समेत पुग्न सकेको छैन । पानी ओसार्न डेढ–दुई घण्टा लाग्छ ।

"२८ वर्ष अघि विवाह गरेर आएदेखि पानीको समस्या भेल्दै छु । महिलाहरूलाई कम्मर दुख्ने, घुँडा दुख्ने, पाठेघरको समस्या हुँदा स–साना बालबालिकालाई समेत पानीको जोहोको लागि पठाउनुपर्छ," रमिता थापा दुखेसो पोख्छिन् ।

**२८ वर्ष अघि विवाह गरेर आएदेखि पानीको समस्या भेल्दै छ**

महिलाहरूले ससाना पोखरी जस्तोमा वर्षातको पानी सञ्चित गर्छन्, तर त्यो पिउन योग्य हुँदैन । "हामी सानै देखी फोहोर पानी पिउन बाध्य छौँ," २४ वर्षिय निशान थापा भन्छन् । "जारको पानी किनेर खानु पर्छ । आर्थिक भार पर्नुका साथै पानी लिन जाँदा विद्यालय, कलेज छोड्नुपर्छ ।"

भिक्षाखोलिका नामले चिनिने त्यो ठाउँमा राणा प्रधानमन्त्री चन्द्रशम्शेरले दास प्रथा उन्मुलन गरी अमलेख गरेका मानिसहरू राखेकोले अमलेखगञ्ज नामाकरण गरिएको ईतिहास छ । तर सबै भन्दा महत्वपुर्ण तत्व पानी नै राज्यले दिन नसक्दा आफुहरू हेपिएको लाग्ने स्थानीयवासी बताउँछन् ।

पानी विज्ञ डा. राजन थापा भन्छन्, "चुरेको दोहन सँगै विश्व तापक्रममा वृद्धिले पानीको अभाव भएको हो । एकैपटक धेरै पानी पर्दा पानी बगेर जाने तर जमिनमुनि नपस्ने अवस्था छ ।"



पानी अभावमा पशुपंक्षी पाल्न नसकिएको महिलाहरू बताउँछन् । सुनिता देवी भन्छिन्, "वस्तुभाउ, खेतीपाती केही छैन ।" राजेन्द्र शाही ठकुरीले पानीको अभावमा आफ्नो ३८ विगाहा खेतीयोग्य जमिन बन्जड रहेको बताउँछन् । पुरूषहरू हात मुख जोर्न जिल्ला बाहिर वा विदेश जाने गरेका छन् ।

पर्सा राष्ट्रिय निकुञ्ज, विभिन्न दह, हात्ती सफारी, जंगल सफारी र चुरीयामाई, थानीमाई मन्दिर रहेको यो क्षेत्रमा पानी नहुँदा पर्यटन व्यवसाय संकटमा परेको छ । होटल तथा पर्यटन व्यवसायी महासंघका मोहन शर्मा लामिछाने भन्छन्, "अमलेखगञ्ज मा करिब १ अर्ब रूपैयाँ होटल व्यवसायमै लगानी गरिसकिएको छ । तर पानी किन्नुपर्ने हुनाले व्यवसाय सञ्चालनमा समस्या छ ।"



जैविक विविधतामा पनि सुख्खाले असर परेको छ । "हात्ती, बाघ, हरिण लगायत जनावरको वासस्थान रहेको निकुञ्जमा पानी अभावले समस्या आउँछ," पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोज साह बताउँछन् । "वन्यजन्तु बस्तीनजिक आउन थालेपछि चोरी सिकारीका घटना बढेका छन् र संरक्षण अभियान जोखिममा परेको छ ।"

निकुञ्जले वन्यजन्तुको लागि कृत्रिम पोखरीको पुनर्निर्माण गरिरहेको छ । "२५ वटा कृत्रिम तालका लागि ट्यांकरले पानी ओसार्नुपरेको छ," साह भन्छन् ।

भूगर्भविदले अमलेखगञ्जमा भूमिगत पानीको समेत अभाव रहेको बताएको खानेपानी तथा सरसफाई कार्यालय बाराका प्रमुख जकी अहमद बताउँछन् । "पाईप मार्फत पानी ल्याउनुको विकल्प नरहेको र वर्षाको वा खोलाको पानी सञ्चित गरेर दीर्घकालिन व्यवस्थापन गर्नुपर्ने उनीहरूको निश्कर्ष छ," अहमद भन्छन् ।

त्यहाँ राष्ट्रिय खानेपानी योजना नै भएपनि समस्या ज्युँका त्युँ छ । स्थानीयवासी भन्छन्, "भारतबाट जमिनमुनिबाट इन्धन आउन सक्ने, तर छिमेकी गाउँ पथलैयाबाट पिउने पानी किन नआउने? ठुल्ठूला



पूर्वाधारमा करोडौँ खर्चिने सरकारले अमलेखगञ्जमा नभई नहुने पानीको व्यवस्था गर्न किन सक्दैन?"

अमलेखगञ्ज खानेपानी उपभोक्ता समितिका अध्यक्ष नारायण लामिछानेले २०५३ सालमा पाईप मार्फत पानी ल्याउने प्रयास गरिएको तर सम्भव नभएको बताउँछन् । "पहिला ५० फिटसम्म पानी आउँथ्यो । हाल २५० फिट सम्ममा पनि पानी आउँदैन । मेशीन तलसम्म पुग्दा भाँच्चिएको थियो ।"

> **पहिला ५० फिटसम्म पानी आउँथ्यो । हाल २५० फिट सम्ममा पनि पानी आउँदैन ।**

प्रदेश २ सरकार र खानेपानी मन्त्रालयबाट विज्ञ टोलि हरेस खाएर फर्किए । जितपुर सिमरा उपमहानरगपालिकाले पथलैयाबाट पानी ल्याउने योजना प्रदेश सरकारबाट पारित गराउने प्रयास भइरहेको दावी गर्छ । प्रदेश २ खानेपानी तथा उर्जा विकास मन्त्री ओम प्रकाश शर्माले भने, "नेपाल ईन्जिनीयर एसोसिएसन मार्फत विज्ञ टोलिले अनुसन्धान गर्दैछ ।"

तराईमा नेपालका ४७% मानिसको बसोबास छ । यहाँका ९०% मानिस भूजलमा निर्भर छन् । विज्ञहरूका अनुसार यस क्षेत्रका सबै जिल्लामा त्यस्तै समस्या आउन सक्छ । तराईमा पर्याप्त पानी सुनिश्चित गर्नको लागी चुरे क्षेत्रकै संरक्षण गर्नु आवश्यक रहेको विज्ञ थापा बताउँछन् । जलवायु परिवर्तनले गर्दा हिमाल पग्लीरहेको सँगै तराईमा भईरहेको सुख्खाबारे पनि आवाज उठान गर्न आवश्यक देखिन्छ ।

▶ https://bit.ly/3FCTdnM

# व्यक्तिगत अनुभव

यो लेखनवृत्तीले मलाई एक्लै यात्रा गर्ने मौका दियो, जुन एउटा अद्भुत अनुभव थियो । महोत्तरी र सोलुखुम्बु जस्तो भौगोलिक र साँस्कृतिक रूपमा भिन्न दुई स्थानहरूमा यात्रा गरेर मैले नेपालको विविधतालाई नियाल्न पाएँ । यसले एउटा पत्रकार र व्यक्तिका रूपमा मेरा धारणाहरू बदल्न सहयोग गर्यो । जलवायु परिवर्तनको प्रकोप बढाउन केही पनि नगरेका मानिसहरूमाथि यसका असरले गरेको अन्यायको पनि म साक्षी भएँ । यो कार्यशाला नेपालका दूरदराज गाउँका महिलाहरूले भोग्ने वास्तविकतालाई गहिरो रूपमा बुझ्ने एउटा महत्वपूर्ण अवसर थियो । यसले मलाई विश्वव्यापी जलवायु परिवर्तनसँग सम्बन्धित जटिलताहरू बुझ्न सहयोग गर्यो । म जोसलिन टिम्पर्लेलाई उनको सल्लाहका लागि धन्यवाद दिन्छु, जसले मेरा लेखहरूलाई आकार दिन सहयोग गर्यो ।



**मरिसा लीना टेलर**

# महोत्तरीमा नदीकिनारलाई खेतीयोग्य जमिनमा परिणत गरिँदै

महोत्तरीः गौशाला नगरपालिकाको मरहा खोला किनारको एउटा खेतबाट यो वर्ष राजिना खातुनले आफ्नो जीवनमा पहिलोपल्ट धानबाली भित्र्याउने छिन् ।

"उब्जनी धेरै त हुँदैन, तर मेरो परिवारलाई खुवाउन सघाउँछ," १५ जनाको परिवार भएकी ६० वर्षीया खातुनले भनिन् ।

"उब्जनी धेरै त हुँदैन, तर मेरो परिवारलाई खुवाउन सघाउँछ,"

केही वर्षअघिसम्म खातुनसँग यही खेत पनि थिएन । यो जमिन गिटी र गेग्रानले पुरिएको थियो । स्थानीय सरकारको सहायतामा मरहा खोलाको लगभग ६० हेक्टर क्षेत्रफल ३०० घरधुरीका लागि खेतीयोग्य जमिनमा परिणत गरिएको छ । जमिनलाई फेरि खोलाले बगाउनबाट रोक्नका लागि तटबन्धनको निर्माण गरिएको छ र विभिन्न तहको खेतीमा आँप, लिची, कागती, मेवा र बाँस रोपेर जैविक इन्जिनियरिंगको विधि प्रयोग गरिएको छ ।

कुनै बेला मरहा खोला वर्षैभरि बगिरहन्थ्यो । तर बिस्तारै यसले आफ्ना तटहरू फैलाएर किनारा विस्तार गर्यो ।

नदीकिनारमा बनेका नयाँ खेतलाई सधैँ बाढीको खतरा छ । "अहिले त खोला पुरै सुख्खा छ, तर पानी पर्न थालेपछि कुनै पूर्वसूचना बिनै पानीको सतह बढ्न थाल्छ," खातुनले भनिन् ।



पर्यावरणविद्हरूले यस्तो बाढीलाई चुरेको क्षयीकरणसँग जोडेर हेर्नेगर्छन् । "संवेदनशील चुरे पहाडको विनाशले मौसमी नदीहरूको गेग्रानको मात्रा बढाएको छ, जसले तल्लो तटीय क्षेत्रहरूमा बाढी ल्याउँछ," अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का वरिष्ठ जलवायु परिवर्तन विशेषज्ञ अरूणभक्त श्रेष्ठ भन्छन्, "अर्को कारण अतिवृष्टि पनि हो ।"

नेपाल सरकारको जल तथा मौसम विज्ञान विभागका अनुसार वर्षाको मात्रामा उल्लेखनीय रूपमा वृद्धि भएका चार जिल्ला मध्ये महोत्तरी पनि एक हो । पर्यावरणविद्हरू यसलाई जलवायु परिवर्तनको असर मान्छन् ।

"जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी समिति (आइपीसीसी) को प्रतिवेदनले बाढी र विश्वव्यापी तापक्रम वृद्धिमा प्रत्यक्ष सम्बन्ध देखाएको छ," संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)की उत्थानशीलता सल्लाहकार विजया सिंहले भनिन् ।

यस्ता घटनाहरूले नेपालजस्तो गरिब राष्ट्रहरूलाई बढी असर पर्छ, नेपाल यसै पनि विश्वव्यापी रूपमा जलवायु परिवर्तनको सबैभन्दा जोखिममा रहेका १० देसमध्ये पर्छ । विपद् व्यवस्थापन सम्बन्धी वार्षिक प्रतिवेदन २०१७ का अनुसार, "बाढी, पहिरो, आँधीबेहरी, असिनापानी, डढेलो, भूकम्प, र हिमताल विष्फोटन जस्ता प्राकृतिक प्रकोपबाट नेपालका ८०% भन्दा बढी मानिस जोखिममा छन् ।" प्राकृतिक श्रोतहरूमा पूर्णतया आश्रित रहने, विशेषगरि ग्रामीण महिलाहरू सबैभन्दा बढी जोखिममा छन् ।

**"संवेदनशील चुरे पहाडको विनाशले मौसमी नदीहरुको गेग्रानको मात्रा बढाएको छ, जसले तल्लो तटीय क्षेत्रहरुमा बाढी ल्याउँछ,"**

महोत्तरीमा तापक्रम वृद्धि जस्ता अन्य मौसमी विसंगति देखिएतापनि प्रमुख समस्या वर्षा नै हो, जुन आजकाल अप्रत्याशित बनेको छ । गहिरा ईनार खन्न सक्ने आर्थिक क्षमता भएका व्यक्तिहरूले मात्र धान खेती गर्न सक्छन् । "असारमा धान रोप्न पुग्नेगरि पानी पर्थ्यो । तर अस्तिको पालि भदौमा अलिकति पानी पर्यो, अनि एकैचोटि वैशाखमा पर्यो," नजिकैको कुस्मादीकी सुकुरी माया बलमपाकेले भनिन् । उनले रोपेका मकै उम्रिएनन् ।

यो वर्ष उनी अलि आशावादी छिन् । यहाँ पनि स्थानीय सरकारले ५० हेक्टर बगर क्षेत्रलाई भण्टा, भिण्डी, टमाटर र करेलाका लागि बारीमा परिणत गरको छ । बलमपाकेले भिण्डीबाट ४०,००० रूपैयाँ कमाइसकिन् ।

**"कुनै वर्ष खडेरी लागेर खेतीपाती गर्न असम्भव हुन्छ । अरु वर्ष बाढीले सबै डुबाइदिन्छ,"**

तर दिर्घकालका लागि यस्ता योजना पर्याप्त छैनन् । "नदीतटिय खेतीले अतिरिक्त आम्दानी दिन्छ, तर त्यो दिगो हुँदैन," इसिमोडका खाद्य सुरक्षा अर्थशास्त्री अबिद हुसैनले भने, "नदीहरूले प्रत्येक वर्ष आफ्नो पथ परिवर्तन गर्छन् । नदीको छेउमा खेत हुने कृषकहरू सधैँ जोखिममा हुन्छन् ।"

गौशालामा भएका परिवारहरूका लागि भने यो एउटै विकल्प हो । "कुनै वर्ष खडेरी लागेर खेतीपाती गर्न असम्भव हुन्छ । अरू वर्ष बाढीले सबै डुबाइदिन्छ," बलमपाकेले भनिन् । "हामी कहीँ सर्न मिल्ने थियो भने सर्थ्यौं । तर हाम्रो जाने ठाउँ कहीँ पनि छैन ।"

https://bit.ly/3KlrH1G



# सोलुखुम्बुमा आलु उत्पादनमा जलवायु परिवर्तनले असर गर्दै

सोलुखुम्बु पूर्ण माया मगरले रिल्दोक तताउँदै गर्दा सिमसिम पानी पर्न थाल्छ । आलुलाई तातो, अडिलो झोलमा पकाएर बनाइने रिल्दोक शेर्पा समुदायको परम्परागत परिकार हो ।

"लगभग सबै परिवारले रिल्दोक बनाउँछन् । आलुले पेट भर्छ अनि बाक्लो झोल र टिमुरले जिउलाई न्यानो पार्छ," सोलुखुम्बुको पात्तलेकी वासिन्दा ४६ वर्षिय मगरले भनिन् ।

**"यो सबैको कारण अनियमित वर्षा नै हो,"**

मगरले लगभग सबै कुरामा आलुको प्रयोग गर्छिन् मासु र तरकारी देखि आलुरोटीसम्म । हिमाली भेगमा आलुको महत्वको वर्णन गरेरै सकिँदैन । आलु सजिलै उब्जिन्छ, र वर्षैभरि पोषण दिइराख्छ । बैशाखदेखि असोजसम्म एउटै मात्रै बाली लगाइने ३,५०० मिटर भन्दा माथिका कतिपय ठाउँमा आलु मात्र रोपिन्छ ।

विगत केही वर्षदेखि स्थानीयवासीले आलु उब्जनीमा चुनौती खेपिरहेका छन् ।

"पोहोर लगभग ९०% आलु सखाप भयो," मगरले भनिन्, "आलुको दाम बढेर ३०० रूपैयाँ किलो पुग्यो, जुन सामान्य मूल्य भन्दा तेब्बर हो ।"

मगरले यसको कारण पानी नपर्नुलाई मान्छिन् । विज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारणले यस्तो भएको हुनसक्छ । खडेरी, अनियमित वर्षा, र बाढी जस्ता विषम मौसमी घटना बारम्बार भइरहेका छन् ।

जोखिमपूर्ण पारिस्थितिकिय क्षेत्रमा बसोबास गरि प्रत्यक्ष रूपमा आफ्नो वातावरणमा आश्रित रैथाने समुदायहरूमा यस्ता परिवर्तनले पार्ने असर हेर्न बाँकी नै रहे पनि यसको परिणाम गम्भीर हुने कुरामा दुईमत छैन ।

"धेरै पानीले गर्दा एक खालको ढुसी परेर डढुवा रोग (लेट ब्लाइट) लाग्छ, जसले बाली सखाप पार्छ," सोलुखुम्बु कृषि ज्ञान केन्द्रका प्रमुख दुर्गा बहादुर तिरूवाले भने । "यो रोगको प्रकोप बढेको छ ।"

सगरमाथाकै छाँयामा भए पनि यो क्षेत्रको औसत तापक्रम वृद्धि विश्वव्यापी औसतभन्दा बढी छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को एक प्रतिवेदन अनुसार हिन्दु-कुश क्षेत्रमा सन् १९५१ देखि २०१० सम्म औसत तापक्रम वृद्धि १.५ डिग्री सेल्सियस थियो, जबकी विश्वव्यापी औसत ०.६ डिग्री थियो ।

फाप्लुबाहिर कहिल्यै नटेकेकी ७२ वर्षिया डोल्मा लामा भन्छिन्, "म सानी हुँदा यति धेरै हिँउ पर्थ्यो कि हामी बाहिर निस्किनै सक्दैन थियौँ, वस्तुलाई खुवाउनलाई पनि जान सक्दैनथ्यौँ । त्यति धेरै हिउँ पछिल्लो चोटी परेको सम्झनै छैन ।"

यस्ता परिवर्तनहरूले कृषिमा असर पार्छन् । सोलुखुम्बुमा मंसिरमा आलु रोपिन्छ र असारमा भित्र्याइन्छ । सन् २००८ को एक प्रतिवेदन अनुसार आलु भित्र्याउने मौसम घाटमा (चैत्रको शुरूबाट माघको शुरूमा) र फाकदिङ्मा (चैत्रको शुरूबाट पौषको शुरूमा) सरेको पाइयो ।

जिल्लाबाट स्याउहरू लगभग लोप भइसके, विगतका स्याउ बगैँचामध्ये ज्यादै थोरै मात्रै बाकीँ छन् । रङ्ग र चमक बिनाका यी फलहरू साना र अमिला छन्, अनि रक्सी पार्न मात्र काम लाग्छन् ।

"यो सबैको कारण अनियमित वर्षा नै हो," तिरूवाले भने, "फल थोरै लागे, छिटै फले, मरे, अनि स्याउका बोट पनि मरे, जसले गर्दा आर्थिक नोक्सानी भयो ।"

पाँच वर्ष अघि गर्माका ६७ वर्षिय जाङ्बु शेर्पाले स्याउको सट्टा किवी रोप्न थाले । "एउटा किवीले १५ देखि ४० किलोसम्म फल उत्पादन गर्छ," लगभग ३०० बोट लगाएका शेर्पाले भने । यसले बजारमा राम्रो मूल्य पाउँछ ।

तर यसरी बाली परिवर्तन गर्ने अभ्यास दिगो होइन ।

"एउटा बालीलाई अर्कोसँग साट्नु वा एउटा मात्र बालीमा निर्भर रहनु खतरनाक हुन्छ, यसले समुदायहरूलाई असुरक्षित बनाउँछ । सबैभन्दा राम्रो तरिका भनेको थोरै माटो र पानीमा पनि फस्टाउन सक्ने प्रजातिहरू ल्याएर उत्थानशीलता वृद्धि गर्नु नै हो," इसिमोडका खाद्य सुरक्षा अर्थशास्त्री अबिद हुसैनले भने ।

सबै कृषकहरूसँग बाली परिवर्तन गर्ने विकल्प पनि हुँदैन । "हामीले आलुकै खेती गर्नुपर्छ," सुमा शेर्पाले भनिन्, "नत्र हामी के खाने?"

https://bit.ly/3AhNVgw

## व्यक्तिगत अनुभव

पानीको अभाव सुदुरपश्चिममा विगत देखि नै छ । म पनि यहि समाजमा हुर्केकाले होला, मलाई यो सामान्य लाग्थ्यो । तर ब्रिटिश काउन्सिल नेपालको कार्यशालामा भाग लिएपछि मैले गहिराईमा समाचार संकलन गर्न पाएँ । यहाँका महिलाको दु:ख सुन्दा लाग्यो, हामी ठूला विकासका कुरा गर्छौं, यहाँ साना देखिने कुराहरूले डरलाग्दो अवस्था सृजना गरिरहेका छन् । यस अघि मेरो समाचार लेखनमा जलवायु परिवर्तनले स्थान पाएको थिएन, मन नभएर होइन जानकारी नभएर । मैले गर्ने पानीको अभावका समाचार सामान्य हुन्थे । यो लेखनवृत्तीमा मैले विज्ञ र वैज्ञानिकहरूसँग कुरा गर्ने अवसर पाएँ । हेर्दा सामान्य लाग्ने कुराको डरलाग्दो रूप देखेँ, मानिसहरूलाई यो खतराका बारेमा बताउन आवश्यक छ भन्ने लाग्यो । म पत्रकार साथीहरूलाई पनि आफूले जानेको कुराहरू सिकाउनेछु ।




**निर्मला खडायत**

# पानी बोक्दै सकिन्छ महिलाको आधा जीवन

डोटी – दिपायल सिलगढी नगरपालिका १ तिखाकी विष्ना खड्काको बिहान वर्षदिनकी छोरी छोडेर पानी लिन जानुपर्ने चिन्ताबाट शुरु हुन्छ । विष्नाका श्रीमान रोजगारीका लागि भारतमा छन् । घरमा वृद्धा सासू र दुई छोरी छन् । "एक घण्टा टाढाको मुहानबाट खानेपानी ल्याउनुपर्ने जिम्मा मेरै काँधमा छ," खड्का अनुभव सुनाउँछिन् ।

त्यही ठाउँकी अनिता कठायतको दु:ख पनि कम छैन । "जति नै बिरामी भएपनि मैले बिहान ५ बजे घरबाट निस्केर डेढ घण्टा टाढाको द्वारीगाडबाट ३० लिटरको गाग्रीमा पानी ल्याउनैपर्छ," कठायत भन्छिन् ।

> **"जति नै बिरामी भएपनि मैले बिहान ५ बजे घरबाट निस्केर डेढ घण्टा टाढाको द्वारीगाडबाट ३० लिटरको गाग्रीमा पानी ल्याउनैपर्छ,"**

तिखाकी सेलिना पार्की पनि ६ महिनाकी दुधे छोरीलाई कोठाभित्र एक्लै छोडेर पानी लिन जान्छिन् । श्रीमान रोजगारीका लागि भारत गएकाले घरमा सेलिना र काखे छोरी मात्र छन् ।

बिहानै खानेपानी ल्याउनु, पानी सकिइहाले फेरि बेलुका पानी लिन जानु, र नुहाउनका लागि अझ परको ठुलो खोलामा जानु यहाँका महिलाको दैनिकी हो । कात्तिक मंसिरदेखि खोलाको पानी कम हुँदै जाने र चैत वैशाखमा त हाहाकार नै हुने गर्छ । "पालो नपाएर कहिलेकाहीँ त मुहानमै रात बिताउनुपर्छ," स्थानीयवासी गौरीदेवी भुलले दुखेसो



सुनाइन् । मुहान नजिक घर हुनेले सहजै पानी दिन नमान्दा विवाद हुने पनि स्थानीय बासिन्दा बताउँछन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार एकजना स्वस्थ व्यक्तिलाई पिउन र सरसफाईका लागि दैनिक ७.५-१५ लिटर स्वच्छ पानी चाहिन्छ । तर, डोटीमा त्यो पूरा हुँदैन । पानीको अभाव र फोहोर पानीका कारण धेरै बिरामी हुने स्वास्थ्यकर्मी बताउँछन् ।



"झाडापखाला, मृगौलामा समस्या, पत्थरी, कब्जियत, टाउको दुख्ने, थकान, खानामा अरूचि, छाला सुख्खा हुने, आँखा, छाती, र घाँटी पोल्ने, पिसाब पहेँलो हुने र पोल्ने लगायत समस्या हुने बिरामीको संख्या बढिरहेको छ," तिखा स्वास्थ्य चौकीका अनमी मनिषा खड्काले जानकारी दिइन् ।

खानेपानीको जोहो गर्ने जिम्मा महिलाको हुन्छ, जसका कारण धेरैले विद्यालय जान पाउँदैनन् र सानै उमेरमा बिहे र बच्चा पनि हुन्छ । पानीकै कमीले गर्दा महिनावारी भएको बेला महिलाले पर्याप्त सरसफाई गर्न पाउँदैनन् र प्रजनन स्वास्थ्यमा जटिल समस्या देखा पर्छन् । उपचारमा प्राथमिकता नपाउँदा कतिपयले अकालमै ज्यान गुमाउँछन् भने कतिपयले शारीरिक तथा मानसिक समस्या भोगिरहेका छन् ।

डोटीमा पानी पहिलेदेखि नै कम थियो, तर दुई दशक यता मूलहरु सुक्न थालेपछि समस्या बढेको छ । "पहिले ठाउँ ठाउँमा मूल र खोलाहरु थिए । तर एक दशकयता धेरै खोलाहरु सुकिसकेका छन्, मूलमा पानी आउन छोडेको छ," तिखाका ७० वर्षीया तारा खड्काको भनाई छ ।



“ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाले गरेको अनुसन्धानबाट हरेक वर्ष पानीका ५०% मुहानहरु ७% का दरले सुक्दै गइरहेको देखाएको छ,” जलवायु परिवर्तन अनुसन्धानकर्ता पल्लवराज नेपालले जानकारी दिए ।

“दशकयता डोटीमा एक्कासि ठूलो पानी पर्ने र नपर्दा खडेरी लाग्ने गरेको छ । यसको असर जलाधारहरुमा परिरहेको छ, ती पुनर्जलित हुन पाएनन्,” भू तथा जलाधार व्यवस्थापन कार्यालय डोटीका भूसंरक्षण अधिकृत गणेश त्रिपाठी भन्छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणले पनि यस्तो तथ्यांक पुष्टि गरेको छ ।

“वनजंगल विनाशका कारण पनि वर्षामा अनियमितता भइरहेको छ । कतिपय ठाउँमा विकास निर्माणले पनि मुहान सुकिरहेको छ,” जल तथा मौसम विज्ञान कार्यालय कोहलपुरका मौसमविद् रामबाबु मिश्र भन्छन् ।

**“पानीका मुहान संरक्षण गर्नेतर्फ ध्यान दिन नसके भोलि डरलाग्दो अवस्था आउनेछ,”**

यो क्षेत्रमा काम गर्ने पुनर्जागरण समाज नेपालका महासचिव मदन थापाले यो भयानक समय भएको बताए । “पानीका मुहान संरक्षण गर्नेतर्फ ध्यान दिन नसके भोलि डरलाग्दो अवस्था आउनेछ,” थापा बताउँछन् ।

डोटीको दिपायल सिलगढी नगरपालिकाका चारवटा वडामा एसियाली विकास बैंकको सहयोगमा शहरी खानेपानी योजना सञ्चालनमा छन् । “तर योजना समयमै सम्पन्न भएमा पनि स्थानीय बासिन्दाले पानी पाउन अझै ३-४ वर्ष कुर्नुपर्छ,” योजनाका सुदूरपश्चिम प्रदेशका प्रमुख हरि ढकालले जानकारी दिए । नगरपालिकामै सुदूरपश्चिम प्रदेश सरकारबाट पनि सातवटा योजना सञ्चालनमा छन् र यस वर्ष बजेटको प्राथमिकतामा परेका छन् । तर स्थानीय बासिन्दालाई ती योजनाका बारेमा जानकारी छैन ।

https://bit.ly/3qCw94b

## व्यक्तिगत अनुभव

नेपालमा प्रायः पुरुषहरूले विज्ञान सम्बन्धी समाचार लेख्छन् । महिलाहरूकै लागि मात्र जलवायु सम्बन्धी समाचार लेखनको यो कार्यक्रम मलाई रोमाञ्चक लाग्यो । हाम्री सहजकर्ता जोसलिनले विभिन्न मुद्दा उठान, क्रियाकलाप र छलफलहरू गराइन् । मैले विशेषगरि समाधान पत्रकारिताका बारेमा सिकेँ, जसको बारे मैले पहिले कहिल्यै सुनेकी थिइँन । हामीले जलवायु परिवर्तनसँग सम्बन्धित समस्याहरूका बारेमा मात्र सुन्छौँ, त्यसैले मैले यस विषयका सकारात्मक कथानकहरूमा काम गरेँ । स्थलगत भ्रमण नौलो र अनुपम थियो । मैले कार्यशालाबाट पाएको सिकाइबाट म वातावरण पत्रकारितामा आफ्नो काम अघि बढाउन र युवा महिलाहरूलाई जलवायु सम्बन्धी पत्रकारिता गर्न प्रोत्साहन दिनेछु ।



**निशा राई**

# महिलाहरुलाई फोहोर व्यवस्थापनमा संलग्न गराउने उद्यमी

काठमाडौँ – महिलाहरू प्रायः आफ्नो घरमा पुनः प्रयोगकर्ताका काम गर्छन्, तर सार्वजनिक तहको फोहोरमैला व्यवस्थापनमा उनीहरूको सहभागिता कमै हुन्छ । ५०% कर्मचारीहरू महिला रहेको फोहोरमैलाको व्यवसाय गर्ने अवनी भेन्चर्सले यो अवस्थामा परिवर्तन ल्याउने काम गरिरहेको छ । पुनर्प्रयोग योग्य सामग्रीहरू अलग्याएर, सफा गरेर, प्रकार प्रकारमा छुट्याएर, अनि केलाएर अवनीका महिलाहरूले जलवायु परिवर्तनका मुद्दाहरूलाई सम्बोधन गर्न सहयोग गरिरहेका छन् ।

नेपालमा व्यवसायिक फोहोरमैला व्यवस्थापन कर्मचारीमध्ये ७६% पुरूष छन् । धेरैजसो फोहोर आइपुग्ने रातिको समयमा उनीहरू काम गर्ने सम्भावना धेरै भएकोले उनीहरू बढी कमाउँछन् । पुनर्प्रयोगका उद्यमहरू खोलेर र यसको कारोबार गरेर पुरूषहरू अनौपचारिक फोहोरमैला अर्थतन्त्रमाथि मात्र हावी हुँदैनन्, यस्ता संस्था स्थापना र व्यवस्थापन गरेर औपचारिक क्षेत्रमा पनि पकड राख्छन् ।

"जलवायु अनुकूल पर्यावरणहरूको निर्माण गर्न र लैंगिक असमानता विरूद्ध लड्न हामीले महिलाहरूलाई यो क्षेत्रको निर्णायक तहमा ल्याउन आवश्यक छ," अवनी भेन्चर्सकी संस्थापक र निर्देशक शिलशिला आचार्य भन्छिन् । आचार्यले शुरुमा जलवायु परिवर्तन विरूद्धका प्रदर्शनहरूमा अभियानकर्ताका रूपमा भाग लिइन् । तर केही समय नबित्दै उनले निर्णय गरिन्, आफूले गर्ने जे कामले पनि वातावरणमा सुधार ल्याउनु पर्छ । उनको संस्था अवनी भेन्चर्स अभियान र तालिमका माध्यमबाट युवा, महिला र राजनीतिज्ञहरूमा जलवायु शिक्षा सम्बन्धी चेतना फैलाउनमा केन्द्रित छ ।



आचार्यले समाजमा रहेको स्त्रीद्वेषिता र मानिसहरूले वातावरणप्रति गर्ने व्यवहारमा समानता औँल्याउँछिन् । "जसरी पुरूषहरूले महिलाहरूमाथि थिचोमिचो गर्छन्, मानिसहरूले प्रकृतिमाथि ठ्याक्कै उस्तै थिचोमिचो गर्छन्," उनी भन्छिन्, "जलवायु परिवर्तन र लैंगिक भेदभावको समाधान एउटै छ, महिला र प्रकृतिको भूमिका बुझ्नु महत्वपुर्ण हुन्छ ।"

उनका विचारमा त्यो लक्ष्य प्राप्त गर्नको लागि सञ्चारको पैरवी, नीतिगत निर्देशन, दिनानुदिनको सक्रियता र उद्यमजस्ता थुप्रै रणनीतिहरू अपनाउनुपर्छ । त्यस्तै, फोहोरमैला प्रशोधनको प्रत्येक चरणमा महिलाहरूको अर्थपूर्ण सहभागिता अति आवश्यक छ ।

**"जसरी पुरुषहरुले महिलाहरुमाथि थिचोमिचो गर्छन्, मानिसहरुले प्रकृतिमाथि ठ्याक्कै उस्तै थिचोमिचो गर्छन्,"**

"पुरूषका विचारमा महिला निर्णयकर्ता हुन सक्दैनन्, किनभने यो उनीहरूको लागि अति गाह्रो काम हो । महिलाहरूले वातावरणका बारेमा कसरी निर्णय लिन सक्छन् र?" आचार्य भन्छिन् । यो मनोवृत्तिले वास्तविकतासँग पटक्कै मेल खाँदैन । महिलाहरू परम्परागत रूपमै फोहोरमैला व्यवस्थापक रहिआएका छन् – प्रायजसो घरमा, अवैतनिक रूपमा ।

अवनीमा जुम्लाकी सुशिला कठायत गिरीले हरित नगर अभियान फोहोरमैला व्यवस्थापन कार्यक्रमकी प्रमुख कार्यकारी अधिकृतका रूपमा फोहोरमैला उद्यमी भई काम गरिरहेकी छिन् । कठायतलाई फोहोरमैला व्यवस्थापनका बारेमा खासै थाहा थिएन, तर उनले अवनीमै सिकिन् र अहिले अझ सुदृढ फोहोरमैला व्यवस्थापनका लागि

समुदायमा पैरवी गर्ने १४ महिलाहरूको संघको अगुवा बनेकी छिन् । संघका दर्जनौँ महिलाहरूले बटुलिएका प्लाष्टिक र फोहोरबाट सामग्री बनाएर बेच्ने गर्छन् । थप महिलालाई भर्खरै जैविक फोहोरमैलाबाट मल बनाउने तालिम प्रदान गरिएको छ ।

अवनीले २७ महिला उद्यमीलाई सहयोग गरेको छ । श्रवण र बोलाई सम्बन्धी अपांगता भएकी पुर्णिमा शेर्पा आफूले पारेको प्रभावमाथि गर्व गर्छिन् । "उनी पुरूषहरू भन्दा राम्ररी र अझ मिहिनेतले काम गर्छिन्," आचार्य प्रष्ट पार्छिन् ।

आचार्यका अनुसार सरकारले निजी क्षेत्रलाई सक्ने जति सहयोग गरिरहेको छैन । "महिलाहरूलाई फोहोरमैला व्यवस्थापनको क्षेत्रबाट अझ बढी लाभ लिन तालिम दिइएको र सक्षम बनाइएको भए पनि चुनौतीहरू अझै बाँकी छन्," आचार्य भन्छिन् ।

एउटा ठूलो चुनौती भनेको राजनीतिमा महिला नेतृत्वको कमी हो । सबै निर्णायक पुरूष भएकाले जलवायु परिवर्तनलाई सम्बोधन गर्न थप महिला फोहोरमैला व्यवस्थापकको आवश्यकता रहेको उनीहरू बुझ्दैनन्, आचार्य औँल्याउँछिन् ।

**"महिलाहरुलाई फोहोरमैला व्यवस्थापनको क्षेत्रबाट अझ बढी लाभ लिन तालिम दिइएको र सक्षम बनाइएको भए पनि चुनौतीहरु अझै बाँकी छन्,"**

https://bit.ly/34C6oJn



# जलवायु परिवर्तनका असरप्रति उत्थानशीलताको वृद्धि गर्न रैथाने बाली

कास्की – कुशल पौडेलले आफ्नो बुवासँग कृषिको बारेमा भएको एउटा कुराकानी सम्झिरहन्छन् — खाना खाने बेलामा बुवाले सुनाएका थिए, एक दशकअघि मात्र खेतीकिसानी कति फरक थियो । कास्कीमा रहेको पौडेलको अन्नपूर्ण गाउँ उर्वर माटोको लागि प्रसिद्ध थियो । वास्तवमा अन्नपूर्णको अर्थ नै "खाद्यान्नको प्रशस्तता" हो ।

पौडेलका बुवाले आफू साना हुँदा गाउँमा फल्ने थुप्रै रैथाने बाली, औषधीय गुण भएको धान र गुलियो कोदोका बारेमा बताएका थिए । आज ती सबै प्रजाति लोप भइसके । "भन्सार विभागका अनुसार नेपालमा रापिने बीउबीजन मध्ये ८०% आयातित हुन् । राष्ट्रले अरबौँ रूपैयाँ बराबरको रासायनिक सामग्री किनिरहेको छ, जसले हाम्रो माटो र वातावरणलाई पनि क्षति पुर्याउँछन्," कृषिविद् पौडेलले भने । "नेपालको ५०% भन्दा बढी कृषि जैविक विविधता लोप भइसक्यो ।"

कृषिमा स्नातकको अध्ययन सकेपछि पौडेलले गिट्ठा, भ्याकुर र सुठुनी जस्ता रैथाने बालीको खेती गर्न थाले ।

"प्रत्येक वर्ष हजारौँ विद्यार्थीहरूले कृषि विज्ञानमा डिग्री हासिल गर्छन्, तर उनीहरू काम खोज्छन् वा विदेशिन्छन्," २४ वर्षिय पौडेल भन्छन् । "मेरो पुस्ताले पहल गरेन भने के सार भयो र?"

रैथाने बाली रोपेर पौडेल नेपालमा रैथाने खाना सम्बन्धी व्याप्त गलत धारणाहरू पनि हटाउन चाहन्छन् । "गिट्ठा भ्याकुर भनेको राउटेको खानेकुरा होइन र?' मानिसहरू यस्तो बालीलाई गरिब, सीमान्तीकृत समुदायहरूसँग जोडेर सोध्छन्," पौडेल भन्छन् । "तर यी खानेकुराहरूमा पौष्टिक तत्व हुन्छ, यिनीहरू जलवायु अनुकुल हुन्छन्, र जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न योगदान पनि गर्न सक्छन् ।" यस्ता बालीलाई धेरै पानी वा हेरचाह चाहिँदैन र यिनीहरू बाँझो जमिनमा पनि हुर्कन सक्छन् ।

**"प्रत्येक वर्ष हजारौं विद्यार्थीहरुले कृषि विज्ञानमा डिग्री हासिल गर्छन्, तर उनीहरु काम खोज्छन् वा विदेशिन्छन्,"**

पौडेल कन्दमूलको खोजीमा गाउँ-गाउँ डुले, र साना रूख तथा घाँसले छोपिएको अनि पातलो माटोको पत्र भएको एउटा बेवास्ता गरिएको, भिरालो, चट्टानी क्षेत्रको छनौट गरे । उनले जे पनि सम्भव छ भनेर देखाउनलाई जानीजानी यो सीमान्त जमीनलाई पुनः उर्वर बनाउने चुनौति स्वीकारे । उनले बाँसलाई गह्वा बनाउन प्रयोग गरिने एउटा जैविक इन्जिनियरिंग प्रविधिको उपयोग गरेर यो स्थानमा कन्दमूल रोपे । गह्वालाई त्यसपछि माटो, मल र सुकेका पात-पतिंगरले भरिन्छ । माटो बिनाको जमिनमा उनले माटो र मल भरिएको बोरामा बाली रोपे ।

हाल पौडेलले ३० भन्दा बढी प्रजातिका बालीहरू हुर्काइरहेका छन् । उनले रैथाने र बेवास्ता गरिएका अन्य ८० भन्दा बढी प्रजातिहरू उत्पादन गर्न चाहिने बीउ, जरा र अन्य सामग्रीहरूको संकलन पनि गरेका छन् ।

"यी बालीहरूले भोकमरी र कुपोषण घटाउने अनि साना किसानहरूलाई जलवायु परिवर्तन अनुकूलनमा सहयोग गर्ने प्रचुर सम्भावना बोकेका छन्," राष्ट्रिय आदिवासी-जनजाति महिला महासंघकी अध्यक्ष चिनीमाया माझीले भनिन् । माझीले भूमि र रैथाने आहारका मुद्दाहरूमा वकालत गर्छिन् ।

माझी कन्दमूलहरू खाएर हुर्किइन् । उनकी आमाले उनलाई बोटबिरूवा र बीउ बचाउने परम्परागत प्रविधिहरू सिकाइन् । एकपटक फिलिपिन्स भ्रमणमा गएका बेलामा माझीले प्रत्येक छाकमा सुठुनी समावेश गरिएको देखिन् । "फिलिपिन्समा आँधीबेहरी आउँदा अन्तर्राष्ट्रिय सहयोग नपुग्दासम्म हजारौं मानिसहरूले सुठुनी खाएको मैले सुनेकी छु," माझीले भनिन् । "सुठुनी पौष्टिक हुन्छ र विशेष गरि ग्रामीण समुदायहरूमा प्राकृतिक प्रकोपहरू पछिको राहतमा अमूल्य हुन्छ ।" हरेक वर्ष विपत्ति र खाद्य संकट भइरहने नेपाललाई पनि यस्ता रैथाने खानाले फाइदा पुर्याउन सक्छन् ।

नेपालमा भर्खरै घटेका पहिरो र अतिवृष्टि जस्ता प्रकोपहरूले जलवायु परिवर्तनसँग उत्थानशील बालीको खेती गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । २०७५ मा नेपालले रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यान्वयन कार्य योजनाको अनुमोदन गर्यो । यसको पहिलो चरणमा सरकारले हुम्ला, जुम्ला र लमजुङमा तीन वर्षीय कार्यक्रम लागु गर्यो ।

https://bit.ly/34OJIoH

# पहिरोले गाउँ बगाएपछि सरेको बस्ती

काठमाण्डु – दोलखाको छेमावती गाउँपालिकामा वर्षाले सधैँ खतराको चेतावनी दिन्छः गाउँलेहरू ज्यान जाने हो कि भनेर डराउँछन् । सन् २०१५ को भूकम्पमा गाउँका सबैजसो घर धुलोपिठो भएका थिए । गाउँलेहरू महिनौँसम्म भत्केको घरको छेउमा पाल गाडेर बसेका थिए ।

एक दिन त्यहाँका केही महिलाले आफ्नो परिवारको सुरक्षाका लागि नजिकैको भिमेश्वर नगरपालिकामा बसाइँ सर्ने निर्णय गरे । उनीहरू फेरी गाउँमा बस्न जान सकेका छैनन्, तर दिनदिनै गाउँमा भएको खेतमा काम गर्न जान्छन् ।

“हाम्रो खेत नै यहाँ छ,” सुनीता थामी दु:खेसो पोख्छिन् । “हामीलाई यो खेतको उब्जनी चाहिन्छ । त्यसैले कुन बेला पहिरो जाने हो ठेगान नभए पनि यो ठाउँ छोड्न सक्दैनौँ ।”

> “म जिन्दगीभरी एक ठाउँबाट अर्को ठाउँ सर्दै हिँडेकी छु, पहिरोबाट बच्नलाई ।”

छ वर्ष अघि आफ्नो घर भत्काएको त्यो विपत्ती सुनीतालाई याद छ । “धेरै जनाको ज्यान जाने गरी ठुलो पहिरो गएको थियो । त्यसपछि हामी भिमेश्वर सर्ने निर्णय गर्यौँ,” उनी भन्छिन् ।

इञ्जिनियर र भूगर्भविदको एउटा टोलीले उनको गाउँमा आएर गाउँलेहरूलाई त्यो ठाउँ छोडेर जाने सल्लाह दिएका थिए । “तर सरकारले हामीलाई सर्ने ठाउँ नदिएसम्म हामीसँग जाने ठाउँ नै थिएन,” थामी भन्छिन् ।

“हामी अन्त जग्गा किन्नै सक्दैनौँ,” भिमेश्वर सरेकी अर्की महिला मसिनी थामी भन्छिन् । “म जिन्दगीभरी एक ठाउँबाट अर्को ठाउँ सर्दै हिँडेकी छु, पहिरोबाट बच्नलाई ।”

एक दशकअघि पहिरोमा घर पुरिएपछि मसिनी आफ्नो परिवारसँगै जंगलमा बस्न गएकी थिइन्, जहाँ उनले आलु उमारिन् । “मैले खानका लागि आलु रोपेँ,” उनी भन्छिन् । “महिलाहरूले बाँच्नका लागि जे पनि गर्न सक्छन् ।”

यो थामी गाउँका ५६ परिवारले ठाउँ सर्न सघाउन जिल्ला प्रशासन कार्यालयलाई आग्रह गरे । थुप्रै महिनाको छलफलपछि सरकारले उनीहरूलाई भिमेश्वरमा ठाउँ दिएको मसिनीले बताइन् । खासगरी महिलाहरू सर्न चाहन्थे, किनकी उनीहरूसँग नवजात शिशु र बालबालिका थिए । “विपदमा पुरूष भन्दा महिला बढी प्रभावित हुन्छन् । परिवारको हेरचाह गर्ने काम र खाना र ईन्धनको जोहो गर्ने जिम्मवेरी महिलाको भएको हुनाले हामी बढी जोखिममा हुन्छौँ । हामीले हाम्रो परिवारको सुरक्षाको लागि कदम चाल्नै पर्छ,” मसिनीले भनिन् । “यहाँ म नडराइ सुत्न सक्छु, यहाँ म सुरक्षित छु जस्तो लाग्छ ।”

हालसम्म सरकारले सफलतापुर्वक स्थानान्तरण गरेको यो एक मात्र समुदाय हो ।

सरिता थामीको घर पहिरोले बगाएको ६ वर्ष भइसकेको छ । त्यसपछि उनलाई भिमेश्वर सारियो । पुरानो ठाउँ छोड्न उनलाई धेरै गाह्रो भयो: त्यहाँ उनले धेरै मीठा याद संगालेकी थिइन् । तर बसाईँ सर्नुका पनि फाइदा छन्: उनका बालबच्चाको विद्यालय, स्वास्थ्य चौकी र बजार नयाँ बस्तीको नजिकै छन् ।

"हामी सुरक्षित ठाउँमा घर बनाउनका लागि दिने भनिएको आर्थिक सहयोग पर्खिरहेका थियौँ," सरिताले भनिन् । "सरकारले हामीलाई पुनर्निर्माणका लागि ३ लाख रूपैँया दिएको छ ।"

गाउँका ५६ विस्थापित परिवार मध्ये धेरैजसो भिमेश्वरको नयाँ बस्तीमा बसिरहेका छन् । उनीहरूले ६ महिना भित्रमा जग्गाको लालपुर्जा पाउने स्थानीय सरकारले आश्वासन दिएको छ । सरिता आशावादी छिन् । "हामीले यहाँ मीठा याद संगाल्ने छौँ," उनी भन्छिन् । "अब मेरा बालबच्चाले पहिरोको दु:ख खेप्नु पर्दैन ।"




https://bit.ly/3JypmiN

## व्यक्तिगत अनुभव

जलवायु परिवर्तनको क्षेत्रमा मैले गरेको यो पहिलो समाचार हो । स्थलगत समाचार संकलन गरेर त्यहाँको समस्या बुझ्न पाएँ, ज्यादै खुशी छु । तर मैले सोचेको भन्दा नितान्त फरक अवस्था देखेँ, त्यसले विचलित गरायो । पाँचखाल नगरपालिकाको कम्तिमा चार वटा गाउँमा पानीको अत्यन्तै अभाव देखेँ । हुनेखानेहरू विकसित मुलुक या काठमाडौं सर्छन्, तर गरिब, सिमान्तकृत समुदाय, महिलाहरू भारत तथा खाडी मुलुकमा सस्तो मुल्यमा श्रम बेच्न बाध्य रहेछन्, जसले मलाई दुःखी तुल्यायो । ब्रिटिश काउन्सिलले प्रदान गरेको यस अवसरसँगै मैले जलवायु बीटमा लेख्न सुरु गरेकी छु । दर्जनौं समाचार लेखिसकेकी छु । आगामी दिनमा पनि अनुसन्धानात्मक समाचारहरू गर्दै जानेछु । अझै विस्तृतमा खोज गर्न उत्साहित भएकी छु ।



**नितु घले**

# गाउँ सुख्खा हुँदा लेबनानतिर

काभ्रे – वैदेशिक रोजगार विभागको तथ्यांकले सन् २०१२ र २०१३ मा काभ्रेबाट ३१७ महिला श्रमका लागि खाडी गएको देखाउँछ । पाँचखाल नगरपालिका– ८ होक्सेकी छिरिङ तामाङ त्यसैबेला लेबनान पुगेकी थिइन् । पानीको समस्या जर्जर भएर खेती लगाउन मुस्किल भएपछि उनी विदेशिएकी थिइन् । मासिक १०-२० हजार तलबले घर बनाउँदा लागेको ऋण तिर्नसमेत नपुगेपछि उनी नेपाल फर्किन् । "महिलाले श्रमको मूल्य पाएका छैनन् । १० हजारमा काम गर्न बाध्य थिएँ । बुढेसकाल लाग्यो, कहाँ सधैं काम गर्न सक्नु?" ५१ वर्षीया तामाङले आँसु खसाल्दै भनिन् ।

सन् १९८० को मध्यदेखि खाडी मुलुक नेपालीका लागि श्रम गन्तव्य बनेको हो । सन् २०५० सम्ममा विश्वका २ करोड १६ लाख मानिस मुलुकभित्र अथवा बाहिर बसाइँ सर्ने विश्व बैंकको अनुमान छ । जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी प्रतिवेदन २०२१ ले दक्षिण एसियामा मात्रै ४ करोड मानिस स्थानान्तरण गर्ने र नेपालजस्ता मुलुकबाट धेरै वैदेशिक रोजगारीमा जाने अनुमान लगाएको छ ।

वन तथा वातावरण मन्त्रालयका रेगन सापकोटाका अनुसार मुस्ताङको ध्ये गाउँमा प्रतिवर्ष २०० मिलिमिटरभन्दा कम वर्षा भएपछि त्यहाँका बासिन्दा सन् २००९ मा थांगचुंग सरेका थिए । सन् २०१६ मा सामजोंग गाउँका १८ घरपरिवार खडेरीका कारण सरेका थिए । पानी सदुपयोग फाउण्डेशनको प्रारम्भिक अध्ययनले तनहुँको मानुङकोट, भोजपुरको रामप्रसाद राई गाउँपालिका, धनकुटाको सहिदभूमि र महालक्ष्मी नगरपालिका, मुस्ताङको दालोमे, सल्यानका छत्रेश्वरी लगायतका क्षेत्रबाट स्थानान्तरण गर्नुपर्ने देखाएको छ । पहाड र हिमालबाट १५ लाख मानिस



तराई सरिसकेका छन् । विपद्, जोखिमयुक्त घटना, पानीको समस्याले खेतीमा कठिनाई, उब्जनीमा ह्रास लगायतका समस्याले मानिस तराई सरेको देखिन्छ ।

भूकम्पले घर भत्काइदिएपछि समथर ठाउँमा जग्गा नभएकाले भिरालोमा तामाङले घर बनाएकी छिन् । बत्ती पुगे पनि बाटो र पानी छैन । उनीसँग ८४ वर्षकी आमा छिन् । दुई छोरीहरूले विवाह गरिसके ।

गाउँका कुवा र धारा सुकिसकेका छन्, त्यसैले वर्षमा एक बाली मकै मात्र फलाइन्छ । स्थानीयवासी आकाशेपानी जम्मा गर्छन्, तर उनीसँग गतिलो भाँडोसमेत छैन । वडा नं ८ का अध्यक्ष सञ्जय तामाङले बोरिङ गरेर पानी वितरण गरिरहेको दाबी गरे । तर छिरिङको धारामा पानी देख्न हप्तादेखि महिना दिनसम्म कुर्नुपर्छ ।

बर्खेभरीमा तामाङले गोलभेंडा लगाएकी छिन्, तर एकोहोरो झरीले गोलभेंडाका दाना काला भएपछि उनको निद्रा बिथोलिएको छ । गोलभेंडाका बोट डोरीले बाँधिरहेकी उनले भनिन् "पानी पनि अचम्मको पर्न थाल्या छ । परेपछि एकोहोरो, कि त थोपै झर्दैन । पहिला त यस्तो हुन्थेन ।"

> **"सन् १९७६ देखि २०१९ सम्म प्रतिवर्ष ७% ले पाँचखालमा वर्षा घटेको छ । तर कुनै वर्ष अत्यधिक वर्षा देखिन्छ ।"**

जल तथा मौसम विज्ञान विभागले पनि यो वर्ष उक्त क्षेत्रमा औसतभन्दा धेरै वर्षा भएको जनाएको छ । विभागकी सिनियर डिभिजनल मेट्रोलोजिस्ट इन्दिरा कँडेल भन्छिन्, "सन् १९७६ देखि २०१९ सम्म प्रतिवर्ष ७% ले पाँचखालमा वर्षा घटेको छ । तर कुनै वर्ष अत्यधिक वर्षा देखिन्छ ।"

वन तथा वातावरण मन्त्रालयले हालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार जलवायु परिवर्तनका कारण वर्षातको शैली परिवर्तन भएको



छ । पहाडी क्षेत्रमा ३० वर्षको अवधिमा ३०% ले पानीको श्रोतहरु घटेका छन् । नेपालमा सन् २०३० सम्ममा पानीको जोखिम बढ्दै जाने र २०५० सम्म अझ धेरै बढ्ने अनुमान गरिएको छ । वर्ल्ड माइग्रेसन प्रतिवेदन २०२० ले नेपालमा रेमिट्यान्सबाट आएको पैसा जलवायुजन्य जोखिममा खर्च गर्नुपर्ने आँकलन गरेको छ ।

होक्सेबाट ६-७ किलोमिटर टाढाको भेटवालथोकमा मानिसहरूले चैत-वैशाखमा एक गाग्री पानीले दुई दिन धान्नुपर्छ । ७० घर दलित बस्तीमा प्रत्येक घरका मानिस भारतमा छन् । वडा ९ की ३१ वर्षीया सानुमाया पहरी लेबनानी पुरूषसँगै विवाह गरेर त्यहीँ बसिन् । उनकी बहिनी २१ वर्षीया शशिना पहरीले भनिन् "यस्तो दुःख छैन रे । पानी खेलाउन पाइन्छ रे ।" एसईईमा अनुत्तीर्ण भएपछि शशीनाले आफू पनि वैदेशिक रोजगारीमा जाने बताइन् ।

पाँचखाल वडा नं ९ का अध्यक्ष किरण श्रेष्ठले त्यहाँका ५०% मानिस वैदेशिक रोजगारीमा गएको बताए । उनले भने, "विकल्पका अवसर छैनन् । कति सरे, धेरै बिदेसिए । कतै नजानेहरु दुःख झेलेर बसिरहेका छन् ।"

https://bit.ly/3uTugCP

BRITISH COUNCIL

## व्यक्तिगत अनुभव

मैले सन् २०१७ देखि वातावरणमा समाचार लेख्दै आएको भएतापनि यो तालिमपछि अझै गहन काम गर्न सक्षम बनेको आभास गरेकि छु । कार्यशालामा हामीले वातावरणीय समस्याहरूसँग महिलाहरूको जुधाईको मात्र नभएर समग्रमा सबै पक्ष तुलना गर्दै सिक्न पायौँ । समाचार संकलन गर्दा अपनाउनुपर्ने सुरक्षा सावधानी, महिलाहरूले भोगेका जोखिम र समाधान के हुन सक्छन् भन्ने कुरा पनि केलायौँ । विषयवस्तुमा कसरी गहिराईमा पुग्ने र कसरी प्रभावकारी विश्लेषण गर्ने भन्ने सिक्यौँ । साथै अध्ययन गर्नको लागि दस्तावेज र भिडियोहरू उपलब्ध गराइएका थिए । प्रविधिको प्रयोगबाट समुहमा सिक्दा रमाइलो लाग्यो । यो सिकाई मेरालागि दिर्घकालिन रूपमा उपयोगी हुनेछ, जलवायु परिवर्तन मेरो पत्रकारिताको बिट बनिसकेको छ । समाचार संकलन गर्दा समुदायको वास्तविक समस्याहरू पहिचान गर्ने मौका मिल्यो ।



**साबित्री गिरी**

# पहिरोका कारण त्रासदीपूर्ण जीवन गुजार्दै फोप्लीका महिलाहरु

प्यूठान – नौबहिनी गाउँपालिकाको फोप्ली निवासी हिरा जिसी पानी पर्ने बित्तिकै भगवान पुकार्न थाल्छिन् । २०७३ सालको पहिरोमा टेक्ने लौरी भासिएपछि उनी मुस्किलले बामे सरेर घरबाहिर निस्केकी थिइन् । निस्कँदा पहिरोले उनको पशुचौपाया, घर र खेतीयोग्य जमिनसहित सबै गाउँ पुरिसकेको थियो । "२०७२ साल उता त्यस्तो ठुलो पहिरो गएको थिएन । डोजरले सडक विस्तार गर्न थालेपछि पहिरोको समस्यामा हामी पर्यौं," उनको अनुभव छ । त्यो साल पहिरोमा परेर गाउँका २६ जनाले ज्यान गुमाए ।

यहाँका अधिकांश पुरूष धन आर्जन गर्न भारत र तेस्रो मुलुकसम्म पुग्ने हुनाले पहिरोको पीडा महिलाहरूलाई छ । घरभित्रै वर्षातको पानी पस्ने समस्याले फोप्लीका महिलाहरू ज्यानको जोखिम मोलेर रातारात भल काट्न निस्कन्छन् । लक्ष्मी घर्ती मगर भन्छिन्, "अली अली झरी पर्नासाथ कोदालो बोकेर दौडिहाल्छम् भल काट्न ।" घरमा भएको अन्नपात पहिरोले पुरेपछि छिमेकीले दया गरे खाने नत्र भोकै कम्मर कस्ने उनको भनाइ छ ।

पहिरो आउँदा पानीको मुहान पुरिन्छ र खानेपानीका पाइपहरू छुट्छन् । फोहोर पानीको प्रयोग गर्न महिलाहरू बाध्य हुन्छन् । लक्ष्मी घर्ती मगर भन्छिन,"पानी टाढाबाट लिएर आउनुपर्छ । धेरै जना भएको हुँदा पानी पुग्दैन ।" पहिरो गएकै अवस्थामा मगर बिरामी परिन्, तर सिटामोल पनि पाउन सकिनन् । हिँडेर अस्पताल जाने बाटो नहुँदा जोखिम बढ्ने स्थानियवासी बताउँछन् । महिनावारी तथा सुत्केरी हुने महिलाहरूको पिडा सहजै अनुमान गर्न सकिन्छ ।



२०७३ सालको पहिरोमा चार छोराछोरी मुस्किलले जोगाएकी दुमन्ता बोहोरा त्यो दिन सम्झेर अहिले पनि भावुक हुन्छिन् । स्थानिय तहकी जनप्रतिनिधि बोहोरा भन्छिन्, "आफु वडा सदस्य भएतापनि सडक मनपरी नखनौँ भनेर उठाउने गरेको आवाजको सुनुवाई हुँदैन ।"

ठाडो उचाईमा रहेको फोप्लीमा चट्टान र पत्थर कम र माटो बढी छ, र वनफँडानी धेरै छ । २०७२ सालको भूकम्पमा त्यहाँको जमिन नराम्ररी फुटेको थियो । त्यसैमा सडक खन्ने क्रम बढेसँगै फोप्ली नराम्ररी प्रभावित हुन पुग्यो । ६८ वर्षीय गोपाल घिमिरे भन्छन्, "बेमौसममा हुने अतिवृष्टिले माटो बगाएर घर नै पुरिदिन्छ । त्यसैमा पहाडै रातो हुने गरी खोलेका सडकका ट्र्याकले जोखिम बढाएको छ ।"

**"२०७२ साल उता त्यस्तो ठुलो पहिरो गएको थिएन । डोजरले सडक विस्तार गर्न थालेपछि पहिरोको समस्यामा हामी पर्यौं,"**

फोप्लीबासीले नयाँ बाटो खन्ने भन्दा पनि पुरानै बाटोलाई हिँड्न लायक र सुरक्षित बनाउनुपर्ने र वातावरण प्रभाव मुल्यांकन गर्नुपर्ने माग राखेपनि स्थानिय तहले चासो नदेखाएको गुनासो गरेका छन् । एक स्थानियवासीले नाम नबताउने शर्तमा भने, "वडाध्यक्षले आफ्नो किसिमले योजना बनाउँछन्, हामीलाई थाहा हुँदैन । पछि एक्कासी डोजर देखिन्छ । वातावरणीय अध्ययन गरेको भए बाटो खन्ने बित्तिकै पहिरो किन जान्थ्यो?"

भूगर्भविद्हरूले फोप्ली क्षेत्र बसोबासका लागि अनुचित रहेको बताएका थिए । तर स्थानियवासी त्यहाँ बस्न बाध्य छन् । "पुर्खादेखि बस्दै आएको ठाउँबाट विस्थापित गर्नुभन्दा यसै स्थानलाई सुरक्षित गर्नुपर्नछ । ढल निकास र पहिरो जाँदा आश्रय लिने भवन बनाउन

आवश्यक छ," स्थानिय युवा राम कुमार घिमिरेले बताए ।

> **"महिलाहरुमा पलाएको संरक्षण चेतनाले संकट केहि कम गर्न सक्छ । यस्तो प्रयास अन्यत्र पनि हुनुपर्छ,"**

पहिरोको जोखिम हुँदाहुँदै पनि त्यहाँ सडक बनाउने क्रम बढेको बढ्यै छ, जसलाई स्थानीय तहले उपलब्धी मानेको छ । "प्राविधिक र इन्जिनियरको सल्लाह अनुसार बाटो विस्तार गरिएको हो । जैविक तटबन्धन गरेको भएपनि पहिरो नियन्त्रणका लागि वडाबाट अन्य कुनै कार्यक्रम छैन," वडा नम्बर ८ का अध्यक्ष ओबिराम बिकले बताए ।

नौबहिनी गाउँपालिकाका अध्यक्ष शिव रिजालले यस वर्षदेखि पहिरो नियन्त्रणको लागि गाउँपालिकाले २० लाख रूपैँया विनियोजन गरेको जानकारी दिए । "यसअघि पहिरोको लागि मात्रै नभएर विपदका लागि एकमुष्ट बजेट विनियोजन गर्ने र विपदका बेला राहत वितरण गर्ने गरिएको थियो । स्थानियवासीको माग अनुसार पहिरो गएको स्थानमा जाली लगाउने र तटबन्ध गर्ने कार्यलाई अगाडि बढाइने छ," उनले आश्वासन दिए ।

महिलाहरूले पहिरोको जोखिम कम गर्नका लागि जैविक तटबन्धन बनाउन र वृक्षरोपण गर्न थालेका छन् । "महिलाहरूमा पलाएको संरक्षण चेतनाले संकट केहि कम गर्न सक्छ । यस्तो प्रयास अन्यत्र पनि हुनुपर्छ," फोप्लीमा संरक्षणको क्षेत्रमा काम गर्ने भास्कर चौधरी भन्छन् ।

https://bit.ly/34HuulG

# उजाड वन बन्यो हराभरा

दाङ - कुनै समय थियो, गाउँका मानिसहरू गाउँभरका पशु चौपायालाई वनतर्फ धपाउँथे र वनलाई गाई भैँसी चराउने स्थानको रूपमा लिन्थे । बढी प्रयोग गरेर राप्ती गाउँपालिका वडा नं ५ मा रहेको कालापानी सामुदायिक वन नै उजाड भइसकेको थियो । सिसहनिया ५ कालापानीका बासिन्दाले जंगलमा गाई भैँसी चराउन छाडेपछि वनको मुहारै फेरिएको छ ।

त्यो बेला त यो क्षेत्र मरुभूमी नै थियो ।

स्थानियवासीका अनुसार २०५७ सालदेखि वनमा वस्तुभाउ चराउन रोक लगाइएको हो । वस्तुभाउ चराउन छोडेपछि वनमा रूखविरूवा, घाँस, खर लगायतका वनस्पति, वन्यजन्तु, तथा पानीको मुहान समेत संरक्षण हुन पुगेको छ । उजाड डाँडा आज हरियो, लोभलाग्दो वन भएको छ ।

वन उजाड हुँदा र पानीको मुहान सुख्खा हुँदा धेरै समस्या हुने गरेको स्थानीयवासी बताउँछन् । वन उपभोक्ता समितिका अध्यक्ष छविलाल चौधरी भन्छन्, "त्यतिबेला वनमा दाउरा कम हुन्थ्यो । हामी बुट्यान खनेर बाल्ने गर्थ्यौं । जनावरलाई दिने घाँस थिएन । एउटा मात्र कुवा हुँदा पानी भर्न लाइन लाग्नु पर्थ्यो । त्यो पनि सुकेर कहिलेकाहिँ खोलाको फोहोर पानी खान बाध्य हुन्थ्यौं ।"

वन उपभोक्ता समितिका सल्लाहकार देवप्रसाद चौधरी भन्छन्, "त्यो बेला त यो क्षेत्र मरूभूमी नै थियो । महिलाहरू बिहान भालेको डाकमा उठेर दाउरा काट्न जान्थे । अबेरसम्म खाना नखाई बसिरहँदा धुवाँले आँखै नदेख्ने किसिमको रोग लाग्थ्यो । अहिले धेरै सुख छ । रूख, बिरूवा, वन हामीले प्रयोग गर्दा पहिलेको दुःख बिर्सेका छौं ।"

गरे के हुँदैन र भने झैं, हिजो दुःखदायी अवस्था झेलेका महिलाहरू आज आफैं वन संरक्षणमा जुटेका छन् । कालापानी सामुदायिक वन उपभोक्ता समितिमा बसेर संरक्षणबारे योजना बनाउछन् । छलफल गर्छन् र वनको अनुगमन गर्छन् । महिलाहरूमा



संरक्षण चेतनामा पनि वृद्धी भएको छ । विगतमा वन जोगाउने विषयमा सबैको ऐक्यबद्धता नभए पनि अहिले स्थानीयवासी एकजुट छन् । यसले उनीहरूको जीवनशैलीमा निकै परिवर्तन आएको छ ।

“अहिले पर्याप्त पानी भएकाले मैले बारीमा तरकारी फलाएकी छु । बर्खामा मात्रै नभएर हिउँदमा पनि तरकारी फलाउँछु । त्यो बेचेर भएको आम्दानीले बच्चाहरूलाई कापी किताब किनिदिन्छु, र आफुलाई पनि धोती म्याक्सी किन्न पुगेको छ,” कालापानी सामुदायिक वन उपभोक्ता समितिकी मनटुन्नी चौधरी भन्छिन् ।

> **“पानीको मुहान बढेपछि वनको बाबियो पनि बेच्न पाएका छौँ,”**

“कपडा धुन खोलासम्म जानु पथ्र्यो, अहिले घर नजिकै पानी आएपछि सजिलो भएको छ,” हरि कुमारी चौधरी भन्छिन् ।

“पानीको मुहान बढेपछि वनको बाबियो पनि बेच्न पाएका छौँ,” बेलमती चौधरी थप्छिन् ।

वनविनाश भएर पानी सुकेपछि शुरूमा महिलाहरूले वनको एकातिर जोगाउने र अर्कोतिर चलाउने गरेका थिए । पछि दुवैतिरको वन जोगाउनुपर्छ भन्ने शिक्षा अनुभवका आधारमा हासिल गरे । यो अनुभव अहिले परिपक्व भइसकेको छ । महिलाहरूको यो जागरूकता र कार्यलाई पुरूषहरूले पनि साथ दिएका छन् । “हामी महिलाहरूलाई धेरै कुरामा सहयोग गर्छौँ । महिलाहरू अगाडि बढ्नुपर्छ, सहकारीमा र सामुदायिक वनमा महिलाको आवश्यकता छ भनेर हामीले त्यहाँ महिलाहरूलाई राखेका छौँ,” स्थानीयवासी विष्णु प्रसाद पोखरेल भन्छन् ।

वन विनाशको मुख्य कारण मनपरी श्रोतको प्रयोग र आगलागी हो । वनलाई यी दुई कुराबाट जोगाएका कालापानी सामुदायिक वनका उपभोक्ताले जैविक विविधतालाई पनि संरक्षण गरेका छन् । संरक्षण गरेमा संकट समाधान गर्न सकिन्छ अनि दैनिकि पनि सहज हुन्छ भन्ने कुरा स्थानीयवासीले बुझिसकेका छन् ।

संरक्षणको कामलाई निरन्तरता दिन स्थानीय तह पनि जिम्मेवार बनेको छ । वडा नं ५ का वडाध्यक्ष गोवर्द्धन राउत भन्छन्, “संरक्षणलाई दीर्घकालीन बनाउन वडास्तरबाट कदम चालेका छौँ । वनभित्रको खौराहाबाबा ताल जोगाउनका लागि प्रत्येक वर्ष गाउँपालिकाबाट ५-८ लाख बजेट विनियोजन गरेका छौँ । सामुदायिक वन विकासका लागि पनि हामीले रकम छुट्याउने गरेका छौँ । कृषिमा आधारित महिलाहरूलाई सक्षम बनाउनका लागि कृषि तालीम राखेका छौँ ।”

गाउँमा आएको यो परिवर्तन संरक्षणका काम पछि मात्र संभव भएको हो । स्थानीयवासीले संरक्षणका लागि लगाएको जाँगर प्रशंसा योग्य छ । यहि जाँगरका कारण नै स्थानीयवासीले वनबाट फाईदा लिन सके । कालापानी सामुदायिक वनका उपभोक्ता समितीको जस्तो प्रयास अरू वन उपभोक्ताले पनि गर्न जरूरी छ ।

https://bit.ly/3gNYAXq

## व्यक्तिगत अनुभव

यो लेखनवृत्तीले जलवायु सम्बन्धी समाचार लेखनमा अद्भुत रूपमा मेरो दृष्टिकोण फराकिलो बनाइदिएको छ । जलवायु परिवर्तनले असमानुपातिक रूपमा असर परेका महिलाहरूका बारेमा समाचार संकलन गर्नुपर्ने आवश्यकताको मलाई ज्ञान भयो । स्थलगत समाचार संकलन गर्दा, मलाई आफूले काम गरेका समाचारहरूका बारेमा निरन्तर सोधपुछ गर्नुपर्ने (फलोअप) आवश्यकता बोध भयो । समाधान पत्रकारिता मलाई निकै जिज्ञासा लागेको विषय हो, म भविष्यमा पनि यसरी काम गर्न चाहन्छु । यो कार्यशालाले मलाई नेपालका विभिन्न भागका विविध महिला पत्रकारहरूसँग भेट गर्ने मौका दियो । जोसलिनको सल्लाहले मलाई हिमाली संरक्षक र वातावरण पत्रकार भएर यो विषयमा अझ काम गर्ने प्रेरणा दियो ।



**सोनाम चोयकी लामा**

# जलवायु परिवर्तन: नेपालको हिमालयमा विपत्ति

डोल्पा -डोल्पोको च्छो गाउँमा नामडाक साङ्मो आफ्ना गाउँका अरू महिलाहरूले फापरको बाली काटेको हेर्दै छिन् । ६८ वर्षिय साङ्मोसँग भित्र्याउनलाई आफ्नो बाली छैन, किनभने उनको अहिले जमिन नै छैन । यो सुदूर पश्चिमी हिमाली जिल्लामा रहेका उनका नदी छेउका खेतका गह्राहरू सन् २०१२ को अप्रत्याशित बाढीले बगायो, र सन् २०१९ को अर्को बाढीले बाँकी रहेको जमिन पनि लग्यो । यो उनको मात्र कथा होइन, काञ्जीरोवा हिमालबाट हुत्तिँदै फाल हालेका हिलो र चट्टानले गर्दा च्छो गाउँका लगभग आधा गाउँलेले आफ्ना खेत गुमाउनु पर्यो ।

> **एउटा अध्ययनले ३,६२४ नयाँ हिमनदीको पहिचान गरेको छ र तीमध्ये ४७ वटा कुनै पनि समय विष्फोट हुनसक्ने पत्ता लगाएको छ, जसले विनाशकारी बाढी निम्त्याउनेछ ।**

वैज्ञानिकहरूका अनुसार हिमालयमा चरम प्रकृतिको मौसम हुनुको कारण तात्तिँदै गएको वायुमण्डल हो । सन् २०२१ को वर्षायाममा नेपालले आकस्मिक मुसल्धारे पानी र अभूतपूर्व वर्षा बेहोर्यो । जेठ-असारमा मेलम्ची नदीमा आएको बाढीले काठमाडौँको जल आपूर्ति परियोजनालाई क्षति पुर्यायो, र मनाङमा परेको अकल्पनीय वर्षाले घातक बाढी ल्यायो । हिउँदेयामको सात महिने खडेरीले डोल्पोमा डढेलो र बाढी ल्याएर कृषकहरूलाई विस्थापित तुल्याई बसाइँ सर्न बाध्य बनायो ।

हिमालय विश्वव्यापी औसतभन्दा ०.३-०.७ डिग्रीले छिटो तातिरहेका



छन्, जसले हिमनदीलाई खुम्च्याएको, हिमरेखालाई घटाएको र बढ्दै गएका हिमतालका कारण बाढीको खतरालाई उच्च बनाएको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को एउटा अध्ययनले ३,६२४ नयाँ हिमनदीको पहिचान गरेको छ र तीमध्ये ४७ वटा कुनै पनि समय विष्फोट हुनसक्ने पत्ता लगाएको छ, जसले विनाशकारी बाढी निम्त्याउनेछ ।

डोल्पोमा धेरैजसो पुरूषहरू दुर्गम ठाउँहरू छोडेर कामका लागि शहर वा विदेश गएका छन्, जसको मार महिलाहरूले भोग्नु परिरहेको छ– पानीको लागि अझ टाढा हिँड्नुपर्ने, असफल बालीहरू बेहोर्नुपर्ने । वसन्तयाममा महिलाहरू यार्सागुम्बाको खोजीमा अग्ला भीर चढ्ने गर्छन् । चिनियाँ औषधीमा यो झुसिल्किरा र ढुसी मिसिएको जीवको यौन शक्तिवर्द्धक खुबी भएको विश्वास गरिन्छ र त्यहीकारण यो मूल्यवान मानिन्छ । साङ्मोले पछिल्ला वर्षहरूमा कम्तिमा १०० वटा यार्सा संकलन गर्थिन् । दुई वर्ष अघि उनले ६ वटा मात्र भेटिन्, र यो वसन्तयाममा एउटै भेटिनन् । यार्सागुम्बामा ह्रास आउनुको एउटा कारण अव्यवस्थित संकलन हो, तर विगत दुई वर्षको महामारी र बन्दाबन्दीमा यसको पुर्नजागरण हुनुपर्ने थियो । बेमौसमी हिमपात, लामो अवधिको खडेरी र तार्तिंदै गएको मौसमले यार्सागुम्बालाई पनि प्रभाव पारेको छ ।

> **“हामीले काञ्जीरोवाका भगवानहरुलाई रिस उठाएको हुन सक्छ,”**

आफ्ना खेतबिना, महामारीका कारण पर्यटनबाट कुनै आम्दानी नहुने अवस्थामा र यार्सागुम्बाको संख्यामा पनि कमी आएको बेलामा साङ्मो चिन्तित छिन् । उनी फेरि आफ्नै तिब्बती प्राकृतिक विश्वास प्रणालीमा निष्ठा राख्न थालेकी छिन् । "हामीले काञ्जीरोवाका भगवानहरूलाई



रिस उठाएको हुन सक्छ," साङ्मो भन्छिन् । "हामीले खोलालाई अपवित्र बनायौँ र धेरै बाहिरियाहरू आएरताललाई प्रदुषित तुल्याए ।"

एक अध्ययनका अनुसार विश्वव्यापी रूपमा मानिसहरू बदलिँदो जलवायुको सम्बोधन गर्न स्थानीय विश्वास प्रणाली र परम्पराको प्रयोग गर्दैछन् । स्थानीय गुम्बाका भिक्षु खेन्पो लामाले काञ्जीरोवा हिमाललाई रिझाउने एउटा रीति पुरा गरे । त्यसले काम गरेको उनको विचार छ ।

तर स्थानीय सरकार र शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज प्रार्थनाहरूमा मात्र निर्भर छैनन् । सन् २०१२ को बाढी पछि उनीहरूले नदीको छेउमा तटबन्धन निर्माण गरे, तर सन् २०१९ को बाढीमा यो बगेर गयो । "अर्कोपालि आउने ठूलो बाढीबाट गाउँलाई जोगाउनका लागि उपयुक्त पर्खाल निर्माण गर्न हामीलाई अझै धेरै बजेट चाहिएला । म नगरपालिकाका अधिकृतहरूलाई मनाउने कोशिस गर्दैछु, तर हामीलाई थप सहयोग चाहिन्छ," वडाध्यक्ष निमा लामा भन्छन् ।

https://bit.ly/3I5iWHi

## व्यक्तिगत अनुभव

यो कार्यशालाले म लगायत अन्य महिला पत्रकारहरूलाई लैंगिकता र जलवायु परिवर्तनबारे कुराकानी गर्न सहयोग पुर्यायो । बाजुराको भूबनोटका कारण त्यहाँबाट समाचार संकलन गर्नु चुनौतीपूर्ण थियो । मलाई हवाई, स्थल र पैदल मार्गबाट मुक्तिकोट पुग्न दुई दिन लाग्यो। तर यी बाधाहरू फड्किन योग्य थिए । समाचार संकलन देखि प्रकाशनको यात्रामा धेरै समय लाग्यो, किनभने यो कमै प्रकाशित विषयवस्तुमा केही संस्था र विज्ञ टिप्पणी र स्थान दिन हिच्किचाए । मैले विज्ञहरू, प्रभावित समूहहरू र सरोकारवालाहरूसँग सम्पर्क बढाउने र वैज्ञानिक तथा ऐतिहासिक प्रमाणहरू समाविष्ट गरि समाचार लेख्ने अवसर पाएँ, जुन मेरा लागि अमूल्य छ । म यो सिकाइलाई भविष्यका काममा प्रतिबिम्बित गर्न खोज्नेछु ।



**सोनाम लामा**

# जलवायु संकटले नेपालमा बालविवाहमा वृद्धि

बाजुरा – "मुलाई क्यै थाहा भया नाई," चाउरी परेको अनुहारमा थकानमा धर्सा परेका बिर्जमान बिक सानो स्वरमा भन्छन् । उनी भर्खर अर्धचेत बुहारी रेती बिकलाई बोकेर मुक्तिकोटको आफ्नो गाउँबाट एउटा औषधि पसलसम्मको तीन घण्टे ठाडो उकालो उक्लेका छन् ।

रेतीलाई प्रसवोत्तर रक्तस्राव भएको छ । क्लिनिकले उनको ज्यान त बचायो, तर तीन महिनाको भ्रुण बचाउन सकेन । "हामीकहाँ यस्ता गर्भपात भएर दिनदिनै आउँछन् । धेरैजना बाँच्दैनन्," औषधी पसलका गोपाल सिंह भन्छन् । "कलिला आमाहरू बच्चा जन्माउनका लागि शारिरिक रूपमा परिपक्व हुँदैनन् ।"

> **"हामीकहाँ यस्ता गर्भपात भएर दिनदिनै आउँछन् । धेरैजना बाँच्दैनन्,"**

"मेरो जीवन राम्रो हुन्छ भन्दै बुवाले १६ वर्षमै बिहे गरिदिनुभयो," २२ वर्षमा दुई सन्तान जन्माइसकेकी रेती सम्झिन्छिन् । नेपालमा २० वर्षभन्दा अघि विवाह गर्नु/गराउनु कानूनी रूपमा दण्डनीय भएपनि यो प्रचलन व्याप्त छ । न्यून महिला साक्षरता, गरिबी, भेदभाव र सांस्कृतिक मान्यताहरूको यसमा भूमिका छ, तर निर्वाहमुखी कृषकहरूको बालीलाई खडेरी र बाढीले क्षति पुर्याउन थालेपछि बालविवाह अझ बढ्दै गएको छ ।

"यहाँ जीवन झन् गाह्रो हुँदैछ । हामीले छोरीहरूको बिहे गरिदिए उनीहरूलाई खुवाइराख्नु पर्दैन," राउथी बिक भन्छिन् । उनका सात सन्तान छन्, जसमध्ये दुईजना अपांगता भएका छन् ।



नेपालमा झण्डै ४०% बालिकाहरूको १८ वर्ष अगावै विवाह हुन्छ भने लगभग १४%ले १९ वर्ष पुग्नु अघि पहिलो सन्तान जन्माउँछन् । यो दर दलित समुदायहरूमा बढी छ । सरकारले सन् २०३० सम्म बालविवाह उन्मूलन गर्ने महत्वाकांक्षी लक्ष्य राखेको छ ।

नजिकैको राधामाता माध्यमिक विद्यालयमा कक्षा १० का ११३ विद्यार्थीहरूमध्ये १५ जना मात्र अविवाहित छन् । "यति धेरै साथी विवाहित भएकाले मैले पनि दवावको अनुभव गर्छु । तर म आफ्ना सपना अधुरा छोड्ने छैन," १७ वर्षिया मनशोभा बुढा भन्छिन् ।

खडेरी र बालविवाहको बिचको सम्बन्धलाई भारतमा अध्ययनले प्रमाणित गरेको छ । रितिका रेवती सुब्रमनियनले मारथवाडामा भएको खडेरी-प्रेरित बसाइँसराइँले उमेर नपुगी भएको विवाहमा ल्याएको वृद्धिबारे अध्ययन गरेकी छिन् । "यो निर्णयलाई गरिबी, शिक्षामा पहुँचको कमी, सामाजिक दवाव र मान्यता, उत्पीडन र धम्की जस्ता अन्तर्सम्बन्धित कारणहरूले प्रभाव पार्छ, जसलाई प्राकृतिक प्रकोपले थप बढावा दिन्छ," उनी प्रष्ट्याउँछिन् ।

गत हिउँदयाममा पश्चिम नेपालले ६ महिना लामो खडेरी र त्यसपछि डढेलो बेहोर्नुपर्यो । यो वर्ष वर्षायामपछिको अप्रत्याशित बाढीले बाली सखाप पारिदियो । वैज्ञानिकहरूका अनुसार विश्वव्यापी तापक्रम वृद्धिले यस्तो चरम मौसमलाई निम्त्याउँदैछ । खाद्य अभाव बेहोरिरहेका पश्चिम नेपालका परिवारहरूलाई यसले अप्ठेरो अवस्थामा पुर्याएको छ ।

यसको प्रमाण हामीले बाजुरामा देख्न सक्छौं, जहाँ ७०% भन्दा बढी मानिसहरू गरिबीको रेखामुनि



> **“यहाँ जीवन झन् गाह्रो हुँदैछ । हामीले छोरीहरुको बिहे गरिदिए उनीहरुलाई खुवाइराख्नु पर्दैन,”**

छन्, जबकी नेपालको औसत गरिबीको सघनता २६% हो । यहाँको ९% जमिनमात्र खेतीयोग्य छ, र १.४२% मा मात्र सिँचाइको सुविधा छ । दश वर्षदेखि जौ, गहुँ, धान, मकै र कोदोबालीका उत्पादन घटेका छन् । यो जिल्लामा वर्षेनि ११,००० टन खाद्यान्नको अभाव हुन्छ, र विश्व खाद्य कार्यक्रमको एक बुलेटिनले यहाँको ८५% जनसंख्यालाई ‘खाद्य असुरक्षित’ वर्गीकरण गरेको छ । मुक्तिकोटलाई ‘अति संवेदनशील’ भनिएको छ, यहाँको उब्जनीले तीन महिना मात्र खान पुग्छ ।

नजिकैको मार्तडी मौसमीय प्रणाली स्टेशनले कुल वार्षिक वर्षा घटेको देखाउँछ । “मार्सी धान र फापरका लागि चाहिने हिउँ पनि निकै थोरै पर्छ,” ६५ वर्षिय वृज बहादुर बम भन्छन् ।

यसको समाधान कृषकहरूलाई सिँचाई उपलब्ध गराउनु हो । गाउँका पदाधिकारीहरू र स्थानीयवासीको विचारमा बसाइँसराइ समाधान हो । धेरै वर्षा हुने अर्को ठाउँमा गाउँ पुनर्स्थापना गर्ने योजना बन्दैछन् ।

माओवादी छापामारहरूले यो दलित गाउँ जातीय भेदभावबाट मुक्त भएको जताउन यसको नाम मुक्तिकोट राखेका थिए । सोह्र वर्ष पछि, यहाँको जीवन झनै गाह्रो भएको छ ।

(केही नामहरू परिवर्तन गरिएका छन् ।)

▶ https://bit.ly/3LC7EN6

## व्यक्तिगत अनुभव

जलवायु परिवर्तन प्राविधिक विषय भएकोले धेरै पत्रकारले यो विषयमा समाचार संकलन गर्ने प्रयास गर्दैनन् । म यो विषयमा औधि रूचि राख्ने वातावरण पत्रकार भएकीले यो कार्यशालाले समाचार संकलन गर्ने मेरो आत्मविश्वास बढायो । स्थलगत समाचार संकलनपछि मलाई लाग्यो, जलवायु परिवर्तन बहुआयामिक मुद्दा हो, जसले विविध पक्षहरूलाई छुन्छ । पर्यटनलाई जलवायु परिवर्तनसँग जोड्ने थोरै मात्र अध्ययन छन्, जुन एउटा चुनौती थियो । अर्को चुनौती गन्तव्य थियो, बाटोहरू बिग्रिएका थिए र महामारीका कारण स्थानीय व्यवसायहरू बन्द थिए । मैले समाचारले जोखिममा परेका व्यक्तिहरूको आवाजलाई प्रतिनिधित्व गर्नुपर्छ भनेर सिकेँ । महिलाहरूले जलवायु परिवर्तनको शुरुवाती असर बेहोर्छन्, तर उनीहरूका आवाजहरूलाई बेवास्ता गरिन्छ किनभने पत्रकारहरू पुरूषहरूसँग कुरा गर्न रूचाउँछन् ।



**सुजाता कार्की**

# जलवायु परिवर्तन र महामारीले घान्द्रुकको पर्यटनलाई मार

कास्की – अन्नपूर्ण पदयात्रा मार्गमा रहेको लोकप्रिय हिल स्टेशन घान्द्रुकमा ३० वर्षीया बीना घलेको अन्नपूर्ण गेस्टहाउस छ । यो होटल सञ्चालनमा आएको नौ वर्षमा आजसम्म यति खाली भएको थिएन ।

महामारीका कारण भएको लकडाउनले होटल बन्द गर्न बाध्य भएपछि घलेलाई आफूले अरू केही गर्नुपर्छ भँै लागेको छ । "तर अरू केही उपाय छैन," घले भन्छिन् । उनको परिवार यही होटलमा निर्भर छ, जहाँ उनले आधा दर्जन कर्मचारीलाई रोजगारी पनि दिएकी थिइन् । घलेले आफ्नो बगैँचामा तरकारी उमार्छिन्, तर त्यसले उनको पाँच जनाको परिवारलाई पुग्दैन । महामारी बाहेक चरम मौसमी घटनाहरूले पनि उनलाई दिक्क पार्छन् । "मौसम न्यानो भएको छ । अनियमित वर्षा र अप्रत्याशित हिमपातले पदयात्रीहरूलाई गाह्रो भएको छ," उनले भनिन्, "यो सुन्दर गाउँमा कम पदयात्री आउन थालेका छन् ।"

> **"जलवायु परिवर्तनले पर्यटनमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पार्छ,"**

पदाधिकारीहरू जलवायु परिवर्तनले नेपालको पर्यटनलाई प्रभाव पारेको स्वीकार्छन् । "बढ्दो पहिरो र बाढीका कारण यो क्षेत्रको भूबनोट जोखिमपूर्ण भएको छ । प्राकृतिक विपदमा परेर गत वर्ष १९० भन्दा बढीको मृत्यु भयो," गण्डकी प्रदेशको



उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा. महेश्वर ढकालले भने ।

"जलवायु परिवर्तनले पर्यटनमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पार्छ," हरित जलवायु कोष (ग्रीन क्लाइमेट फण्ड) का जलवायु परिवर्तन विशेषज्ञ डा. मनिषराज पाण्डे भन्छन् । "चरम मौसमी घटनाहरूका कारण पर्यटकीय पुर्वाधारहरूमा असर पर्नसक्छ, र जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रकोपमा वृद्धि हुनसक्छ ।"

सन् २०१४ को हुदहुद चक्रवातले सयौँ पदयात्रीहरूलाई हिमालयमा अलपत्र पार्यो, र अन्नपूर्ण क्षेत्रको विशाल हिमपहिरोमा २९ व्यक्तिको मृत्यु भयो ।

> **"बढ्दो पहिरो र बाढीका कारण यो क्षेत्रको भूबनोट जोखिमपूर्ण भएको छ । प्राकृतिक विपदमा परेर गत वर्ष १९० भन्दा बढीको मृत्यु भयो,"**

यो घटनाले पूर्वचेतावनीका बारेमा प्रश्नहरू उठायो । "आगन्तुक यात्रीहरूलाई सुरक्षित राख्न हामीसँग मौसमी अवस्थाबारे जानकारी दिने उचित जानकारी प्रणाली हुनु आवश्यक छ," अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) की कार्यक्रम संयोजक मन्दिरा सिंह श्रेष्ठले भनिन् ।

इसिमोडका जलवायु परिवर्तन विशेषज्ञ अरूण भक्त श्रेष्ठका अनुसार मौसमी जानकारी सम्बन्धी अध्ययन पर्याप्त छैनन् । "हामीसँग जलवायु परिवर्तनले पर्यटन क्षेत्रमा पार्ने असरका बारेमा वैज्ञानिक बुझाइ छैन । यसका प्रभावलाई न्युनीकरण गर्ने ज्ञानको अभावले यो प्रक्रियामा बाधा पुर्याइरहेको छ," उनले भने ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका अनुसार हुदहुद चक्रवात अघि ११४,४१८ पर्यटकले सो क्षेत्रको भ्रमण गरे । हिमपातपछि त्यो संख्या ८१,८७८ मा झर्यो । यो दर २०१६ मा बढ्न थाल्यो, तर कोभिड-१९ को महामारी पछि फेरि



रोकियो । यसले पर्यटनमा निर्भर भएका व्यक्तिहरूको जीविकोपार्जनलाई असर पारेको छ ।

घान्द्रुककी २६ वर्षिय समिता राना हरियो सिमी, काँक्रो, अदुवा र तरकारी बेच्ने गर्थिन् । तर बालीमा लाग्ने नयाँ रोग, अतिवृष्टि र तापक्रममा अप्रत्याशित परिवर्तनले गर्दा उनका तरकारीको सप्रिएनन् । "यो वर्ष मैले होटलहरूलाई तरकारी बेच्न पाइन किनभने पर्यटक नै छैनन्," उनले भनिन् । उनी ऋण लिएर गुजारा चलाइरहेकी छिन् ।

घान्द्रुकबाट धेरै मानिस बसाइँ सरेर गएका छन् । तीमध्ये एक ५० वर्षिय सुनिता तामाङ पोखराको फेवातालमा लुगा धुन व्यस्त थिइन् । उनी लुम्लेदेखि घान्द्रुककसम्मका होटलहरूमा काम गर्थिन् । "गाउँहरूमा काम र मान्छे नभएर म काम खोज्दै यहाँ आइपुगेँ," उनले भनिन् । अहिले उनी पोखराको एउटा होटलमा काम गर्छिन् ।

प्रदेश सरकारले यो क्षेत्रमा मुख्यमन्त्री जलवायु परिवर्तन कार्यक्रम लागु गर्दैछ, जसले स्थानीयवासीहरूलाई जलवायु परिवर्तनका असरसँग अनुकूलित बनाउने र उनीहरूको आर्थिक अवस्था उकास्ने लक्ष्य राखेको छ ।

https://bit.ly/3sCcbGs

## व्यक्तिगत अनुभव

सुरुमा मैले सिन्धुपाल्चोकका मानिसलाई खानेपानीको अभाव र आङ खस्ने समस्याका बारेमा सोध्दा पानीको अभावका बारेमा उत्तर दिए, तर आङ खस्ने विषयमा कसैले पनि बोलेनन् । "तिमीलाई हाम्रो कुरा भनेर के हुन्छ ? हाम्रो आङ खस्ने समस्या ठिक हुन्छ? खानेपानी घरमै ल्याइदिन्छौ?" भनेर उल्टै प्रश्न गरे । नेपालका गाउँ-गाउँमा आङ खस्ने विषय अहिले पनि गुपचुप राख्ने चलन छ । सामाजिक बहिष्कार वा अपहेलित हुन नपरोस् भनेर महिलाहरु यसबारे बोल्न चाहँदैनन् । तर उनीहरूको कथा पाठकलाई सुनाउनु र नीति निर्मातालाई सचेत गराउनु जरूरी थियो । त्यसैले भोलिपल्ट सोही ठाउँकी साथी कमला पाखिनलाई लिएर गएँ । उनले ती महिलालाई सम्फाइन्, अनि बल्ल उनीहरु बोल्न तयार भए ।



**सुनिता साखकर्मी**

# जलवायु परिवर्तनले बढ्दैछ आङ खस्ने समस्या

सिन्धुपाल्चोक – सधैँझैं अनिता श्रेष्ठ पानी लिन मूलधारातिर गइन् । बीस र पाँच लिटरका जर्किन भरेर डोकोमा हालिन् । उठ्न लाग्दा तल्लो पेट दुख्यो । थचक्क भुइँमा बसिन् । डल्लोजस्तै निस्किएको थियो । सिन्धुपाल्चोक साँगाचोकगढीकी २९ वर्षे श्रेष्ठले १० वर्ष अघिको घटना सम्फिइन्, "पाँच महीनाको गर्भ थियो । खेर त गएन भनेर अत्तालिएँ ।"

डाक्टरले श्रेष्ठलाई भने- "तपाईंको त आङ खसेको रहेछ ।"

शुरूआती चरण भएकोले आङ खसे पनि बच्चालाई असर नगरेको डाक्टरले सुनाए । "आराम गर्नु भन्नुभएको थियो," श्रेष्ठ भन्छिन्, "तर पानी ओसार्नैपर्छ । गाईवस्तुलाई खुवाउन, कपडा धुन, शौचालय जान, खाना पकाउन, घर लिप्न पानी लाग्छ ।"

तीन वर्षअघि गाउँमा बलेफीको खोलाबाट पाइप बिछ्याएर पानी ल्याइएको थियो, तर हिउँदमा खोला सुक्छ र पानी आउँदैन । जलस्रोतविद् अजय दीक्षितका अनुसार यसरी पानीका मुहान सुक्ने चार कारण छन्: जथाभावी सडक विस्तार, भूकम्प, डढेलो, र पानी पर्ने चरित्रमा परिवर्तन ।

"पहिले फमफम पानी पर्थ्यो । जमिन भिज्थ्यो । अहिले दुई तीन घण्टा पानी पर्छ, त्यसपछि पर्दैन । पानी जमिनमा छिर्न पाउँदैन र जलभण्डार भरिँदैन," दीक्षित बताउँछन् ।



केन्द्रीय तथ्यांक विभागले सिन्धुपाल्चोकमा पानी पर्ने दर घटेको देखाउँछ । सन् २०१३ मा २१७३ मिलिमिटर पानी परेको थियो भने सन् २०१७ मा १५७२ मिलिमिटर मात्र । अर्कोतर्फ चौताराको अधिकतम तापक्रम सन् २०१६ मा २४.६ डिग्री सेल्सियसबाट सन् २०१७ मा २५.४ पुगेको थियो । यसरी वर्षातको चरित्र परिवर्तन हुनु र तापक्रम बढ्नुको कारण हो विश्व तापमान वृद्धि, जसको असर पर्वतीय देशहरूमा परिरहेको छ ।

फुल्पिङकोट, ज्यामिरेमाने र साँगाचोकमा १,५२४ परिवारका करीब ६,००० मानिस पानीको अभावमा छन् । पानी भर्ने काम अघोषित रूपमा महिलालाई नै छुट्याइएको छ । फुल्पिङकोटकी ३६ वर्षे रश्मिला भण्डारीको सुत्केरी अवस्थामा पानी बोक्दा आङ खसेको थियो । धारासम्म पुग्न भण्डारीले एक घण्टा ओर्लनुपर्छ, फर्किँदा डेढ घण्टा उक्लिनुपर्छ । "सुत्न पाइँदैन । खाना पकाएर बच्चालाई विद्यालय पठाउन भ्याइँदैन । खानेपानी माग्न आउँछन् भनेर लुकेर बस्छौँ," भण्डारी भन्छिन् ।

**"मूलमा जो पहिले पुग्छ, उसले सङ्लो पानी खायो । त्यसपछिकाले पाएन । लेदो उप्काएर त्यही तराएर आएको पानी खायौँ,"**

स्त्री तथा प्रसुतिरोग विशेषज्ञ डा. ज्योति अग्रवालका अनुसार गर्भाशयलाई बाँधेर राख्ने नशाहरू कमजोर भएर त्यससँग जोडिएका अंगहरू तल खस्दै गएपछि पाठेघर योनिबाट बाहिर निस्कन सक्छ । त्यसपछि ढाड, कम्मर, तल्लो पेट दुख्छ, कसैलाई बेला-बेलामा पिसाब लाग्छ भने कसैलाई सेतो पानी बग्छ ।

"महिलाहरूले यसलाई बच्चा जन्मेपछिको साधारण समस्याका रूपमा लिन्छन् । तर त्यस्तो होइन," उनी भन्छिन् । "सानैमा विवाह हुँदा, बढी श्रम गर्दा, छोटो

जन्मान्तरमा बच्चा जन्माउँदा, साल झार्न बल गर्दा, गर्भवती तथा सुत्केरी अवस्थामा राम्रो स्याहार नहुँदा आङ खस्छ ।"

हिउँदमा फुल्पिङकोट स्वास्थ्य चौकीले सुत्केरीलाई अन्तै पठाउनुपर्छ । "हालसालै दुईजना सुत्केरी आएका थिए । ट्यांकी रित्तै थियो, जेनतेन चलायौँ । तेस्रो सुत्केरी आउँदा पानी नभएर जलबिरे पठाउनुपर्‍यो," स्वास्थ्य स्वयंसेविका मैयाँ थापा भन्छिन ।

थापाको पनि आङ खसेकाले रिङ पेसरी राखेकी छन् । उनका दुई छोरी पनि पानी बोक्छन् । थापा भन्छिन्, "उनीहरूलाई यस्तो नहोस् भनेर ठूलो गाग्रीमा बोक्न लाउँदैनौँ । सानो भाँडामा त बोक्न परिहाल्यो नि ।"

पानीको अभावले मानवीय सम्बन्धहरु कमजोर भएका छन् । पाहुनालाई खाना दिनसक्ने तर पानी माग्दा अनकनाउनुपर्ने थापा सुनाउँछिन् । "मूलमा जो पहिले पुग्छ, उसले सङ्लो पानी खायो । त्यसपछिकाले पाएन । लेदो उप्काएर त्यही तराएर आएको पानी खायौँ," उनी भन्छिन् ।

चिकित्सा सेवा महाशाखाका अनुसार स्वास्थ्य शिविरमा आएका महिलामध्ये पहाडी जिल्लाका ७०% महिलाको पाठेघर खसेको हुन्छ । तर कुनै निकायसँग वर्षेनी सिन्धुपाल्चोकमा कति महिलाको आङ खस्छ भन्ने तथ्यांक छैन ।

परिवार कल्याण महाशाखाले हरेक वर्ष महिलाको आङ खस्ने समस्या उपचार गर्नको लागि प्रति सेवाग्रही १० हजार रूपैयाँसम्म स्थानीय निकाय, अस्पताललाई पठाउने गरेको छ । तर इन्द्रावतीका स्वास्थ्य विभाग प्रमुख परशुराम श्रेष्ठका अनुसार महिलाको आङ खस्ने सम्बन्धमा शिविर गर्न बजेट आउँदैन ।

"मन्त्रालयबाट जाने पैसाबाट शिविर भयो कि भएन भनेर फलोअप नहुँदा र तथ्यांक नराखिँदा महिलाको स्वास्थ्यमा फरक परिरहेको छ," डा. अग्रवाल भन्छिन् ।









https://bit.ly/3Ig9nVI

## व्यक्तिगत अनुभव

जलवायु परिवर्तनका कारण कुनै समुदायको परम्परा, कला सिपमा ह्रास आउनु एउटा डरलाग्दो कुरा हो । ढकियाको महत्व थारू समुदायमा उच्च भएपनि यसको अस्तित्व धरापमा आएको छ । यो काम गर्दा मैले प्रत्यक्ष रूपमा महिलाहरूसँग भेट्ने मौका पाए । अनि थाहा भयो अहिले कैयौँ युवालाई ढकिया बुन्न आउँदैन । त्यसको महत्वको बारेमा त्यति ज्ञान नभएको पाएँ । पहिले जस्तै अनिवार्य रूपमा छोरीमा ढकियाको सिप हस्तान्तरण गर्ने कुरामा पनि कमि आएको छ । त्यसैमाथि जलवायु परिवर्तनका कारण अहिले ढकिया बनाउने घाँस कुनै कुनै ठाउँमा मात्र रहेको पाएँ, जसको प्रत्यक्ष/अप्रत्यक्ष असर महिलामाथि नै परेको छ। अझै कैयौँ अध्ययन गर्न बाँकी छ, तर शुरूवाती अध्ययनमा मैले यति पाएँ ।



**उर्मिला गम्वा थारु**

# कसुँग्ना घाँससँगै हराउँदै थारु ढकिया

कञ्चनपुर – जलवायु परिवर्तनसँगै थारू समुदायमा महत्वपुर्ण कसुँग्ना घाँस कम पाइन थालेपछि थारू महिलाले कसुँग्नाबाट बुन्ने ढकियामा पनि कमी आएको छ ।

घाँसले बुनिएको डालो जस्तो देखिने यो ढकिया अन्नबाली राख्न, थारू परिकार ढिकरी बनाउन, र पूजा सामग्री विसर्जन गर्नमा प्रयोग हुने गर्दछ । कपडा राख्न भौंका, अन्नबाली राख्न ढकिया, धार्मिक कार्यमा परम्परागत खाना ढिकरी पकाउन पैंन अनिवार्य रूपमा चाहिन्छ, यी सबै कसुँग्नाबाटै बन्छन् । दशैंमा आफ्नो पितृहरूलाई पुज्नको लागि यो ढकिया र पैंन अनिवार्य रूपमा चाहिन्छ र पवित्र भाँडाको रूपमा यसैमा ढिकरी बनाईन्छ । पुँजा र कसुँग्नाले बुनेकै ढकिया मात्र प्रयोग हुन्छ धार्मिक कार्यको लागि, प्लाष्टिकको, ऊनको, वा अन्य डालोहरू चल्दैनन् ।

> **"यो ढकिया बनाउन मैले मेरी आमाबाट सिकेँ, र अब छोरीलाई सिकाउँदैछु ।"**

ढकिया महिलाहरूले मात्र बुन्ने गर्दछन् । कञ्चनपुरकी गुलरीदेवी थारू भन्छिन्, "यो ढकिया बनाउन मैले मेरी आमाबाट सिकेँ, र अब छोरीलाई सिकाउँदैछु ।"

ढकियाको व्यवहारिक र सामाजिक महत्व मात्र नभइ साँस्कृतिक महत्व पनि रहेको छ । थारू समुदायमा ढकियाको सम्बन्ध आमा र माईतीको मायासँग जोडिएको छ । ढकिया बुन्ने कला माईतीबाट सिकेर ल्याएको सिप हो ।



पहिलाका मान्छेहरू सालभर माईती बसेर ढकिया बुन्थे । यो चलन दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका थारूहरूमा विशेष गरेर रहेको छ । यसलाई माईतीघरको सिप र मायाको चिनो पनि मानिन्छ । गुलरीदेवी थारू घरमा राखेका थुप्रैवटा ढकिया देखाउँदै भन्छिन्, "यी ढकिया कुनै मेरी आमाले बुनेको हो, कुनै हजुरआमाले । उनीहरूको मायाको चिनो भनेर राखेकी छु ।"

महिलाको ज्ञान र सिपसँग जोडिएको यो ढकिया बुन्ने चलन प्रकृतिसँग पनि जोडिएको छ । ढकिया बनाउन कसुँग्ना घाँसको मात्र प्रयोग गरिन्छ, जसलाई नेपालीमा काँस भनिन्छ । यो घाँस भूक्षय रोक्न पनि प्रयोग गरिनाले थारू समुदायमा यसको निकै महत्व रहेको छ । "यो घाँस ७-८ फिट अग्लो हुन्छ र यसका जरा पनि त्यतिकै लामा र पर पर सम्म फैलिएका हुन्छन् । यो जुन सुकै जमीनमा पनि फस्टाउँछ, बलौटे जमीनमा पनि यसले माटोलाई बाँधेर राख्छ । त्यसैले यसलाई भूक्षय रोक्नका लागि बाढीले कटान गने क्षेत्रमा लगाइन्छ । यसले माटोको उर्वरा शक्तिलाई पनि कायम राखेको हुन्छ," अध्ययनकर्ता छविलाल कोपिला भन्छन् ।

कञ्चनपुरको बेलौरी नगरपालिकामा २०६४ सालमा बाढीले निकै जनधनको क्षति गरेपछि मानिसहरूले खोला किनारमा कसुँग्ना लगाएका छन् । यस वर्षको बाढीले उदयपुर गाउँ पुरै विस्थापित भएर ६५ घरधुरी नजिकैको सामुदायिक वनमा बस्न गएका छन् ।

"झाडी लगाएर तटबन्ध बनाउने कोशिश गरेका छौँ । यसले केही हदसम्म बाढीले पुर्याउने क्षति रोकेको छ," स्थानीयवासी सैतु कुमार चौधरी भन्छन् ।

जलवायु परिवर्तनको क्रममा यस्ता विपदका घटना बढेका छन् । कञ्चनपुरकी प्रीति चौधरी भन्छिन्, "कहिले पानी नै पर्दैन, कहिले धेरै पानी परेर सबै

फसल डुबाउँछ । यो साल निकै राम्रो भएको धान सबै बाढीले लग्यो ।"



विश्वमा जलवायु परिर्वनले यसरी विभिन्न क्षेत्रलाई असर गरिरहेको छ । जलवायु परिवर्तनकै कारणले विश्वको तापक्रम प्रत्येक दश वर्षमा ०.१७ डिग्री सेल्सियसले बढिरहेको छ । यो परिवर्तनले बोट विरूवाहरूलाई पनि असर गरेको छ । कसुँग्ना र पुँजा जुनसुकै ठाउँमा पाईँदैन । जंगलमा वा नदी छेउछाउको डिलमा पाईन्छन् । बढ्दो तापक्रमले गर्दा कसुँग्ना घाँसको उत्पादनमा दिनानुदिन ह्रास आएको छ ।

"पहिलेपहिले थारू समुदायले घर छाउनका लागि खरको रूपमा पनि कसुँग्नाको प्रयोग गर्थे र घाँस उमारेर खरकट्टी क्षेत्र बनाएर राख्ने प्रचलन थियो । तर आजकाल पक्की घर हुने हुनाले कसुँग्नाको संरक्षण गरेर राख्नु पर्ने कारण पनि रहेन," छविलाल कोपिला भन्छन् ।



यस कसुँग्नाको सम्बन्ध प्रकृति, जलजमिन, र थारू महिलाहरूको परम्परा, भावना, र संस्कारसँग जोडिएको छ । थारू महिलाले ढकिया बुन्दा पुस्तौं पुस्ताको कला, सीप हस्तान्तरण हुनुको साथै परम्परालाई जोगिने र प्रकृतिको संरक्षण पनि हुने गर्थ्यो । कसुँग्ना नै पाइन छोडेपछि यसरी जलवायु परिवर्तनले महिलालाई सांस्कृतिक रूपमा पनि असर गरेको छ ।

https://bit.ly/350GYF0




# टेलिभिजन कार्यक्रम

रोड टु कप २६ कै अन्तर्गत ब्रिटिश काउन्सिल नेपालले जलवायु परिवर्तनका विभिन्न मुद्दामा केन्द्रित रहेर "रोड टु कप २६: जलवायु नेतृत्वमा महिला" नामक टेलिभिजन श्रृंखला निर्माण गरेको थियो। जलवायु परिवर्तनका विविध विषयमा सचेतना अभिवृद्धि गर्नु यो कार्यक्रमको उद्देश्य थियो ।

जलवायु परिवर्तन विषयका विज्ञ, विद्यार्थी र पत्रकारसँग छलफल र अन्तर्कृया गरिएको यो कार्यक्रम कोभिड महामारीका कारण भर्चुअल माध्यमबाट निर्माण गरिएको थियो । यो कार्यक्रमका श्रृंखला क्रमिक रूपमा जलवायु परिवर्तन र बाढी, कृषि, पर्यटन, हरित पुनर्स्थापना, हिमताल र कप २६ का लागि नेपालको तयारीमा केन्द्रित थिए, र हरेक मुद्दाको लैंगिक दृष्टिकोणबाट विश्लेषण गरिएको थियो ।

जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न मुद्दा, जस्तै हानी र क्षति, अनुकूलन, उत्थानशीलता, न्यूनीकरण, लगानी, कार्यान्वयन, जस्ता प्राविधिक विषयमा आम जनमानसले बुझ्ने भाषामा छलफल गरिएको थियो ।

जलवायु परिवर्तनका समाचार लेख्ने महिला पत्रकारको संख्या कम हुनुका साथै यी मुद्दामा उद्धृत गरिने महिला विज्ञको संख्या पनि कम भएको ब्रिटिश काउन्सिल नेपालको शोधले देखाएको छ । महिला विज्ञ हुँदाहुँदै सञ्चार माध्यममा उनीहरूको विज्ञता ओझेल परिरहेको सन्दर्भमा ब्रिटिश काउन्सिल नेपालले यो टेलिभिजन श्रृंखलामा महिला विज्ञलाई प्राथमिकता दिएको छ ।



# श्रृंखला १ः जलवायु परिवर्तन, बाढी, र महिलामा तिनको असर

कार्यक्रमको पहिलो श्रृंखला बाढी र तिनले महिलामा पार्ने असरहरूमा केन्द्रित रह्यो । छलफलले लैंगिकता, राहत, पूर्वतयारी, र मानसिक स्वास्थ्य जस्ता जलवायु परिवर्तन र बाढीका विविध पाटाहरू छोएको थियो ।

### **वासना सापकोटा**, प्राकृतिक श्रोत व्यवस्थापन विज्ञ

जलवायु परिवर्तनलाई विश्वव्यापी स्तरमा मापन गरिन्छ र दशकौंको अवधिमा चित्रण गरिन्छ । यसमा तापक्रम, वर्षा, र वायुको तापमानमा आएका परिवर्तनहरू पर्दछन् । यी कुरामा पश्च-औद्योगिकीकरण पछिको तीव्र परिवर्तनको गतिले विश्वव्यापी पर्यावरण र अर्थतन्त्रलाई प्रभाव पारिरहेको छ । जलवायु परिवर्तन बाढीसँग जोडिन्छ, तर नेपालमा बाढीको कारण जलवायु परिवर्तन मात्र होइन । अनियन्त्रित निर्माण कार्यले बाढीलाई अझ बढाउँछन् । केही समय अघिसम्म नेपालमा प्रकोप भइसकेपछि मात्र त्यसको सम्बोधन गरिन्थ्यो । २०७४ सालमा हामीले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन पारित गरेर उद्धार-केन्द्रितबाट पूर्वतयारी-केन्द्रित अवधारणातर्फ कदम चाल्यौं ।

### **गीता पाण्डे**, जलवायु परिवर्तन र वातावरण विज्ञ

जलवायु परिवर्तनले महिलामा पार्ने असरबारे ज्यादै कम अनुसन्धान भएका छन् । सरकारले अध्ययन र शोधमा गरेको लगानी अपर्याप्त छ, शोधले बजेटको १% भन्दा कम रकम पाउँछ । जलवायु परिवर्तनका असर वर्तमानमा भन्दा भविष्यमा अझ बढी महसुस हुनेछन्, त्यसैले यसलाई सम्बोधन गर्न युवाहरूलाई तयार गर्नु महत्वपूर्ण छ ।

### निशा पाण्डे, वातावरण अनुसन्धानकर्ता

अल्पकालीन रूपमा जलवायु परिवर्तनबाट महिलाहरू शारिरिक क्षति, अंगभंग हुने र मृत्युको बढी जोखिममा छन् । महिलाहरूलाई सुरक्षित आश्रय, छुट्टै शौचालय, बालबालिकाका लागि ठाउँ, स्तनपान गराउने सुरक्षित स्थल, तथा लुगा फेर्ने ठाउँको अभावले असुरक्षित तुल्याउँछ । राहत सामग्रीहरू लैंगिकतालाई ध्यानमा राखेर बनाइएका हुँदैनन् । महिलाहरूले आफ्ना विचार अप्रासंगिक भएको मान्छन् र तिनलाई खुलेर भन्ने आत्मविश्वासको कमी देखाउँछन् । कुनै पनि विपद्पछि महिलाहरूको कार्यभार तत्कालै र दीर्घकालीन रूपमा बढ्छ । महिला विरूद्धको हिंसा झन् चर्किन्छ । दीर्घकालिन रूपमा महिलाहरूले आम्दानी गुमाउने र ऋणमा पर्नुका साथै बसाइँ सर्न बाध्य हुन सक्छन् । लामो समयसम्म रोजगारी पाउन गाह्रो हुनसक्छ । यसले सामाजिक न्याय र मानसिक स्वास्थ्यका दीर्घकालिन समस्याहरू बढाउँछ ।


### श्रृजना श्रेष्ठ, वन तथा वातावरण मन्त्रालय

जलवायु परिवर्तनलाई सम्बोधन गर्ने हाम्रा कानूनहरू अरू धेरै देश भन्दा अगाडी छन्, तर यिनको कार्यान्वयन फितलो छ । हामीसँग राष्ट्रिय जलवायु परिवर्तन नीति, वातावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन छन् । विभागीय परिषद् कार्यालय समिति, कार्य समूह, र सम्पर्क व्यक्तिहरू पनि छन् । केन्द्रिय तहमा अन्तर्मन्त्रालय संयोजन समिति र विभिन्न कार्य समूहहरू छन् । हामी अल्प, मध्यम र दिर्घकालीन पर्यावरणीय अनुकूलन योजनाहरूको तयारी गर्दैछौँ ।

## सल्लाह र सुझाव


- जलवायु परिवर्तनले फरक ठाउँहरूलाई भिन्न तरिकाले असर गर्दछ । त्यसैले जलवायु परिवर्तनलाई सम्बोधन गर्ने हाम्रा कार्यक्रमहरू सन्दर्भ सापेक्ष हुनुपर्छ ।
- शहरी गरिबी भएका व्यक्तिहरू पानीको श्रोतका छेउमा घना बस्तीमा बसोबास गर्छन् । उनीहरूलाई बाढीले गम्भीर असर पर्ने भए पनि उनीहरूलाई बेवास्ता गरिन्छ । उनीहरूलाई ध्यान दिइनुपर्छ ।
- बाढीका बारेमा पूर्वसूचना दिन उच्च तटीय र तल्लो तटीय समुदायहरूबिच सम्बन्ध स्थापना गर्नुपर्छ ।
- बाढी आएको बेला पनि प्रयोग गर्न सकिने गरि बाढीका आश्रयस्थल र धाराहरू अग्ला स्थानहरूमा निर्माण गरिनुपर्छ ।
- स्थानीय सरकारलाई आफ्नै पाठ्यक्रम बनाउने अधिकार छ, स्थानीय सरकारले जलवायु परिवर्तन सम्बन्धी स्थानीय सन्दर्भमा पाठ्यक्रम निर्माण गर्नुपर्छ ।
- विपद् पूर्वतयारी योजनाहरूले मानसिक स्वास्थ्यका मुद्दाहरूलाई पनि ध्यानमा राख्नुपर्छ ।

https://bit.ly/3Bpygfv



# श्रृंखला २ः जलवायु परिवर्तन, कृषि र महिला किसानहरु





कार्यक्रमको यो श्रृंखला कृषि र महिला कृषकहरूमा जलवायु परिवर्तनको असरमा केन्द्रित रह्यो । कृषिले नेपालको कुल गार्हस्थ्य उत्पादनको ३३% ओगट्छ, र कृषिमा संलग्न ७०% जनसंख्या महिलाको छ । तर केवल १९.७% महिलाहरूको मात्र जमिनमा स्वामित्व छ । यो छलफलमा जलवायु परिवर्तनका असरहरूबारे जनकपुरका किसानहरू बोलेको भिडियो समाविष्ट थियो ।

### जनकपुरका कृषकहरु

हाम्रा बालीमा समयमै फल लाग्दैनन्, लाग्दा पनि साना आकारका हुन्छन् । कहिले अप्रत्याशित खडेरी वा पानीले सखाप हुन्छन् । यी अवस्थाहरूबाट बचाउन कस्ता बाली लगाउने वा कहिले लगाउने भनेर हामीलाई थाहा छैन, त्यसैले परम्परागत खेती जारी राख्छौँ । तरकारी खेती राम्रो नभएकाले हाम्रा पुरूषहरू काम गर्न विदेश गएका छन् ।

### डा. यमुना घले, कृषिविद्, नेपाल कृषि अनुसन्धान परिषद (नार्क)

हाम्रा कानूनले जमिनको लालपूर्जा भएको व्यक्तिलाई किसान मान्थ्यो, जुन प्रायः पुरूष नै हुन्थ्यो । यसले गर्दा महिला स्वाभाविक रूपमा पछि परे । खाद्य अधिकार र खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०६५ पश्चात हामी किसानहरूको सही परिभाषा गर्ने तर्फ अघि बढ्दैछौँ । कृषि, मत्स्यपालन र वनविज्ञानका २१% विद्यार्थी मात्र महिला छन्, जबकी कृषिमा संलग्न ७०% जनसंख्या महिला छन् । हामीले कृषिप्रतिको बुझाइलाई फराकिलो बनाएर वातावरण, जलवायु, बजार, अनुसन्धान, नीति र कप २६ जस्ता प्रभावशाली मञ्चहरूलाई पनि कृषि क्षेत्र अन्तर्गत मान्यौँ भने कृषिको दायरा बढ्छ । विद्यार्थीहरूले घरमा, नीतिनिर्माणको तहमा, वा अनुसन्धानमा काम गर्न सक्छन् ।

BRITISH COUNCIL

### रामदेवी तामाचो शाह, सिमसार विज्ञ

मौसम र जलवायु फरक कुरा हुन् । मौसम हरेक दिन बदलिन्छ, तर जलवायु बदलिन दशकौं लाग्छ । कृषि वरपरका पर्यावरणीय अवस्थासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । कृषिका लागि पानी अत्यावश्यक छ, र पानीको श्रोतका वरपर संस्कृतिहरूको विकास भएको छ । नेपालमा सानो ठाउँभित्रै विविध पारिस्थितिकिय प्रणालीहरू पाइन्छन् । हाम्रो पारिस्थितिकिय प्रणाली, कृषि र जीवनशैली बिच सहजीवी सम्बन्ध छ ।

### एञ्जेला मिश्र, वातावरण विश्लेषक, विश्व बैंक

धेरै महिलाहरू जलवायुमैत्री प्रविधिहरूबाट अनभिज्ञ हुनुहुन्छ । उदाहरणका लागि, यदि वहाँहरूले खडेरीको समस्या भोगिरहनु भए कागुनो रोप्न सक्नुहुन्छ, जसलाई ७०% मात्र पानी चाहिन्छ । तर धेरै महिलाहरूसँग कृषिलाई अत्यावश्यक मौसमी प्रक्षेपण लगायतका जानकारीमा पहुँच हुँदैन । विशेषगरी कोभिडको महामारी पछि महिलाहरूलाई प्रत्यक्ष रूपमा भेट्न सम्भव छैन । थप उत्पादनशील र जलवायु प्रति उत्थानशील बन्न सकिने तरिकाहरूको अनुसन्धान गर्न महिलाहरूका लागि कृषि विद्यालयहरू छन् ।


### सुजाता तामाङ, अनुसन्धानकर्ता, फरेष्ट एक्शन नेपाल

धेरै आदिवासी र जनजाती समुदायहरू पानी वा वन जस्ता प्राकृतिक श्रोतको वरपर बसोबास गर्नुहुन्छ । उहाँहरूको जीविकासँग जलवायु परिवर्तनले सीधा सम्बन्ध राख्ने हुनाले उहाँहरू यसका असरप्रति चिन्तित हुनुहुन्छ । ससाना पोखरी बनाएर, स्थानीय ताल र बीउबीजनको संरक्षण गरेर उहाँहरूले यसलाई सम्बोधन गर्न खोज्नुभएको छ । आधुनिक प्रणालीहरूले परम्परागत ज्ञान र सीपलाई छायाँमा पारेका छन् । जलवायु परिवर्तनको असरका सम्बन्धमा शारिरिक श्रममा संलग्न महिलाहरूलाई शिक्षित महिलाहरूभन्दा अलग मान्ने कुनै कारण छैन ।


## सल्लाह र सुझाव

- महिलाहरू निर्णायक तहमा थप सक्रिय हुनुपर्छ ।
- सरकारी आरक्षणहरू संख्यामा मात्र सीमित हुनुहुँदैन, महिलाहरूको भनाइ वास्तविक रूपमा सुनिनुपर्छ ।
- महिलाहरूले वन, जल, र विद्यालय व्यवस्थापन समिति जस्ता निर्णायक स्थानहरूमा बढी सहभागिता जनाउनुपर्छ ।
- भूमि, पैसा, तथा महिलाको सीप र ज्ञान प्रयोग गरेर विकास गरिने उद्यमहरूमा महिलाहरूको बढी अधिकार हुनुपर्छ ।
- महिलाहरूको जानकारीमा पहुँच, विशेषगरी डिजिटल माध्यममा, विस्तार गरिनुपर्छ ।
- कृषि, मत्स्यपालन र वनविज्ञान जस्ता प्राविधिक विषयहरूमा अझ बढी महिलाहरू भर्ना लिनुपर्छ ।

https://bit.ly/3rwQV4J







# श्रृंखला ३ः जलवायु परिवर्तन र पर्यटन

कार्यक्रमको यो श्रृंखला जलवायु परिवर्तनले पर्यटन क्षेत्रमा पार्ने असरमा केन्द्रित छ । नेपालको पर्यटन प्रकृतिमा आधारित छ । नेपालका हिमाल, हिमताल, विविध पारिस्थितिकिय प्रणाली, संरक्षित क्षेत्रभित्रका वन्यजन्तु र वनस्पति हेर्न, र पर्वतारोहण, जंगल सफारी, र्याफ्टिङ गर्न पर्यटक आउने गर्छन्। नेपालको कूल गार्हस्थ उत्पादनको ७.९%, निर्यातको २५%, र रोजगारीको ८.१% पर्यटनले ओगटेको छ, जुन दक्षिण एशियाका अरू मुलुकभन्दा धेरै हो ।

### नन्दिनी थापा, पर्यटन बोर्ड

जलवायु, पर्यटन र महिला नेपालको विकाससँग जोडिएका सुनौलो त्रिकोण हुन् । जलवायु परिवर्तनले हिउँ पग्लिँदै छ, हिजो हिउँले पुरिएको सगरमाथाको हिलरी स्टेप आज कालो चट्टान मात्र छ । हाम्रा ताल घट्दै छन्, हिमताल फुट्न सक्छन्, र अचानक विपदका घटना बढेका छन् । पहाडमा वनजंगल घटेसँगै वनस्पति र वन्यजन्तु घटेका छन्, जसका कारण पुतली, चरा, र जंगली जनावर हेर्न आउने पर्यटक घट्छन् । प्रदुषण बढेको छ, हिजो धुलिखेलबाटै देखिने सुन्दर हिमाल आज देखिँदैन । यी सबैले गर्दा नेपालले पर्यटन क्षेत्रमा आफ्नो मौलिक स्थान गुमाउँदैछ । पर्यटनलाई उत्सर्जनरहित उद्योग भनिन्छ, तर त्यो सत्य होइन । सन् २००५ मा विश्वव्यापी उत्सर्जनको ५% पर्यटन उद्योगबाट आएको थियो भने सन् २०३० सम्म त्यो २५% पुग्ने अनुमान गरिएको छ ।

### लक्की क्षेत्री, अगुवा पर्यटन व्यवसायी

नेपालका हिमालमा हिउँ पग्लिने, हिमताल फुट्ने कुराले हिमाली क्षेत्रमा त्रास बढेको छ । यसले कसैलाई विभेद गरेको छैन, तर पर्यटन क्षेत्रमा निर्भर महिलालाई यसले विशेष असर गरेको छ । आजकाल नेपालमा मौसम परिवर्तन हुँदा पर्यटन क्षेत्र प्रभावित छ । कहिले गर्मी मौसममै हिउँ परिदिन्छ, कहिले पर्वतारोहणको सिजनमा लगातार झरी परिदिन्छ । कहिले के हुन्छ भनेर भन्नै नसक्ने अवस्था हुँदा पर्यटन व्यवसायीले मौसम अनुसारको तयारी गर्न पाउँदैनन् । विपदका कारण समस्यामा

परेपछि पर्यटक कम आउँछन्, र मानिसहरूको रोजगारी गुम्छ । यस्ता समाचार सुनेर भर्खर पर्यटन व्यवसायमा आउन थालेका महिला निरूत्साहित हुन्छन् । जलवायु परिवर्तनले गर्दा महिलाको जिम्मेवारी पनि बढेको छ ।

### चिनीमाया माझी, अध्यक्ष, आदिवासी जनजाती महिला संघ

नदीबाट एउटा लोहोरो टिपेर ल्याउँदा त्यसको ठाउँमा माटो राखिदिनुपर्छ नत्र अनिष्ट हुन्छ भनेर मेरी हजुरआमाले भन्नुहुन्थ्यो । आदिवासी जनजाती समुदायमा हुने त्यो संरक्षण चेत आज छैन, र यसको बेवास्ता गर्दा विपद बढेको कुरा विभिन्न अध्ययनले देखाएका छन् । एउटा पनि लोहोरो बाँकी नहुने गरेर क्रसरहरूले खोला ध्वस्त पारेका छन् । नेपालले घरवास शैलीमा पर्यटनको विकास गर्न खोजिरहेको छ, आदिवासी जनजाती समुदायमा हुने आस्था र आध्यात्मिकतासँग जोडेर पर्यटनको विकास गर्नुपर्छ ।

### सुरभी चौधरी, निर्देशक, सीजी फाउण्डेशन


हामीले उन्नती साँस्कृतिक ग्राम सञ्चालन गरिरहेका छौं, जसले नेपालका आदिवासी जनजाती समूहका कला र शिल्प प्रदर्शन गर्नुका साथै वातावरण मैत्री जीवनशैली प्रवर्द्धन गर्छ । दिगोपनाका लागि हामी यी कला र शिल्पलाई बजारसँग जोड्छौं, विभिन्न व्यापारिक मेलामा सहभागी गराउँछौं, र उत्पादन गरिएका धेरै सामग्री आफैं पनि उपभोग गर्छौं । उदाहरणका लागि हामीले घर बनाउनका लागि प्राकृतिक सामग्री प्रयोग गर्छौं, जुन वातावरण अनुकूल हुने हुनाले त्यस्तो घरमा एसी चाहिँदैन । उन्नती साँस्कृतिक ग्राममा खाना पकाउने शैली पनि प्रांगारिक छन् । यी कुराले कार्बन उत्सर्जन घटाउन सहयोग गर्छन् । यसरी आदिवासी जनजाती समूहको जीवनशैली नै पर्यटनको नमुना हुन सक्छ । हामीले यो प्रयास तराईबाट थालेका छौं, तर देशभर सातवटा केन्द्र बनाउने लक्ष्य राखेका छौं ।

## सल्लाह र सुझाव

- पर्यटन व्यवसाय आदिवासी जनजाती मैत्री बनाउनुपर्छ ।
- स्थानीय सरकार र आदिवासी जनजाती समुदायले सल्लाह गरेर आदिवासी जनजाती समुदायको ज्ञान र प्रकृति चेतलाई पर्यटन व्यवसायमा सम्मिलित गर्नुपर्छ ।
- पर्यटन व्यवसायको कार्बन उत्सर्जन घटाउनु पर्छ । हरेक कुराको नवीकरण र पुनर्प्रयोग गर्नुपर्छ, र साबुन लगायतका सामग्री पनि रासायनिक नभएर प्राकृतिक प्रयोग गर्नुपर्छ ।
- पर्यटन क्षेत्रमा पानीको प्रयोग कम गर्नु पर्छ ।
- वातावरण मैत्री भन्ने कुरा समाजको सम्भ्रान्त वर्गमा मात्र प्रचलित देखिन्छ । यसलाई सामान्य दैनिक जीवनको अभिन्न अंग बनाउनुपर्छ ।
- दाउराको सट्टामा ग्यास चुल्हो, विद्युत वा नवीकरणीय उर्जाका श्रोत देशभर सहुलियतमा बाँड्नु सरकारको जिम्मेवारी हो ।

https://bit.ly/3nA0A9n





# श्रृंखला ४ः हरित पुनर्स्थापना

कार्यक्रमको यो श्रृंखला कोभिड महामारीपछिको हरित पुनर्स्थापनामा केन्द्रित छ । अन्तर्राष्ट्रिय नवीकरणीय उर्जा नियोगका अनुसार सन् २०५० सम्ममा विश्वको कूल गार्हस्थ उत्पादनमा ९८० खर्ब डलर नवीकरणीय उर्जा प्रभावकारीतामा खर्च गरिनेछ र यो क्षेत्रमा ६ करोड ३० लाख रोजगारी थपिने छन् ।

### संजीवनी योञ्जन, निर्देशक, वाइल्डलाइफ कन्जर्भेसन नेपाल

कोभिड पछि संसारलाई पहिलेकै स्वरूपमा पुनर्स्थापना गर्ने कि अझ बलियो बनाउने भन्ने प्रश्न हो । महामारीपछिको दुई वर्षमा हरित पुनर्स्थापना कसरी गर्ने भन्ने बारेमा धेरै अनुसन्धान भइसकेको छ । यसका लागि पाँच क्षेत्रमा लगानी गर्नु आवश्यक छः सफा पुर्वाधारमा, शिक्षा र तालीममा, प्राकृतिक पुँजीमा, वातावरण मैत्री पुनर्निमाणमा, र अनुसन्धान र विकासमा । संसार फेरी सामान्य अवस्थामा फर्कन आतुर छ । विभिन्न सरकारले यसमा ४८ खर्ब डलर खर्च गर्ने बताएका छन् । यसमध्ये अधिकांश रकम स्वास्थ्यमा खर्च गरिने छ । ध्यान नवीकरणीय उर्जाबाट अन्यत्र सरेको छ, त्यसैले प्रारम्भिक संकेत राम्रो छैन । जी २० समूहले नै खनीज तेलमा लगानी गर्ने जस्तो देखिन्छ । तर कोभिडपछिको पुनर्स्थापनामा वातावरणलाई मूल मुद्दा बनाइएन भने मानव सभ्यातालाई बचाउने उपाय छैन ।

### भारती पाठक, अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ

हरित पुनर्स्थापनाको अवधारणा कोभिड महामारीपछि धेरै सुनिएको हुनाले यो नौलो लाग्न सक्छ । तर यो लागु गर्न परम्परागत अभ्यासमा फर्किनु पर्ने हुन्छ । हरित रोजगारीसँग सीमान्तीकृत महिलालाई जोड्नुपर्छ । निर्णायक तहमा श्रोत-साधन प्रयोगकर्ताको पहुँच भएन भने समस्या हुन्छ । त्यसैले जलवायु परिवर्तनका असरका बारेमा यस्ता महिलालाई जानकारी दिइनुपर्छ । सामुदायिक वनमा महिलाको नेतृत्व नेपालको नमुना अभ्यास हो, जुन अन्त छैन । महिलाका साथै सीमान्तकृत समुदायले जल, जंगल, जमीनबाट फाइदा पाउनुपर्छ भन्ने हाम्रो अभियान हो ।

## मधु घिमिरे, वन तथा वातावरण मन्त्रालय

नेपालको ४५% क्षेत्रफलमा वन छ, जसमा २२,५०० सामुदायिक वनमा २९ लाख भन्दा बढी समुदाय आबद्ध छन् । यिनीहरूमा आधारित महिला उद्यमीले सेवा सुविधा पाउनुपर्छ । महिला प्राकृतिक श्रोतका पहिलो प्रयोगकर्ता र संरक्षणकर्ता हुन् । प्राकृतिक श्रोत घट्दै जाँदा र दोहन हुँदै जाँदा उनीहरूको जीवनयापनमा प्रत्यक्ष प्रभाव परेको छ । यसलाई सम्बोधन गर्नका लागि नेपालको संविधान महिला मैत्री छ । जलवायु परिवर्तनबाट सिर्जित लाभमा महिलाले प्राथमिकता पाउने नीति रहेको छ । सरकारले वनमा आधारित उद्यम विकासमा महिलालाई प्राथमिकता दिने रणनीति लिएको छ ।


## संगीता सिंह, शहर व्यवस्थापन विज्ञ

जलवायु परिवर्तनमा शहरीकरणको भूमिका छ । नेपालमा नगरपालिका ५२ बाट बढेर २९३ भइसकेका छन् । प्राकृतिक पारिस्थितिकिय प्रणालीको स्थान शहरी पारिस्थितिकिय प्रणालीले लिन थालेको छ । शहरीकरण नगर्न त मिल्दैन, तर त्यसलाई दिगो बनाउनुपर्छ । तर अझै पनि नेपालको धेरैजसो भाग ग्रामीण छ । यहाँ पानी, वन, कृषिमा आधारित हरित विकास हुनुपर्छ जुन महिलासँग सम्बन्धित कुरा हो, विश्वमै कृषि क्षेत्रमा ४३% महिला छन् । महिलाहरूले दैनिक जीवनमा कम्पोस्टिङ गरेर फोहोर व्यवस्थापना गर्छन्, फोहोर व्यवस्थापनका संस्थामा पनि महिला नेतृत्व महत्वपुर्ण छ । भूकम्पपछि पुनर्निर्माणमा कम उर्जा लाग्ने दिगो सामग्री प्रयोग गर्ने चलन बढेको छ । यी कुरामा नीतिगत तहबाट हस्तक्षेप हुनु जरूरी छ ।


## सल्लाह र सुझाव

- नेपालले वनबाट रोजगारी श्रृजना गर्नुपर्छ र पर्यावरणीय पर्यटनको विकास गर्नुपर्छ ।
- श्रोतसाधनमा महिलाको पहुँच बढाउनुपर्छ ।
- सरकारले ब्यांकहरूलाई हरित अर्थतन्त्रमा लगानी गर्न भन्नुपर्छ ।
- वनस्पती, वन, जल र भूभागको संरक्षण र प्रयोग गर्ने आदिवासी महिलाको अभ्यासलाई पुनर्स्थापनामा संलग्न गर्नुपर्छ ।
- वनजंगलका पैदावारको प्रयोग गरेर आदिवासी महिलाले औषधी उत्पादन गर्छन्, यसलाई आधुनिकीकरण गर्ने प्रकृयामा उनीहरूलाई जोड्नुपर्छ ।
- वृक्षरोपण गरेर जलवायु परिवर्तन न्यूनीकरण गर्ने प्रकृयामा महिलाको सहभागिता हुनुपर्छ ।
- शहर विस्तार गर्दा फैलाएर भन्दा सकेसम्म कम क्षेत्रमा गर्नुपर्छ, भूमीको प्रयोग गर्दा वन र कृषि क्षेत्र जोगाउनुपर्छ, घरहरूमा नवीकरणीय उर्जा प्रयोग गर्नुपर्छ, यातायातका लागि पैदल वा सामूहिक साधन प्रयोग गर्नुपर्छ, वर्षातको पानी सञ्चिति गर्नुपर्छ, सडक छाप्दा पानी भूमीसम्म पुग्न सक्ने सामग्री प्रयोग गर्नुपर्छ ।
- हरित रोजगारीका लागि वनमारा झारबाट बायो ब्रिकेट बनाउन सकिन्छ, घरबास पर्यटनमा प्रांगारिक कृषि उत्पादन प्रयोग गर्न सकिन्छ ।
- सानो उमरदेखि नै पाठ्यक्रममा यी विषयवस्तु समावेश गरिनुपर्छ ।

https://bit.ly/3C8UjYn







## श्रृंखला ५ः जलवायु परिवर्तन, हिमताल र महिला

कार्यक्रमको यो श्रृंखला जलवायु परिवर्तनले नेपालका हिमतालमा पार्ने असरमा केन्द्रित छ । हिन्दु-कुश क्षेत्रका हिमालले विश्वको एक चौथाई क्षेत्रलाई पानी दिएका छन् । सन् १९९० यता विश्वमै हिमतालहरूको आकार ५०% ले बढेको देखिन्छ। नेपाल, भारत, र तिब्बतमा गरेर नेपालमाथि असर गर्न सक्ने ३,६२४ हिमताल छन्। ती मध्ये २,०७० नेपालमा, ५०९ तिब्बतमा र ४५ भारतमा छन् । १,४१० वटा फुट्ने सम्भावना रहेका छन् भने ४७ वटा जोखिमयुक्त छन्, जसमध्ये ४२ वटा कोशी क्षेत्रमा रहेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनले देखाएको छ ।

### अरुण भक्त श्रेष्ठ, जलवायुविद, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)

नेपाल सरकार जलवायु परिवर्तनबारे सकृय छ । नेपालले राष्ट्रिय र स्थानीय अनुकूलन योजना बनाएको छ र कप जस्ता अन्तर्राष्ट्रिय मञ्चमा आफ्ना मुद्दा उठाइरहेको छ । तर नेपालमा सचेतनाबाट अघि बढेर अनुकूलन गर्नुपर्ने समय आईसकेको छ । न्यूनीकरण भन्दा अनुकूलन हाम्रा लागि महत्वपुर्ण छ किनकी न्यूनीकरण गर्न सकेमा पनि जलवायु परिवर्तनका असर लामो समयसम्म रहन्छन् । महिलाको सहभागिता आवश्यक छ । विज्ञानमा संख्यात्मक नभएर गुणात्मक समावेशीकरण हुनुपर्छ, जसले गर्दा विज्ञानको परिणाम र त्यसमा आधारित नीति समावेशी हुन्छन् र जलवायु परिवर्तनसँग जुध्ने सशक्त उपाय निस्किन सक्छन् । हिमतालको जोखिम न्युनीकरण गर्न सबैतिर एउटै कार्यक्रमले हुँदैन । महिलामा यसको प्रभाव बढी हुन्छ, र महिलामा योसँग जुध्ने ज्ञान र सीप पनि बढी हुने हुनाले सशक्तिकरणको पाटो पनि छ ।

### पासाङ डोल्मा शेर्पा, जलवायुविद

विश्वमा ६.२% आदिवासीले जैविक विविधताको संरक्षण र जलवायु परिवर्तन विरूद्धको उत्थानशीलतामा ८०% योगदान दिइरहेका छन् । जलवायु परिवर्तनसँग जुध्न विज्ञानले नपुग्ने रहेछ, आदिवासी समुदायको ज्ञान, सीप, शैली, सँस्कृती र रीतिरिवाज पनि आवश्यक रहेछ भनेर अन्तरसरकारी प्यानल (आईपीसीसी)मा आदिवासी समुदाय सम्बन्धी एउटा मञ्च राखिएको छ । यो क्षेत्रीय, राष्ट्रिय र स्थानीय तहमा लागु हुने क्रममा छ । तर नीतिहरू केन्द्रमा बन्छन् जसमा आदिवासी महिलाको सहभागिता कम छ । नेपालले राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा हिमालका मुद्दा उठाएपनि आदिवासी महिलाका मुद्दा

उठाउँदैन । नेपालले बनाएका अनुकूलन नीतिहरू प्राथमिक नभइ दोस्रो तहको ज्ञानमा आधारित छन्, तिनीहरूमा आधारित कार्यक्रम कामचलाउ हुन्छन् भन्ने डर छ । हिमाल पर्यटन, जीविकोपार्जन मात्रै होइन सौन्दर्यसँग पनि जोडिएको छ, र यसलाई हाम्रा सन्ततीले पनि देख्न पाउनुपर्छ । यसका लागि युवाको भूमिका महत्वपुर्ण छ ।

### लाक्पा फुटी शेर्पा, नेपाल हिमाल एकेडेमीकी अध्यक्ष

तराईमा वर्षको चार बाली हुन्छ, हिमालमा जम्मा एक बाली हुन्छ । जलवायु परिवर्तनका कारण त्यो पनि कम भइरहेकोले हिमाली महिलालाई बाँच्न गाह्रो छ । बिहान सबभन्दा चाँडै उठ्ने पनि, राती सबभन्दा ढिलो सुत्ने महिला हुन्छन् । ग्रामीण क्षेत्रमा ८०% काम महिलाले गर्छन्, तर उच्च तहमा पुरूष बढी छन् । जलवायु परिवर्तन सम्बन्धी तालिम र अभिमुखीकरण केन्द्रका पाँचतारे होटलमा हुन्छन्, पीडितका लागि कम हुन्छन् । महिलाले यस्ता तालिम पाए उनीहरूले जलवायु परिवर्तनसँग जुध्न अझ धेरै भूमिका खेल्न सक्थे ।


### बिन्दु मिश्र, सहसचिव, वन तथा वातावरण मन्त्रालय

जलवायु परिवर्तनको पहिचान र यसलाई सम्बोधन गर्ने कार्यक्रमको मूल्यांकन र विश्लेषण महिलाको ज्ञान र सीपमा आधारित हुनुपर्छ । महिलाको सहयोगमा अनुकूलनका ठाउँ-विशेष तरिकाको पहिचान गर्नुपर्छ । जलवायु परिवर्तनमा नेपालको योगदान कम भए पनि कार्बन उत्सर्जन त हामी गर्छौं, यो हामीले अझ कम गर्नुपर्छ । जलवायु परिवर्तनसँग जुध्नलाई आदिवासी समुदायको र विज्ञानको मिश्रित ज्ञान चाहिन्छ । नेपालले यस्ता ज्ञान संकलन गरेर, डाटाबेस बनाएर, र तथ्यांक आदानप्रदान गरेर आफुजस्तै देशहरूसँग सहकार्य गरिरहेको छ । नेपालले लैंगिकताको कार्ययोजना बनाएको छ जुन पारित हुने क्रममा छ ।

## सल्लाह र सुझाव

- जलवायु परिवर्तन सम्बन्धी सचेतनाका लागि विज्ञानमा आधारित प्रमाणको प्रयोग गर्नुपर्छ । यसको आर्थिक प्रभाव बताउन सकियो भने नीति निर्माताको ध्यानाकृष्ट हुन्छ । यसलाई समाजसँग जोड्नु आवश्यक छ ।
- व्यक्तिगत बानी सुधार्नुपर्छ । शाकाहारी खानाले मांसाहारी भोजनभन्दा कम कार्बन उत्सर्जन हुन्छ । घर तताउने प्रविधि कम प्रयोग गर्ने, आवश्यकता अनुसार मात्र ईन्धन र उर्जाको प्रयोग गर्ने, यातायातमा खनीज ईन्धनको प्रयोग कम गर्ने, हवाई उडान कम गर्ने, सौर्य र वायु उर्जाको प्रयोग गर्ने, प्लाष्टिक निषेध गर्ने र वृक्षरोपण गर्ने गर्न सकिन्छ ।
- सरकारले कप र युएनएफसीसी जस्ता मञ्चमा महिलालाई जाने अवसर दिनु पर्छ ।
- युवाहरूले यो विषयलाई जाँच पास गर्ने रूपमा होइन आन्तरिकीकरण गर्ने हिसाबले पढेर परिवर्तनको संवाहक हुनुपर्छ ।

https://bit.ly/3oQom1y



## श्रृंखला ६ः कप २६ का लागि नेपालको तयारी

कार्यक्रमको यो श्रृंखला सन् २०२१ नोभेम्बरमा भएको जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन कपको २६औँ संस्करणमा भाग लिनका लागि नेपालले गरेको तयारीमा केन्द्रित थियो । विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा ०.०२७% मात्र नेपालको योगदान छ । तर नेपाल जलवायु परिवर्तनको जोखिममा रहेका मुलुकमध्ये चौथो स्थानमा छ । नेपालले कप २६ मा यी मुद्दा उठाउने र संयुक्त राष्ट्रसंघको वातावरण सम्बन्धी निकाय युएनएफसीसीको कोष र नीति नेपालका लागि सुनिश्चित गर्ने लक्ष्य लिएको थियो ।

### राधा वाग्ले, सहसचिव, वन तथा वातावरण मन्त्रालय

विश्वको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित गर्नमा नेपाल प्रतिबद्ध छ । विकसित मुलुकहरूले कार्बन उत्सर्जन कम गर्ने प्रतिबद्धता जनाउनु पर्छ । नेपाल जस्ता अल्पविकसित मुलुकले अनुकूलनमा ध्यान दिने हो । जलवायु परिवर्तनले हुने बाढी, पहिरो, खडेरी, रोग, लगायतका समस्याले नेपालका महिला, आदिवासी, जनजाती पीडित भएको मुद्दा हामी कपमा उठाउनेछौँ । क्षति कम गर्ने उपाय, क्षतिपुर्ती, र अनुकूलन र न्यूनीकरण योजनामा वित्त सुनिश्चितता खोज्छौँ । अनुकूलनमा हामीले गरेका राम्रा प्रयास उजागर गर्नेछौँ । हामीले १० वटा विषयगत समूह बनाएर तयारी गरिरहेका छौँ । यी समूह समावेशी छन्, र समावेशी कोणबाट नेपालको राष्ट्रिय योगदान सम्बन्धी दस्तावेज विश्वमै नमुना मानिएको छ । तर समस्या कार्यान्वयनमा छ ।

### बिन्दु भण्डारी, युवा जलवायु अभियानकर्ता

बेलायतमा सरकार मात्रै होइन, विश्वविद्यालय, व्यापार जस्ता गैर सरकारी निकायले पनि जलवायु परिवर्तन नीति बनाएर यो क्षेत्रमा अग्रसरता देखाएका छन् । शैक्षिक क्षेत्रमा जलवायु परिवर्तनबारे अनुसन्धान र चासो धेरै छ । बेलायतले राजनीति र कुटनीतिमा पनि जलवायु परिवर्तनलाई मुख्य मुद्दा बनाएको छ, जुन कुराहरू नेपालले सिक्नुपर्छ । सँगसँगै नेपालको कम कार्बन उत्सर्जन गर्ने जीवनशैली अरू देशले सिक्नुपर्ने कुरा हो । यो क्षेत्रमा युवाको भूमिका धेरै छ, किनकी भविष्यमा हुने जलवायु परिवर्तनको असर युवालाई पर्छ । भोलीको बाटो तय गर्नु युवाको अधिकार हो । युवाहरूले आफ्नो

जोश, जाँगर र प्रविधिको पहुँच प्रयोग गरेर सचेतना, उद्यम र विज्ञानका क्षेत्रबाट कम कार्बन उत्सर्जन गर्ने तरीका पहिल्याउनु पर्छ ।

### युगान मानन्धर, जलवायुविद

विकसित मुलुकले खनिज ईन्धनको बढी प्रयोग गरेर जलवायु परिवर्तन बढ्यो, हामीले त्यही गर्नु हुँदैन। एक्लैले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सकिन्न, तर समूहमा सम्भव छ । जलवायु परिवर्तनमा लैंगिक उत्तरदायी नीतिको कुरा सन् २०१५ को पेरिस सम्मेलनपछि मात्र उठेको हो । त्यसपछि लैंगिकता कार्य योजना बनेको छ । त्यसको कार्यान्वयन राष्ट्रिय तहमा गर्नुपर्ने हुन्छ, जसमा चुनौती देखिन्छ । कृषि, वन, जैविक विविधता, उर्जा, स्वास्थ्य, पर्यटन, सँस्कृति, सम्पदा जस्ता क्षेत्रमा सरकारले समावेशीताको नीति बनाए पनि महिलाको सहभागीता ३३% पनि गराउन सकेको छैन, ५०% टाढाको कुरा हो । जलवायु परिवर्तन विषयमा राधा वाग्लेले नेतृत्व लिइरहनुभएको छ, तर वहाँलाई सरकारले सरूवा गराइदेला भन्ने डर छ । महिला नेतृत्वलाई अवसर नदिने परीपाटी देखिन्छ ।

### आयुषा श्रेष्ठ, सहसंस्थापक तथा डिजाइनर, थुम लाम

हामीले उपल्लो मुस्ताङका घुमन्ते पशुपालकहरूको परम्परागत सीप सिकेर त्यसलाई आजको जीवनमा ढाल्छौँ । उनीहरू आफुले प्रयोग गर्नका लागि याकको रौँबाट लुगा, ओढ्ने, आदि बनाउँछन् । तर आज चीनबाट आउने आधुनिक सामग्रीले यिनीहरूलाई विस्थापित गर्दै छ । ती सामग्री त्यही समुदायमा पुनर्स्थापित गर्न हामी खोजिरहेका छौँ । युवालाई यो सीप सिक्न गाह्रो छ, किनकी यसमा आयआर्जन हुँदैन । तर उद्यमीहरूले परम्परागत सीपमा अनुसन्धान गर्नैपर्छ । व्यवसायहरूले आफु कसरी अगाडि बढ्ने भन्ने मात्र होइन, कसरी पृथ्वीलाई हानी नगरी अगाडि बढ्ने भनेर सोच्नै पर्ने हुन्छ । उपभोक्ता पनि चेतनशील भएर त्यस्ता सामग्रीको प्रयोग बढी गर्नुपर्ने हुन्छ ।

## सल्लाह र सुझाव

- जलवायु परिवर्तन न्यूनीकरण गर्नका लागि हामीले रूख कम काट्ने, खनिज ईन्धनको सट्टा सौर्य र वायु उर्जा प्रयोग गर्ने, सामानहरूको नवीकरण र पुनर्प्रयोग गर्ने, मासु कम खाने, कम मिथेन उत्सर्जन हुने हरित कृषि पद्धती प्रयोग गर्ने, भवनमा प्राकृतिक तापमान व्यवस्थापन गरेर एसीको प्रयोग कम गर्ने, र लुगाहरू कम बदल्ने गर्न सक्छौँ ।
- नेपाल विद्युतमा आत्मनिर्भर बन्नु पर्छ ।
- सबै क्षेत्रले मूलधारमा जलवायु परिवर्तनका मुद्दा ल्याउँदै महिलालाई निर्णायक तहमा राख्नुपर्छ ।
- परम्परागत अभ्यासमा मानिसहरूले कसरी प्राकृतिक कच्चा पदार्थ प्रयोग गरेर वातावरणलाई कम हानी गर्थे भन्ने सिकेर त्यसलाई अपनाउनुपर्छ ।

https://bit.ly/3r9FUWG

# आभार


यस कार्यक्रम र प्रकाशनलाई सहयोग गर्ने सबै विज्ञलाई ब्रिटिश काउन्सिल धन्यवाद ज्ञापन गर्दछ ।

पाठ्यक्रम निर्माण गरेकोमा र पत्रकारहरूलाई प्रशिक्षण र सल्लाह दिएकोमा हामी युकेकी जलवायु तथा विज्ञान पत्रकार जोसलिन टिम्पर्लेप्रति आभारी छौँ । कार्याशालामा अतिथि वक्ताका रूपमा संलग्न हुनुभएका वातावरण पत्रकार एमा हावर्ड (अनअर्थ्ड), वातावरण पत्रकार म्याडेलिन कफ (द आई पेपर), जलवायु सम्बन्धी स्वतन्त्र वक्ता तथा पडकास्टर एडम लेभी (क्लाइमेट एडम), वातावरण पत्रकार दिएगो आर्गेदास ओर्तिज (ओओ अल क्लिमा, कोष्टा रिका), विशेष परियोजना सम्पादक लु डेल बेलो (द थर्ड पोल), सुबिना श्रेष्ठ (अल जजीरा), दीपक आचार्य (अकोराब) र कसमस विश्वकर्मा (नेपाल वातावरण पत्रकार समूह) लाई हामी धन्यवाद दिन्छौँ ।

इसिमोडको टोलीको सहयोगका लागि हामी आभारी छौँ । इसिमोडका उदयन मिश्र, म्याक्सिम श्रेष्ठ र जलवायु वैज्ञानिकहरु डा. अरूण भक्त श्रेष्ठ, डा. सुनीता चौधरी, डा. मन्दिरा सिंह श्रेष्ठ र डा. अबिद हुसैनको समयको लागि र उहाँहरूले पत्रकारहरूलाई दिनुभएको अमूल्य सल्लाह र सुझावका लागि हामी कृतज्ञ छौँ ।

काठमाण्डुस्थित ब्रिटिश राजदुतावासका शाखा प्रमुख नाथानिएल बेभान हाम्रो कार्यशालामा सहभागी हुनुभएकोमा हामी आभारी छौँ ।

हाम्रा अनुवादक अनिश सुबेदी, एरिका अधिकारी, अनिम दाहाल र ठाकुर अम्गाइँले कार्यक्रमको अवधीभरी अनुवाद गरिदिनुभएकोमा, मनोज बरालले अनुदानका दस्तावेजहरू अनुवाद गरिदिनुभएकोमा, र सेवा भट्टराईले सबै उत्पादनका सारांश तयार गरिदिनुभएकोमा हामी धन्यवाद दिन्छौँ ।

विभिन्न क्षेत्रमा जलवायु परिवर्तनको विषयमा काम गर्ने महिला नेतृ सम्मिलित टेलिभिजन/रेडियो श्रृंखलामा हामी सबै सहभागीलाई उहाँहरूको योगदान, अन्तर्दृष्टि र सुझावका लागि, प्रकृती भट्टराईलाई सत्रहरु सहजीकरणका लागि, र वाटर कम्युनिकेशनलाई भिडियो निर्माणका लागि धन्यवाद दिन्छौँ ।



सल्लाह तथा सुझावको लागि,
arts@britishcouncil.org.np मा ईमेल गर्नुहोला ।

# Cover Photo Credit



सोनाम चोयकी लामा
२०२१



विद्या राई
२०२१




मरिसा लीना टेलर
२०२१



कृष्णमाया उपाध्याय
२०२१



सोनाम लामा
२०२१


$CO_2$

© British Council 2022

The British Council is the UK's international organisation for cultural relations and educational opportunities.